# भूअखण्डता र स्वाधीनताको निम्ति जनता लडिरहने

सरकारको नेतृत्व जुनसुकै दलले गरे पनि देशको अखण्डता, स्वाधीनता र सार्वभौमसत्ता रक्षाको निम्ति नेपाली जनता पछि पर्ने छैनन् । सरकारले देशविरोधी र जनविरोधी निर्णय गर्छ भने जनता चुप लागेर बस्ने छैनन् । संसद्मा दलको प्रतिनिधित्व भए पनि नभए पनि देश र जनताको सेवा गर्ने काम कम्युनिस्ट पार्टीले छोड्नु हुँदैन; नेमकिपाले छोड्दैन । पुँजीवादी व्यवस्थाको विरोधमा नेमकिपाका नेता तथा कार्यकर्ताहरू जनतामाझ पुगिरहेका हुन्छन्, जनताको दुःख सुख बुझिरहेका हुन्छन्; देश र जनताको सेवामा लागिरहेका हुन्छन् । सरकारले गरेका गलत काम र निर्णयको विरोध गरी जनताको पक्षमा काम गर्न नेमकिपा सरकारको ध्यानाकर्षण गर्न पछि पर्ने छैन । कुनै पनि देशभक्त जनता पछि पर्ने छैनन् ।

नयाँ बन्ने सरकारले कुन वर्गका जनताको सेवा गर्छ ? विदेशी शक्ति राष्ट्रको उठबसमा देश सञ्चालन गर्छ कि गर्दैन र एसपीपी पास गरेर देशमा अमेरिकी सेनालाई खेलाउने हो कि होइन ? त्यो समयले बताउनेछ । विदेशी शक्ति राष्ट्रको उठबसमा बन्ने सरकार चल्छ कि चल्दैन भन्ने कुरा व्यवहारले देखाउनेछ । रास्वपा देशभक्त दल हो भने विदेशी हस्तक्षेप स्वीकार्दैन बरु विरोध गर्छ । विदेशको भरमा बस्ने, विदेशी हस्तक्षेप स्वीकार्ने कुनै पनि दलको सरकारले देश बनाउँदैन, देश बन्दैन । हिजो शासक दललाई थर्काउने दल आफै शासक दल बन्दै छ । विगतको संसद्मा उठाएका सवाल र सन्दर्भहरू के रास्वपाले एक एक पूरा गर्ला ?

अमेरिकी राष्ट्रपति ट्रम्पले रास्वपाले बहुमत प्राप्त गरेपछि नेपाली सेनासँग सहकार्य गर्ने उद्घोषण गर्नु र त्यो स्वर सेलाउन नपाउँदै अमेरिकी सेनाका कमान्डर नेपालमा आएर नेपाली सेना प्रमुखसँग भेट्नु पक्कै पनि संयोग नहोला । यसअघि नेपाली सेना दिवसको नाउँमा सैनिक खुला मञ्चमा उफ्रीउफ्री परेड खेलेर अमेरिकी सेना प्रवेश भइरहेको दृश्यलाई नानाथरीको कल्की लगाएर ढाकछोप गर्ने प्रयास के गल्तीमाथि गल्ती गर्नु होइन ? जेन-जी आन्दोलनमा विदेशी घुसपैठ नभएको भए के सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन जल्थे ? विदेशी शक्ति या तत्त्वले नेपालमा कस्ता युवा विद्यार्थीलाई प्रयोग गरिरहेको छ र त्यसमा फस्ने नेपालीको को को हुन् ? देशभक्त जनताले चिन्नुपर्ने बेला आएको छ । उपद्रव गर्ने व्यक्तिहरूलाई देश कतातिर मोडिन्छ, देशको स्थिति के होला ?

*बाँकी पृष्ठ १२ मा*

साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ९ ✪ १० चैत २०८२, मङ्गलबार ✪ 24 March 2026, Tuesday ✪ मूल्य रू. १०|-

# शासक दलहरूको कारण देश सङ्कटमा पर्‍यो




भक्तपुर । प्रभात सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको ४४ औँ स्थापना दिवसको अवसरमा चैत ७ गते ब्यासीमा ज्येष्ठ नागरिक सम्मान, दीर्घ सेवा गरेका शिक्षक, कर्मचारीलाई प्रशंसापत्र वितरण तथा सांस्कृतिक कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले एक समारोहबिच उद्घाटन गर्नुभयो ।

उहाँले भन्नुभयो, "चुनाव नतिजाबारे हाम्रा साथीहरूलाई चित्त दुखेको छ । केहीले हाम्रा संस्था र त्यसका कर्मचारी एवम् जनप्रतिनिधिहरूको व्यवहार शिष्ट नभएको बताए । हाम्रा साथी र कर्मचारीहरूले जनताको सेवक बनेर सबैलाई आदर र सम्मानपूर्ण व्यवहार गर्नु आवश्यक छ ।"

उहाँले चुनावमा जस्तोसुकै परिणाम आए पनि देश, जनता र न्यायको निम्ति नेमकिपा लडिरहने बताउनुभयो ।

सरकारले विदेश पठाएका नेपालीहरूले आमाबुबालाई रोएर फोन गरी हाम्रो पार्टीको विपक्षमा मत हाल्न लगाएको उल्लेख गर्दै उहाँले चुनावको नतिजा मुख्य होइन देश र जनताको हितमा सङ्घर्ष नै मुख्य हुने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "भीमसेन थापाले बेलायती साम्राज्यवादसँग लड्न फ्रान्सको सहयोगमा नेपाली सेनालाई तालिम दिएपछि बेलायती सरकारले नेपालका दरबारका ठुला पदाधिकारीलाई घुस खुवाएर भीमसेन थापाको हत्या गराएको थियो । भीमसेन थापाले आत्महत्या गरेका होइनन् ।"

अमेरिका र भारत नमिलीकन सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनजस्ता ठुलठुला सम्पदाहरूमा एकैदिन एकै समयमा एकै पटक आगजनी हुन नसक्ने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले देशका नदी नालाहरू विदेशीको हातमा दिएर सरकारले देशघाती काम गरेको बताउनुभयो ।

अङ्ग्रेजले तिब्बत आक्रमण गर्न नेपालीलाई नै जासुस बनाएको उल्लेख गर्दै उहाँले अहिले पनि चीनमा हमला गर्न नेपालमा अमेरिकी सेना आउने र नेपाली सेनालाई चीनविरुद्ध लड्न पठाउनेतर्फ नेपाली जनता सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।


अमेरिका र भारत मिलेर बनाइने अबको सरकार देश र जनताको हितमा नहुने उल्लेख गर्दै उहाँले गर्मीसँगै लामखुट्टेबाट बच्न झुल राखेजस्तै देश र जनताको हितमा सङ्घर्ष गर्न तयार रहनुपर्ने बताउनुभयो ।

नेका, एमाले, माओवादीका एकतिहाइभन्दा बढी नेताहरू देशघाती भएकोले पनि देश ध्वस्त भएको उल्लेख गर्दै उहाँले आगामी दिनमा नेपालीलाई थप अप्ठेरो आउने र सङ्घर्ष गर्नुपर्ने उल्लेख गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति प्रेम सुवालले विद्यालय तहको शिक्षा राम्रो भए विश्वविद्यालयको शिक्षा पनि राम्रो हुने उल्लेख गर्दै भक्तपुरलाई स्वच्छ, सांस्कृतिक नगरसँगै पर्यटकीय गन्तव्यस्थल बनाउन नयाँ पुस्तालाई राम्रो शिक्षा दिनु अपरिहार्य भएको बताउनुभयो ।

*बाँकी पृष्ठ १२ मा*

# लाओसको राष्ट्रपतिमा पुनः निर्वाचित भएकोमा सी चिनफिङद्वारा थोंगलुन सिसोलिथलाई बधाई सन्देश



पेइचिङ, ९ चैत (सीआरआई) । मार्च २३ तारिख चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव एवम् चीनका राष्ट्राध्यक्ष सी चिनफिङले लाओसको राष्ट्रपतिमा पुनः निर्वाचित भएकोमा थोंगलुन सिसौलिथलाई बधाई सन्देश पठाउनुभयो ।

सी चिनफिङले चीन र लाओस साझा भविष्य भएका समाजवादी मैत्रीपूर्ण छिमेकी हुन् र आफ्नो मुख्य हित र प्रमुख चासोसँग सम्बन्धित मुद्दाहरूमा एकअर्कालाई दृढतापूर्वक समर्थन गर्छन् भन्ने कुरा औँल्याउनुभयो । उहाँले भन्नुभयो,"सन् २०२६ चीन र लाओसबिच दौत्य सम्बन्ध स्थापनाको ६५ औँ वार्षिकोत्सव हो र यसलाई "चीन-लाओस मैत्री वर्ष" को रूपमा तोकिएको छ, जसको अवधिमा दुवै पक्षले उत्सव गतिविधिहरूको श्रृङ्खला आयोजना गर्नेछन् ।

सी चिनफिङले जोड दिनुभए अनुसार यो वर्ष चीनको १५ औँ पञ्चवर्षीय योजना र लाओसको १५ औँ पञ्चवर्षीय योजना दुवैको सुरुवात हो, दुवै देशहरू विकास र पुनरुत्थानको महत्त्वपूर्ण चरणमा छन्, र दुई पक्षहरू बिचको पारस्परिक रूपमा लाभदायक सहयोगले अझ व्यापक सम्भावनाहरू ल्याउँदै छ ।

राष्ट्राध्यक्ष सीले जोड दिनुभयो, "उहाँ सिसौलिथ दुई देशका पार्टीहरू, चीन र लाओसबिचको सम्बन्धको विकासलाई ठूलो महत्त्व दिनुहुन्छ । साझा भविष्य भएको चीन-लाओस समुदायको निर्माणलाई उच्च स्तरमा प्रवर्द्धन गर्न, दुवै देशका जनतालाई राम्रो फाइदा पुऱ्याउन र क्षेत्रीय शान्ति र विकासमा थप योगदान पुऱ्याउन उहाँ इच्छुक हुनुहुन्छ ।"

सोही दिन चीनका प्रधानमन्त्री ली छ्याङले लाओसका प्रधानमन्त्री पदमा पुनः निर्वाचित भएकोमा सोमसेलाई बधाई सन्देश पठाउनुभयो, जसमा आदानप्रदान र सहयोगलाई सुदृढ पार्न र थप फलदायी परिणामहरू प्राप्त गर्न साझा भविष्य भएको चीन-लाओस समुदायको निर्माणलाई प्रवर्द्धन गर्न दुवै पक्षका विभिन्न विभाग र क्षेत्रहरूलाई संयुक्त रूपमा मार्गदर्शन गर्ने इच्छा व्यक्त गरिएको छ ।

# शिक्षा, स्वास्थ्य र रोजगारी सरकारको मात्र भर पर्न नहुने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा सेराफ वर्ल्ड प्रि-स्कूलको चौधौँ साधारणसभा र बाह्रौँ ग्राजुएसन कार्यक्रम विद्यालय प्राङ्गण दूधपाटीमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि सचिव सुवालले अहिलेको स्थितिमा सरकारको भरमात्र परेर नहुने हुँदा समाजको अगुवाइमा शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्र अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले देश र जनताको निःस्वार्थ सेवा गर्ने पथमा नयाँ पुस्ता तयार गर्न सेराफ वर्ल्ड प्रि-स्कूलको पनि योगदान महत्त्वपूर्ण हुने चर्चा गर्दै बालबालिकालाई खेलाउँदै पढाउने व्यवस्था गर्नु जरुरी भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "मित्र देश चीनको सरकारले नयाँ पुस्तालाई डलरको लोभमा विदेशी सुन्दर र सुन्दरीको जालमा नफस्न सचेत गराउँदै आएको छ । नेपालमा पनि कतिपय मानिसहरू विदेशी डलरबाट सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको चङ्गुलमा परेका छन् ।"

"अमेरिकी र इजरायली सरकारले इरानमा आक्रमण गरेपछि नेपालमा पनि तेल, ग्यास र खाद्यान्नको मूल्य र अभाव बढ्यो । यसकारण, हामीले युद्धको विरोध गर्नु आवश्यक छ, सचिव सुवालले जोड दिनुभयो ।

नेपालको भारतसँग खुला सिमानामा मेचीदेखि महाकालीसम्म भारतले नेपाली भूमि अतिक्रमण गरेको

*बाँकी पृष्ठ १२ मा*

# नेमकिपा बाँकेद्वारा निर्वाचन समीक्षा

बाँके । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ बारे शनिबार कोहलपुरमा नेपाल मजदुर किसान पार्टी बाँके जिल्ला समितिको समीक्षा बैठक चैत ९ गते सम्पन्न भयो ।

बैठकमा नेमकिपा लुम्बिनी प्रदेश समितिका संयोजक हरिसुन्दर बासीले संसारका न्यायप्रेमी जनतालाई आतङ्कित पार्ने संरा अमेरिकी साम्राज्यवाद निभ्न लागेको बत्तीजस्तै चम्केको बताउनुभयो ।

सार्वभौम देश इरानमाथि अन्तर्राष्ट्रिय कानुनविपरीत आक्रमण गरिरहेको संरा अमेरिकी साम्राज्यवादले क्युवामा पनि चरम इन्धन अभाव गराएर धम्की दिइरहेको उल्लेख गर्दै उहाँले संरा अमेरिका आर्थिक रूपमा पतन भइसकेको र उसको जङ्गलीराज धेरै दिन टिक्दैन भन्नुभयो ।

उहाँले संरा अमेरिकी सैनिक



बेसक्याम्पका कारण मध्यपूर्वका जनता असुरक्षित भएको घटनाबाट नेपाली जनता सतर्क बनेको उल्लेख गर्दै संरा अमेरिकासँग एसपीपी सम्झौता गरेर शासकहरूले नेपाललाई युद्धको भुमरीमा जाक्ने हो कि भन्नेमा नेपाली जनता त्रसित छन् भन्नुभयो ।


निर्वाचनको परिणामले नेपाली कामदार जनता र राष्ट्रिय पुँजीपतिवर्ग वर्गीय रूपमा सचेत भइनसकेको देखाएको उल्लेख गर्दै उहाँले वर्गीय चेतनाबाट सुशिक्षित कामदार जनताले जनताको प्रजातन्त्र स्थापना गर्नेछ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समिति सदस्य नवीनकुमार शाहीले निर्वाचन पनि एक वर्गसङ्घर्ष भएको चर्चा गर्दै निर्वाचनलाई राजनीतिक कक्षाको रूपमा सञ्चालन गर्न शासक दलहरू चुकेको बताउनुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समिति सदस्य नारायणी चौधरीले राजनीतिक रूपमा सचेत नभएका जनता लहैलहैमा लाग्ने गरेको बताउनुभयो ।

नेमकिपा बाँकेका अध्यक्ष शेरबहादुर बिकले मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्दै निर्वाचनबाट कार्यकर्ताहरूले सिक्न अवसर पाउने र कार्यकर्ताहरूको पनि पहिचान हुने बताउनुभयो ।

*बाँकी पृष्ठ १२ मा*



म्याक्सिम गोर्की

झूटहरू दासहरू र मालिकहरूका निम्ति धर्मसरह हुन्छन् । सत्य स्वतन्त्र मानिसको निम्ति ईश्वरसरह हुन्छ ।

## सम्पादकीय

# बन्दै गरेको नयाँ सरकारबारे हेर्न बाँकी छ

जुनसुकै शक्ति राष्ट्रहरूको सहयोग वा सैनिक विद्रोहबाट आएको भए पनि देशमा नयाँ सरकार आउने भएको छ । निर्वाचनको बेला निर्वाचन आयोगका दर्जनौँ कमी-कमजोरी भए पनि निर्वाचन सम्पन्न भएको छ । पुराना शासक दलहरूका नेताहरूले कैयौँ भ्रष्टाचार गरेका भए पनि वा कानुन मिच्ने वा संविधान र ऐन कानुनलाई छलछाम र छिद्रछिद्रहरूलाई प्रयोग गरेका भए पनि निर्वाचनको परिणामलाई सबैले लाचारीबस मानेकै छन् ।

अब नयाँ सरकारले पहिलेका सरकारहरूले गरेका अपराधहरूलाई विस्थापित गरेर राज्यको बिग्रेको गाडीलाई मर्मत सम्हार गरेर ठीक बाटोमा लैजाने हो वा त्योभन्दा गाडीलाई बिगार्दै भिरबाटै खसाल्ने हो हेर्न बाँकी नै छ ।

कसैले भन्लान् - 'नयाँ सरकारलाई संयुक्त राज्य अमेरिका र भारतजस्तो शक्तिशाली मित्र राष्ट्रहरूले सहयोग गरेपछि के हुन सक्दैन ?' यही विश्वासलाई अन्धविश्वास नभन्ने हो भने यो जस्तो चमत्कार वा आश्चर्य अरू केही हुने छैन, वर्तमान अन्तर्राष्ट्रिय राजनीतिक दबुलीमा !

किन ? यस्तो अविश्वासमा अपसकुन ? यसको उत्तर हो - इतिहास र राज्य सत्ताको वर्गचरित्र !

दोस्रो विश्वयुद्धपछि एसिया, अफ्रिका र दक्षिण अमेरिका तथा अन्य धेरै टापुका देशहरूमा नयाँ सरकारहरू बने । पुराना सामन्ती राज्य यन्त्रहरू र विदेशी उपनिवेशहरूबाट स्वतन्त्र भएका तरुणहरू देशहरूको शासनमा पुगे । एकभन्दा अर्को जाज्वल्यमान देशभक्त दलका नेताहरू सरकारमा पुगे । नेहरू, सुकार्नो, प्याट्रेस लुमुम्बा (कङ्गो), घानाका क्वामे एनक्रुमा, गिनीका रेकुतुरे, चिलीका साल्भादोर एलेन्डे आदि एकएक सैनिक विद्रोह र हत्या हिंसाबाट ती देश पुनः साम्राज्यवादी र उपनिवेशवादीहरूकै पोल्टामा परे ।

संयुक्त राज्य अमेरिका आफैंले बनाएका दक्षिण कोरियाका सिंगमन-री र दक्षिण भियतनामको राष्ट्रपति थुकीलाई अमेरिकी सेनाले नै हत्या गऱ्यो १९६० कै दशकमा ! त्यही दशकमा प्रजातान्त्रिक रूपले बनेको इन्डोनेसियाको सुकार्नोको सरकारलाई अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) कै सैन्य षड्यन्त्रबाट अपदस्थ गरी एक सैनिक तानाशाहलाई सत्तामा ल्यायो दुई दशकसम्म !

सीआईएकै तजबिजमा भारत-चीन सीमा विवादलाई भारतीय सुरक्षा प्रमुखमार्फत नेहरूजस्ता तटस्थ र असंलग्न परराष्ट्र नीतिका पक्षपातीलाई भारत र चीन सीमा विवादलाई सीमा-सङ्घर्षमा पुऱ्याएर भारतलाई आफ्नो प्रभावमा पारी असंलग्न राष्ट्रहरूको शक्तिलाई कमजोर बनाइयो । एसिया, अफ्रिका र दक्षिण अमेरिकी राष्ट्रहरूका टपिटपाउ नेताहरूको हुर्मत लुट्यो भने भर्खरै अस्पस्ट राजनीतिक सिद्धान्तबाट आएका हाम्रो देशका युवाहरूलाई कता पुऱ्याउने हुन् शक्तिराष्ट्रहरूले ? परिणाम हेर्न बाँकी नै छ । नेपाली जनताले पनि पाठ सिक्नेछन् - 'प्यास लाग्यो भनी विष खानुहुन्न ।' तर, अब हामीले धेरै समय 'हेर र पर्ख' भन्न नपाउँदै नेपालरूपी गाडी नै बाँकी नरहने हो कि भन्ने सर्वत्र चिन्ता छाएको छ किनभने हामी नेपालीहरूसँग यस्ता पनि युवा छन्- जो हिजोसम्म एउटा दलको प्रवक्ता भइटोपल्छन् र पार्टीले उम्मेदवार नबनाउनासाथ अर्को दलमा प्रवेश गरी उम्मेदवार बनिहाल्छन्; सिद्धान्तको कुनै मतलब राख्दैनन् । नेपालको राजनीतिक दबुलीमा यस्ता नयाँ जात्राहरू धेरै देखिए । यस्तै विश्वासघात एउटा दलले त भोग्यो । त्यस्तै विश्वासघात अब देशले भोग्न नपरोस् भन्ने कामना नेपाली बुद्धिजीवी समुदाय र राजनीतिक दलहरूले सिक्नैपर्छ ।

नेपाली जनताले अरूको इतिहासबाट मात्र सिक्ने होइन, आफ्नै देशको इतिहासबाट सिक्नुपर्ने अवस्था आजको हो । भीमसेन थापा आफ्नै शासकहरूको षड्यन्त्रको शिकार हुनुपऱ्यो, जसले बेलायती उपनिवेशवादीहरूलाई एसियाबाट धपाउने योजना बनाएका थिए । हाम्रै नेपाली बुद्धिजीवी र शासनले विश्वास गरेका व्यक्तिहरूले सुगौली सन्धिमा हस्ताक्षर गरेर देशलाई भड्खालोमा पुऱ्याए ।

आजको हाम्रै देशले विश्वास गरेका माथिल्ला संस्थाका टाउकेहरूले ठुलठुला रकमको अपचलन नातागोताकै कारण गर्दै छन् । समाचार पत्रहरूमा छ्यापछ्यापती छापिएका छन् । अब नयाँ सरकार के यस्ता जातजाति, भाषाभाषी तथा नातागोताबाट प्रेरित नभई कुनै शक्ति राष्ट्रको नकारात्मक सल्लाहमा नलागी एक देशभक्तको छवि देखाउन सफल होला ? हेर्न बाँकी छ ।

# विदेशी दलाल सरकारविरुद्ध नेपाली जनता लड्नुको विकल्प छैन

● प्रज्ज्वल

संयुक्त राष्ट्र सङ्घको स्थापना यता यो संस्थामा १९३ देश सदस्य छन् । सवै देशको समान हैसियतको लागि यो संस्था स्थापना गरिएको हो । तर, यो संस्थाको घोषणापत्र पृष्ठमा मात्र सीमित छ, व्यवहारमा देखिएन । अमेरिकी साम्राज्यवादले यो संस्थाको घोषणापत्रविपरीत संसारका ९०२ स्थानमा सेना र हतियार तैनाथ गर्दै छ । यतिखेर सेना र हतियार कमजोर भएका देशमाथि संरा अमेरिकी साम्राज्यवादको आक्रमण बढ्दो छ । दोस्रो विश्वयुद्धयता संसारमा अफगानिस्तान, इराक, लिविया, सिरिया, प्यालेस्टिन, युक्रेन, भेनेजुयला, इरान, प्रजग कोरिया, क्युवामा अशान्तिको कारण संरा अमेरिकी साम्राज्यवाद नै भएको पुष्टि भइरहेको छ ।

संरा अमेरिकाको ट्रम्प प्रशासनले भेनेजुयला र इरानमा आक्रमण गरेपछि विश्वमा इन्धन र खाद्यान्नको अभाव भयो र मूल्य बढ्यो । ट्रम्प प्रशासनले समाजवादी देश क्युवाविरुद्ध नाकाबन्दी कडा पार्दै छ । एकातिर ट्रम्प प्रशासनको यो आक्रमण एप्स्टिन फाइलमा ट्रम्पको अपराध सार्वजनिक भएकोलाई ढाकछोप गर्न भएको सार्वजनिक भइरहेको छ । अर्कोतिर संरा अमेरिकी जनताले यो आक्रमणको कारणले मात्र

नेपालमा पनि गएको चुनावमा युवा-विद्यार्थी, विदेशमा रोजगारी र पढ्न गएकाहरू र नेपाल सरकारका अधिकारीहरूको दिमागलाई अलमल पारेर रास्वपाको पक्षमा मत हाल्न लगाएको खुल्दै छ । भदौ २३ र २४ गतेको काण्डका दोषीहरूलाई समेत जिताउन निर्वाचन सरकारलाई छानबिन आयोगको प्रतिवेदनसमेत निर्वाचन अघि सार्वजनिक गर्न रोक लगाइयो । नेपालका बुद्धिजीवीहरूसमेत चुनावमा 'लहरमा मत' हाल्न पुगेको सार्वजनिक भयो । जुनसुकै पार्टीको होस्, विदेशी दलाल सरकारको विरोधमा नेपाली जनताले सङ्घर्ष नगरे देश नै नरहने खतरा बढ्दो छ ।

ट्रम्प प्रशासनको अपराध ढाकछोप नहुने बताउँदै छन् । ट्रम्प प्रशासन संसारमा पुनःजङ्गली राज फर्काउन लागिरहेको छ तर सफल हुनेछैन ।

नेपालमा यतिखेर विदेशको कुरा गर्न नहुने बताउनेहरू पनि देखिए । सन् २०१६ देखि २०१९ सम्म भएको युद्धमा सिरियाका ३३,५८४ मानिस मारिए । यसमध्ये संरा अमेरिकी नेतृत्वको गठनवन्धन सेनाको बमवारीमा परेर संरा अमेरिकी सेना ३,८३३ मारिए । संरा अमेरिकी प्रशासनले सन् २०१८ मा रासायनिक हतियार प्रयोग गरेको आरोप लगाइ सिरियामा हवाइ हमला गऱ्यो । सन् २००३ मा संरा अमेरिकी प्रशासनले गरेको इराकविरुद्धको हमलामा २ लाख ५० हजार बढी सर्वसाधारण मारिए भने दसौँलाख मानिस घरवार विहीन भए । यसको विरोध गर्नु के विदेशको कुरा हो ? के नेपालमा विदेशीले बमवारी गरेपछि पनि विदेशको बम भनी विरोध नगर्ने हो ? विरोध गर्नै पर्दछ ।

एमसीसीको विरोध गर्नु के विदेशको कुरा हो ? एमसीसीमा संरा अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने प्रावधान राखिनु के विदेशको कुरा हो ? के नेपालको नागरिकता छाडेर विदेशी नागरिकता लिएकाहरूलाई नेपालको नागरिकता पनि दिने कानुनी व्यवस्था गर्नु नेपालको हितमा हो ? के संरा अमेरिकी र इजरायली सरकारले इरानमा गरेको आक्रमणको कारण खाडी देशहरूमा २२ लाख नेपाली जनता अलपत्रमा परेको विषय पनि विदेशको कुरा भनी चिन्ता नलिने हो ? नेपाल र नेपाली जनतालाई दु:ख हुने विषय देश वा विदेश सबैतिरको विरोध गर्नु जरुरी छ ।

संरा अमेरिकी सरकारको डलरबाट सञ्चालित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालमा युवाहरूलाई उक्साउँदै आएको सार्वजनिक भयो । खासगरी आईआरआई, एनईडी अमेरिकी युथ काउन्सिल, अमेरिकन चेम्बर अफ कमर्सलगायत संस्थाहरूले नेपाली युवालाई उक्साएको सार्वजनिक भयो ।

गएको भदौ २३ को घटनामा आईआरआई र एनईडी सँग सम्बन्धित व्यक्तिहरू अग्रपङ्क्तिमा बसेको यसअगाडि नै सार्वजनिक भएको हो । संरा अमेरिकी साम्राज्यवादले कतिपय देशमा त्यहीँका देशद्रोहीहरूलाई हातमा लिएर विध्वंस मच्चाउँदै आएको छ । दक्षिण एसियाका श्रीलङ्का, बङ्गलादेश, पाकिस्तानमा सत्ता उल्ट्याएपछि संरा अमेरिकी प्रशासनले भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीका घटना घटाएर नेपालमा नयाँ चुनावमार्फत आफ्नो अनुकूलको सरकार बनाउँदै छ ।


एमाले र माओवादीजस्ता पुराना पार्टीको समर्थनमा उपप्रधानमन्त्री र मन्त्री भएको रास्वपालाई संरा अमेरिकी सरकारले 'नयाँ पार्टी' भनी सामाजिक सञ्जालमार्फत प्रचार गरायो । काठमाडौँबाट निर्वाचित रास्वपाका सांसद रञ्जु दर्शनालाई आठवर्षदेखि आईआरआईले तालिम दिएको पनि सार्वजनिक भयो । भदौ २३ गते माइतिघर मण्डलामा आन्दोलनको खाका बताउने रक्षा बम पनि अमेरिकन युथ काउन्सिलसँग सम्बन्धित भएको सार्वजनिक भयो ।

संरा अमेरिकी सरकारले 'प्रजातन्त्र', 'मानवअधिकार', 'शान्तिपूर्ण विकासक्रम' को नाममा कुनै देशसँग 'सांस्कृतिक सम्बन्ध' र 'आर्थिक सहायता' सुरु गर्छ । यही आर्थिक र सांस्कृतिक सहयोगमार्फत आफ्नो अनुकूल नचल्ने त्यो देशको सरकारलाई संरा अमेरिकी प्रशासनले उल्ट्याउँछ । यसलाई 'रङ्गीन क्रान्ति' पनि भनियो । नेपालमा रास्वपालाई निर्वाचनबाट संसद्को झन्डै दुईतिहाइ पुऱ्याएको पनि 'रङ्गीन क्रान्ति' नै मान्नुपर्छ । चुनावमा रास्वपाका उम्मेदवारलाई जनताले चिनेका थिएनन् । तर, सामाजिक सञ्जालमार्फत उनीहरूलाई जिताउन संरा अमेरिकी प्रशासन लागि परेको थप खुल्दै छ ।

संरा अमेरिकी केन्द्रीय गुप्तचर विभाग सीआईएका एकजना वरिष्ठ पूर्वअधिकारीले 'हामीले मानिसहरूलाई चाहेजस्तो बनाउने र हाम्रो निर्देशन मान्ने बनाउने गर्न उनीहरूको दिमागलाई अलमलमा पारेको' बताएका थिए । संरा अमेरिकी पूर्वविदेश सचिव माइक पोम्पेओले झुट बोलेर पनि मानिसलाई झुक्याएको बताएका थिए ।

नेपालमा पनि गएको चुनावमा युवा-विद्यार्थी, विदेशमा रोजगारी र पढ्न गएकाहरू र नेपाल सरकारका अधिकारीहरूको दिमागलाई अलमल पारेर रास्वपाको पक्षमा मत हाल्न लगाएको खुल्दै छ । भदौ २३ र २४ गतेको काण्डका दोषीहरूलाई समेत जिताउन निर्वाचन सरकारलाई छानबिन आयोगको प्रतिवेदनसमेत निर्वाचन अघि सार्वजनिक गर्न रोक लगाइयो । नेपालका बुद्धिजीवीहरूसमेत चुनावमा 'लहरमा मत' हाल्न पुगेको सार्वजनिक भयो । जुनसुकै पार्टीको होस्, विदेशी दलाल सरकारको विरोधमा नेपाली जनताले सङ्घर्ष नगरे देश नै नरहने खतरा बढ्दो छ ।

# अपराधीलाई मुद्दा नचलाउने सरकारी प्रपञ्च ?




शुक्र

वर्तमान निर्वाचन सरकारका श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले विदेशी पर्यटक उद्धारको नाममा फर्जी कागज बनाएर बिमा रकम ठगी गर्ने मुख्य योजनाकारलाई नै उन्मुक्ति दिन लागि परेको सार्वजनिक भयो । यससम्बन्धी सीआईबीले एक हजार २४३ पेज लामो अनुसन्धान प्रतिवेदन तयार गरेको छ । तर, सरकारी वकिलको कार्यालय, काठमाडौँले त्यसलाई छाँटकाँट गरेर सात सय ४८ पृष्ठ मात्र बनायो । प्रतिवेदनमा महत्त्वपूर्ण प्रमाण हटाइयो र मुख्य योजनाकार माउन्टेन हेलिकोप्टर्सका पूर्वमहाप्रबन्धक राजेन्द्रबहादुर सिंहको संलग्नता देखाइएन ।

सरकारी वकिलको कार्यालयले सीआईबीको अनुसन्धान प्रतिवेदन एक साता लगाएर अध्ययन गरी आइतबार जिल्ला अदालत, काठमाडौँमा अभियोजन दर्ता गरायो । सीआईबीले सिंहसहित ३३ विरुद्ध सङ्गठित अपराधको, राष्ट्रहितविरुद्धको, आपराधिक लाभ र लिखतसम्बन्धी चार संयुक्त कसुरअन्तर्गत मुद्दा चलाउन सिफारिस गरेको थियो । तर, सरकारी वकिलले ३२ जना विरुद्ध मात्रै मुद्दा दायर गऱ्यो । मुद्दामा प्रतिवादीहरूविरुद्ध करिब एक अर्ब ५१ करोड रुपियाँ बिगो भराउने उल्लेख छ । सरकारी वकिलले मुद्दा चलाएका प्रतिवादीमध्ये ११ जना पक्राउ गरे पनि सिंहलाई मुद्दा नचलाई उन्मुक्ति दिइयो ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ५१ मा कसैले राष्ट्रहित प्रतिकूल कुनै काम गर्न वा गराउन नहुने उल्लेख छ । कसैले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान वा नेपालको अन्तर्राष्ट्रिय छवि उपर अपमान हुने, होच्याउने वा घृणा वा द्वेष फैलाउने कार्य गरे राष्ट्रहित प्रतिकूलको कार्य मानिने उल्लेख छ । यस्तो कार्यमा संलग्नविरुद्ध पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ ।

सरकारी वकिल कार्यालयका अनुसार सिंहविरुद्ध मुद्दा नचलाउन महान्यायाधिवक्ता कार्यालयको चर्को दबाब आएको थियो । सीआईबीले सरकारी वकिल कार्यालयमा प्रतिवेदन पेस गरेको आठ दिनपछि मात्रै अदालतमा मुद्दा दर्ता गऱ्यो । घटनाको अनुसन्धानमा संलग्न सिआइबी प्रमुख एआइजी डा. मनोज केसीले सिंह घटनामा मतियारका रूपमा संलग्न रहेको कागजातले देखाएको बताए । सीआईबीको प्रतिवेदनमा अभियुक्त श्यामसुन्दर कँडेल र सिंहबिच अनुसन्धान प्रभावित पार्न गरिएको अडियो संवादसमेत संलग्न थियो । पदयात्रा तथा पर्वतारोहणमा जाने पर्यटकलाई उद्धारका नाममा ठगी भइरहेको भनी २०७५ सालमै पर्यटन मन्त्रालयका अधिकारीले सात सय पृष्ठको अनुसन्धान प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनलाई समेत शासक दलहरूले बेवास्ता गरे ।

एक व्यक्तिले 'में नेपालमे फेक रेस्क्युका डन हे' भनेको अडियो संवादसमेत सीआइबीले सरकारी वकिललाई बुझाएको थियो । तर, पनि सरकारी वकिलले किन मुद्दा फितलो बनायो ? सरकारबाटै अपराधीलाई मुद्दा नचलाउने निर्णय भएपछि पछिल्ला दिनमा सीआइबीको अनुसन्धान फितलो हुने निश्चित छ । यो प्रकरणले देशमा सुशासन कसरी कायम होला ? प्रश्न उठायो ।

# नयाँ सरकार, जन अपेक्षा र चुनौती

● विवेक

*राजनीतिक पार्टी, विचारमा स्पष्ट हुनु जरुरी छ। नेतैपिच्छे फरक फरक विचार आउनु भनेको पार्टी नै बनी नसकेको प्रमाण हो। विचारमा स्पष्ट नभएकाहरूले देशलाई सही ठाउँमा पुऱ्याउन सक्दैनन्। विभिन्न गैरसरकारी संस्थाहरूमा काम गरेर आएका सांसदहरूले कस्तो चर्तिकला देखाउने हुन् त्यो हेर्न बाँकी नै छ। तर नयाँ भनेर आएका दलले जनतालाई नयाँको अनुभूति दिनका लागि निरन्तर आफ्नो बाचापत्रमा उल्लिखित काम गरेर विश्वास प्राप्त गर्न सक्नुपर्छ।*

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट बहुमत प्राप्त रास्वपाको नेतृत्वमा अब केही दिनपछि नयाँ सरकार बन्दै छ। काठमाडौं महानगरपालिकाका प्रमुखबाट राजीनामा दिएर निर्वाचनमा होमिएका बालेन्द्र साह भावी प्रधानमन्त्री बन्ने प्रायः निश्चित देखिन्छ। यसअघि सरकारमा गएका राजनीतिक दलहरूबाट जनता वाक्कदिक्क भएका कारण नयाँ पार्टीले केही गर्ने अपेक्षासहित जनताले भारी मतले रास्वपालाई विजयी बनाएका हुन्। जनताका अपेक्षा धेरै ठुल्ठुला पनि छैनन्। संविधानले निर्दिष्ट गरेका केही विषयहरू मात्रै जनताले सहज रूपमा प्राप्त गर्न सकेको खण्डमा पनि जनताले धेरै राहतको महसुस गर्नेछन्।

## शिक्षामा चुनौती

नेपालको संविधानले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा मावि शिक्षा (कक्षा १२ सम्म) निःशुल्कको व्यवस्था गरेको छ। तर, नेपाली जनताले अहिलेसम्म संविधानको भावनाबमोजिम निःशुल्क र अनिवार्य शिक्षा पाउन सकेका छैनन्। पैसा भएकाहरूले आफ्ना सन्तानलाई राम्रा र महँगा विद्यालयहरूमा पढाउने र पैसा नभएकाले कमसल विद्यालयमा पढाउने शिक्षा प्रणालीको विकास भइरहेको छ। सबै विद्यालयमा योग्य शिक्षक, भौतिक पूर्वाधार र शैक्षिक वातावरण बनाउनेतर्फ सरकारले ध्यानै दिएन। पैसाले शैक्षिक गुणस्तर निर्धारण गर्ने अवस्थामा देशलाई पुऱ्याइयो। शिक्षामा न्यून बजेट, विषयगत शिक्षक नहुनु, दरबन्दी मिलान नहुनु, पाठ्यपुस्तक समयमा नपुग्नु, अनुगमन नहुनु र परीक्षा समयमा नहुनु विद्यालय शिक्षाका समस्याहरू हुन्। अब गठन हुने सरकारबाट नेपाली जनताले समान रूपमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अपेक्षा राखेका छन्।

रास्वपाको वाचापत्रमा 'सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा आमूल सुधार ल्याउन आगामी दुई दशकसम्म उल्लेख्य लगानी थप्दै गुणस्तर वृद्धि गर्ने' उल्लेख गरिएको छ। अन्तर्राष्ट्रिय मापदण्डअनुसार देशको कुल बजेटको न्यूनतम २० प्रतिशत बजेट शिक्षामा लगानी गर्नुपर्नेछ। यसअघिका सरकारहरूले हरेक वर्ष शिक्षामा लगानी घटाउँदै चालू आ.व.मा १० प्रतिशतमात्र छुट्याइयो। यस्तो अवस्थामा विद्यालय शिक्षा गुणस्तरीय हुन सम्भव छैन। वाचापत्रमा उल्लेख भएबमोजिम राज्यको प्रशस्त लगानी शिक्षा क्षेत्रमा भएमा मात्र शिक्षा क्षेत्रको विकास हुने आशा गर्न सकिन्छ।

अहिले कक्षा १२ पछि विदेश जानेहरूको लहर चलिरहेको छ। वर्षको १ लाखभन्दा बढी विद्यार्थीहरू विदेश अध्ययन गर्न जान्छन्। यो भारतबाहेकको सङ्ख्या हो। त्यसले वर्षको झण्डै १ खर्ब पैसा बिदेसिन्छ। नेपालमा भविष्य नदेखेर विदेशमा उच्च शिक्षा प्राप्तिको लागि जाने विद्यार्थीहरूलाई रोक्नु नयाँ सरकारको लागि ठुलो चुनौती हुने देखिन्छ।

नेपालका ५०० भन्दा बढी कलेजहरू अहिले विद्यार्थी अभावमा बन्द हुने स्थितिमा छन्। नेपालमै उच्च शिक्षा दिने र रोजगारीको सुनिश्चितता हुने हो भने कोही पनि विद्यार्थी विदेशी भूमिमा गएर दुःख गर्न जाने छैनन्। नेपालमा भएका सरकारी कलेजहरूमा विद्यार्थीहरूले रुचाएका विषयहरू बढ्न पाउँदैनन्। त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले विभिन्न बहाना बनाएर सामुदायिक कलेजहरूमा नयाँ नयाँ कार्यक्रम दिएका छैनन्। अन्ततः विद्यार्थीहरू निजी कलेजमा जान वा विदेश जान बाध्य हुन्छन्। जनताले यसको अन्त्य खोजेका छन्।

## स्वास्थ्यमा चुनौती

स्वास्थ्य उपचार जनताको बढी सरोकारको विषय हो। पटक पटक सरकारमा गएका दलहरूले सरकारी अस्पतालहरूमा चिकित्सक, स्वास्थ्य उपकरण, पूर्वाधारको व्यवस्था गर्न सकेनन्; गरिब जनताको लागि राम्रो उपचारको व्यवस्था गर्न सकेनन्। गरिबहरू उपचारको लागि घरखेत बेचेर वा बन्धकी राखेर उपचार गर्नुपर्ने अवस्था छ। त्यसको अन्त्य गर्नु नयाँ सरकारको लागि अर्को चुनौती हुनेछ।

स्वास्थ्य बीमाप्रति जनताको थोरै भए पनि आशा थियो तर सरकारले पर्याप्त बजेट नछुट्याएको कारण बीमा सेवा कोमामा पुगेको छ। वार्षिक करिब २६ अर्ब बजेट स्वास्थ्य बीमाको लागि आवश्यक भएको स्पष्ट हुँदाहुँदै रु. १० अर्ब बजेट विनियोजन गरेर अघोषित रूपमा बीमा सेवा बन्द गर्न खोजिँदै छ। शिक्षण अस्पताल महाराजगञ्जले महिनौंदेखि सबै किसिमको बीमा सेवा बन्द गरेको छ भने पाटन अस्पताल र वीर अस्पताललगायतले विभिन्न सेवा बन्द गरेका छन्। यसको प्रत्यक्ष मार गरिब जनतालाई परेको छ। यसबारे नयाँ सरकारले ध्यान दिनु आवश्यक छ। जनतासँग पैसा उठाएपछि बजेट छैन भनेर सरकारले बीमा सेवा बन्द गर्नु जनताप्रति बेइमानी हो। सरकारले जुनसुकै स्रोतबाट भए पनि बीमाको बन्दोबस्तलाई व्यवस्थित रूपमा अगाडि बढाउनु आवश्यक छ। बीमा कार्यक्रम राम्रोसँग सञ्चालन गर्न सकेमा स्वास्थ्यसम्बन्धी धेरै समस्याको समाधान हुनेछ। चिकित्सकहरू सरकारी अस्पतालमा हाजिर भएर निजी अस्पतालमा काम गर्ने, अस्पतालको फर्मेसीमा औषधी अभाव देखाएर निजी फार्मेसीमा औषधी किन्न लगाउने र एक्स रे जस्ता उपकरणहरू बिग्रेको देखाएर निजी क्षेत्रमा पठाई कमिसन खानेहरूलाई एकएक गरी कारबाही गर्नु आवश्यक छ। त्यति मात्र गर्न सके पनि स्वास्थ्य क्षेत्रमा भइरहेको बेथितिको अन्त्य हुनुका साथै जनताले देखिने गरी सुधारको अनुभूति गर्नेछन्।

रास्वपा वाचापत्रमा लेखिएबमोजिम स्वास्थ्य उपचार पूरै निःशुल्क गर्न पर्याप्त बजेटको आवश्यकता पर्छ। ठुल्ठुला भ्यु टावरहरू निर्माण गर्न यसअघिका सरकारहरूले राख्ने गरेको बजेट अस्पतालहरू निर्माण, सञ्चालन र मर्मतको लागि व्यवस्था गर्ने हो भने धेरै सुधार आउनेछ।

अहिले चिकित्सक, नर्सहरू बिदेसिने क्रम जारी छ। सरकारी अस्पतालहरूमा चिकित्सक र नर्सको अभावले राम्रोसँग उपचार हुन सकिरहेको छैन। आवश्यकताअनुसार चिकित्सक, नर्सको दरबन्दी सिर्जना गरेर विभिन्न देशबाट अध्ययन सकाएर आएका नयाँ चिकित्सकहरूलाई रोजगारीको अवसर दिनु आवश्यक छ। चिकित्सा शिक्षा अत्यन्त महँगो भएकोले सरकारले नै व्यापक छात्रवृत्तिको बन्दोबस्त गरी प्रशस्त मात्रामा गुणस्तरीय चिकित्सक उत्पादन गर्ने र ग्रामीण अस्पतालहरूमा पठाउने व्यवस्था गरिएमा धेरै जनताको सेवा हुनेछ। यसले चिकित्सकहरू नेपालमै बस्ने, जनताले सेवा पाउने हुँदा जनता पनि खुसी हुनेछन्। यसअघिका सरकारहरूले आ-आफ्नो निजी अस्पतालहरूमा सस्तो चिकित्सक पाउन, सरकारी मेडिकल कलेजहरूलाई ओझेलमा पारेका थिए। चिकित्सकहरूले उचित पारिश्रमिक र सेवा सुविधा पाउने र राम्रा राम्रा विद्यार्थीहरूले छात्रवृत्तिमा चिकित्सा अध्ययन गर्न पाउने भए चिकित्सकहरूले सेवालाई प्राथमिकतामा राख्ने हुन् कि!

मेडिकल व्यवसायीहरू अत्यन्त 'शक्तिशाली' हुन्छन्। उनीहरूको पहुँच नपुगेको ठाउँ नै हुँदैन। स्वास्थ्यमन्त्री विज्ञ भएर मात्र पुग्दैन, निडर र इमानदार हुनु पनि पर्छ। यसअघिका मन्त्रीहरूले पनि केही गर्छु भनेर नै जनतासँग कसम खाएका थिए तर तिनीहरूले मेडिकल व्यवसायीहको जाल तोड्न सकेनन्। देशको स्वास्थ्य सेवा निजी क्षेत्रले जे भन्छ त्यही हुने अवस्थामा पुग्यो। त्यसको अन्त्य गर्नु कम चुनौतीपूर्ण छैन।

## प्रदेश खारेजी ?

रास्वपा नेता स्वर्णिम वाग्लेले निर्वाचनअघि सङ्ख्या पुगेको दिन प्रदेश खारेजी गर्ने बताएका थिए। अहिले रास्वपालाई झण्डै दुईतिहाइ मत प्राप्त भयो। २ जनाबाहेक संविधान संशोधन गर्न समेत त्यो पर्याप्त सङ्ख्या हो। यसअघि प्रदेशसभाको दुई पटक निर्वाचन सम्पन्न भए। प्रदेशसभाले कुनै प्रभावकारी काम गर्न नसकेको पक्का हो। त्यसको अर्थ खारेज नै गर्नु कतिको उपयुक्त हुन्छ? यो विचारणीय पक्ष छ।

प्रदेश संरचना अर्थात् सङ्घीयता मधेसी दलहरूको आन्दोलनबाट संविधानमा व्यवस्था भएको विषय हो। नेपालमा सङ्घीयताको राम्रो कार्यान्वयन भएकै छैन। एक दुई पटकको निर्वाचनपछि नै सङ्घीयताका महत्त्वपूर्ण अङ्गको रूपमा रहेको प्रदेश खारेज उपयुक्त नहुन सक्छ। रास्वपाको वरिष्ठ नेता बालेन्द्र साहले प्रदेशलाई बलियो बनाउने बताएर मधेसको मत बटुलेका हुन्। धेरैवटा मधेसी दलहरू भए पनि यो वर्ष प्रतिनिधिसभामा कुनै पनि दलको प्रतिनिधित्व भएन। रास्वपाका दुई नेताको ठिकविपरीत विचार सार्वजनिक हुँदा जनतालाई बुझ्न गाह्रो भइरहेको छ। प्रदेशसभा खारेज गर्ने कि सबल पार्ने?

राजनीतिक पार्टी, विचारमा स्पष्ट हुनु जरुरी छ। नेतैपिच्छे फरक फरक विचार आउनु भनेको पार्टी नै बनी नसकेको प्रमाण हो। विचारमा स्पष्ट नभएकाहरूले देशलाई सही ठाउँमा पुऱ्याउन सक्दैनन्। विभिन्न गैरसरकारी संस्थाहरूमा काम गरेर आएका सांसदहरूले कस्तो चर्तिकला देखाउने हुन् त्यो हेर्न बाँकी नै छ। तर नयाँ भनेर आएका दलले जनतालाई नयाँको अनुभूति दिनका लागि निरन्तर आफ्नो बाचापत्रमा उल्लिखित काम गरेर विश्वास प्राप्त गर्न सक्नुपर्छ।

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – १९

● रामरतन चौधरी

२०८२ भदौ २३ र २४ गते जेन-जीको नाउँमा भएको नयाँ पुस्ताको आन्दोलनमा नेपाली सेनाले आफ्नो सुरक्षा घेरामा रहेको सिंहदरवार, राष्ट्रपति भवन, प्रधानमन्त्री निवास बालुवाटरलगायत महत्त्वपूर्ण सम्पदा जोगाउन सकेन। सेनाको आँखै अगाडि ती सम्पदाहरू हुर्हुरी जले। सेनाले सामान्य बल पनि प्रयोग गरेको देखिएन। यो विषयमा सर्वत्र आलोचना भएपछि नेपाली सेनाले २०८२ कार्तिक १ गते पत्रकार सम्मेलन गरी 'सेना उत्रिएको भए ठुलो रक्तपात मच्चिने र विदेशी हस्तक्षेप बढ्न सक्ने भएको हुँदा सेनाले बुद्धिमतापूर्वक देश जोगाएको' काल्पनिक स्पष्टीकरण दियो।

पत्रकार सम्मेलनमा नेपाली सेनाका अनुपजङ्ग थापाले भने, "देशभरि विभिन्न किसिमको प्रदर्शनी, तोडफोड तथा आगजनी भएको अवस्थामा अराजकतालाई कम गर्न र नियन्त्रण गर्न न्यूनतम शक्ति प्रयोग गर्दा पनि अराजक भिड पछाडि नहटिरहेको अवस्था यथार्थ हो। सिंहदरवारमा पनि अत्यन्त संयमताका साथ घातक शक्तिभन्दा कमका उपायहरू अपनाइएकै हो। दुई दुई पटक मूलगेटबाट छिरेको उत्तेजित हुललाई सम्झाएर, धकेलेर बाहिर पठाइएको थियो। पछि ठुलो सङ्ख्यामा चारै दिशाबाट अत्यन्त आक्रोशित जत्थाभित्र छिरेपछि ठुलो मानवीय क्षतिको माध्यमबाट बाहेक नरोकिने कुरा प्रस्ट देखियो। त्यसकारण, समग्र घटनाहरूमा शान्ति सुरक्षा कायम गर्ने उद्देश्यका साथ नेपाली सेनाले आवश्यकताअनुसार पहलता लिएको र मानवीय सुरक्षा भौतिक सुरक्षाभन्दा महत्त्वपूर्ण रहेको बुझाइ अनुरोध गर्दछु।"

सिंहदरवारको आगलागी बारे एकपटक 'हामी नेपाल' संस्थाका अध्यक्ष सुदन गुरुङले पनि 'सिंहदरवार त सयौं बनाउन सकिन्छ' भनेर बोलेका थिए। नेपाली सेनाले पनि सिंहदरवारलाई केवल भौतिक संरचनामात्र ठान्यो। तर, सिंहदरवार केवल भौतिक संरचनामात्र थिएन। त्यो त महत्त्वपूर्ण दस्तावेजहरू रहेको नेपालको मुटु थियो। नेपालको महत्त्वपूर्ण दस्तावेजहरू रहेको धरोहरलाई ध्वस्त पार्ने षड्यन्त्र हुँदा नेपाली सेना किन मौन बस्यो? प्रश्न उठ्नु स्वाभाविक छ।

सिंहदरवार जलिरहँदा सेनाले आफूसँग रहेको दमकलसमेत प्रयोग नगरेको समाचार बाहिरियो। यसले कतै नेपाली सेनाको पनि यसमा संलग्नता छ कि? भन्ने आशङ्का उब्जिन थाल्यो। आन्दोलनकारीलाई पानी बाँड्ने काठमाडौं महानगरले पनि सिंहदरवारको आगो निभाउन दमकल नपठाएकोबारे सर्वत्र विरोध भयो। त्यसपछि भएको पत्रकार सम्मेलनमा नेपाली सेनाका मनोज थापाले भने, "भदौ २४ गते झन्डै साढे १ बजे सिंहदरवारभित्र रहेको एउटा दमकलबाट मुख्य प्रवेशद्वारमा लागेको आगो निभाएर फेरि आफ्नो ठाउँमा गयो। २ बजेपछि सिंहदरवारमा लागेको आगो निभाउन दमकल परिचालन गर्न खोज्दा आन्दोलनकारीहरू दमकलकै पाङ्ग्रामा सुतेपछि सिंहदरवारको आगो निभाउन नसकिएको हो। आन्दोलनकारीलाई विभिन्न तरिकाले हटाइसकेपछि २ बजेर ३५ मिनेट जाँदा सिंहदरवारको आगो निभाउन हाम्रो दमकल गइसकेको थियो। काठमाडौं महानगरपालिकाको दमकल ८:०० बजेतिर आगो निभाउन आएको हो। महानगरपालिकासँग म सुरुदेखि नै सम्पर्कमा थिएँ। महानगरले सिंहदरवारको आगो निभाउन नचाहेको भन्ने गलत छ।" *(२०२५ अक्टोबर १७, नेपाल खबर)*

यसरी नेपाली सेनाले स्पष्टीकरण दिए पनि जनता सशङ्कित छन्। नेपाली सेनाले २४ भदौको राति १० बजेपछि मात्र सुरक्षामा खटिने सूचना प्रकाशित गरेको थियो। त्यतिबेलासम्म काठमाडौंका प्रहरी कार्यालयदेखि महत्त्वपूर्ण सरकारी संरचनाहरू नष्ट भइसकेका थिए। जेन-जी आन्दोलनको नाउँमा सिंहदरवार जलाउने काम काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र साहको निर्देशनमा भएको हल्ला चलिरहेको बेला नेपाली सेना महानगरपालिकाको बचाउमा उत्रनुले झन् शङ्का उब्जिन थाल्यो। त्यतिबेला नेपाली सेनाले राष्ट्रपति र प्रधानमन्त्रीलाई पनि नटेरेको आरोप छ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले एउटा अन्तर्वार्तामा भने, "संविधानसम्मत जननिर्वाचित संसद्को बहुमतबाट बनेको कार्यकारी प्रमुखलाई उसका मातहतका कुनै पनि निकायले राजीनामा दिन दबाब दिन मिल्दैन। राजीनामा नदिएसम्म आगलागी नियन्त्रण नगर्ने कुरा मैले देखेँ। उहाँहरूले आगजनीको गतिविधि रोक्न सकिन्न भन्नुभयो। यसको अर्थ रोक्दैनौं भन्या हो। त्यसो भएपछि मैले राजीनामा गरेको हुँ। नेपाली सेनाको प्रधानमन्त्रीसँग जे स्पष्टता हुनुपर्ने थियो, त्यो भएन। अरू सुरक्षा निकाय सेनाका मुख ताकेर बसेका थिए। हामी नेपाली सेनाको सुरक्षामा बसेदेखि हाम्रो मोबाइल लोकेशन खुल्छ भन्ने नाममा जफत गरियो। सुशीला कार्की प्रधानमन्त्री भएर शपथग्रहण गरिसकेपछि मात्रै हामीले मोबाइल पायौं।" *(कान्तिपुर टीभी एचडी फायरसाइड, ४ नोभेम्बर, २०२५)*

२०८२ भदौ २३ गतेको आन्दोलनमा काठमाडौं महानगरले आन्दोलनकारीलाई पानी वितरण गरेको थियो। महानगरपालिकाका प्रमुख बालेन्द्र साहले भदौ २४ गते आन्दोलन रोकेर प्रधानसेनापतिसँग वार्ता तथा प्रतिनिधिसभा विघटनको सर्त राख्न निर्देशन दिएका थिए। भदौ २७ गते बालेनकै सिफारिसमा सुशीला कार्की प्रधानमन्त्री नियुक्त र बालेनकै एजेन्डाअनुसार प्रतिनिधिसभा विघटन भएको थियो। *(नेपाल समाचारपत्र, २०८२ चैत ८)*

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले परिस्थितिको मूल्याङ्कन गर्दै सिंहदरवारमा आगजनी सेनाले बाहेक अरूले गर्नै नसक्ने तथ्यगत प्रश्न उठाउनुभएको थियो। उहाँको अभिव्यक्तिपछि केही सञ्चारमाध्यमले "प्रो चाइनिज भनेर चिनिएका नेमकिपाका नारायणमान बिजुक्छेँलाई प्रयोग गरेर ब्रह्मास्त्र चलाइयो। सिंहदरवार सेनाले बाहेक अरूले जलाउनै सक्दैन भन्नसमेत लगाइयो। नेपाली जनताले बिजुक्छेँको बुढ्यौलीको अभिव्यक्ति भनेर वास्ता गरेनन्।" (नेपाल टाइम्स, सन् २०२५ अक्टोबर ८) भनेर हल्का टिप्पणी गरे। तर, घटनाक्रमले नेपाली सेना पनि अमेरिकी 'छद्म युद्ध' को चक्रव्युहमा फसेको स्पष्ट देखिन्छ।

## अमेरिकी सेनाको चहलपहल

नेपालमा एमसीसी सम्झौता पारित भएपछि अमेरिकी सेनाको गतिविधि बढ्दो छ। अमेरिकी एयर फोर्सको विशेष विमान पटक पटक नेपाल आएको समाचार बाहिरियो। सन् २०२३ सेप्टेम्बर ७ को दिन अमेरिकी एयर फोर्सको १२ जनाको एउटा टोली सेप्टेम्बर १० देखि सेप्टेम्बर २९ सम्म नेपाली सेनासँग नगरकोटमा सैन्य अभ्यास गर्ने बहानामा नेपाल आएको थियो।

२०२६ फेब्रुअरी १३ (फागुन १ गते) को दिन निर्वाचनको सङ्घारमा अमेरिकी सेनाको इन्डो प्यासिफिक रणनीतिका कमान्डर एडमिरल स्यामूएल जे. पापारो नेतृत्वको टोली नेपाल आयो। यो टोली चीनसँग सीमा जोडिएका नेपाली भूभागको निरीक्षणमा समेत पुग्यो। उनको टोलीले फेब्रुअरी १४ को दिन पाँचखालस्थित वीरेन्द्र शान्ति सञ्चालन तालिम केन्द्रको पनि अवलोकन गऱ्यो। पापारोले परराष्ट्रमन्त्री बालानान्द शर्मा र नेपालको प्रधानसेनापति जनरल अशोकराज सिग्देलसँग पनि भेट गरे।

२०८२ फागुन ३ गते शिवरात्रीको दिन नेपाली सेना दिवसको अवसरमा अमेरिकी सेनाको एउटा ब्यान्ड बाजाको टोलीले टुँडीखेलमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्कीको अगाडि साङ्गीतिक प्रदर्शन गऱ्यो। जुन अत्यन्त दम्भी तथा अशिष्ट देखिन्थ्यो। नेपाली सेनाका केही अधिकारीहरूले पनि त्यसदिन अमेरिकी सेनाको प्रदर्शन अलि उत्तेजक तथा हेपाहा प्रवृत्तिको रहेको मान्छन्। नेपाली सेना र सरकारले यो प्रस्तुतीलाई नियमित सैन्य कूटनीतिक अभ्यास र पारस्परिक सैन्य सम्बन्धको हिस्सा तथा सांस्कृतिक कार्यक्रम भनेर बचाउ गऱ्यो। तर, नेपाली जनता मान्न तयार छैनन्।

अमेरिकी साम्राज्यवादको गलत हरकतको कारण नेपालमा उसप्रति नकारात्मक धारणा बन्दै गएको छ। उसले विश्वका विभिन्न देशमा गर्दै गरेको हस्तक्षेप तथा 'छद्म युद्ध' को कारण नेपाली जनतामा शङ्का उब्जिनु स्वाभाविक हो। अमेरिकी सैन्य ब्यान्डको त्यो प्रस्तुती नेपालमा 'स्याल कराउनु र कुखुरा हराउनु एकै साथ' जस्तो भयो। कसको स्वीकृति र आमन्त्रणमा अमेरिकी सेना नेपाल आएर प्रस्तुती दियो भन्ने प्रश्न उब्जिएको छ। राज्यका निकायहरूले नेपाली जनतालाई यसबारे समयमै सूचना प्रवाह गर्नुपर्थ्यो। सरकारमा बस्नेहरूले राजनीतिक परिपक्वता देखाएनन्।

अमेरिकी सेनाका प्यासिफिक कमान्डका उपप्रमुख लेफ्टिनेन्ट जनरल जोयल भोवेल पनि चैत १ गते आइतबार भुटानबाट ३ दिने औपचारिक भ्रमणको लागि काठमाडौं आए। उनले नेपाल आउनु अघि भारतीय प्रधानसेनापति उपेन्द्र द्विवेदीसँग उच्चस्तरीय भेटवार्तामा हिन्द-प्रशान्त क्षेत्रको सैन्य अवस्था र संयुक्त सैन्य तालिमबारे छलफल गरेका थिए। उनले भारतीय सेनाप्रमुखसँग भारत-अमेरिका रक्षा साझेदारीलाई सुदृढ पार्ने उपायबारे छलफल गरेको चर्चा छ। त्यसपछि उनी भुटान पुगेर भुटानबाट काठमाडौं आएका हुन्। उनको टोलीले पनि पाँचखालमा रहेको श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको निरीक्षण गरे। अमेरिकाले यो केन्द्रबारे लामो समयदेखि चासो देखाउँदै आएको छ। जनरल भोवेलले नेपालका प्रधानसेनापति अशोकराज सिग्देलसँग सैनिक मुख्यालय जङ्गी अड्डामा

***बाँकी पृष्ठ १० मा***

# बहुमतको सरकारले राष्ट्रघाती कदम गर्न सक्ने प्रबल सम्भावना रहने हुँदा निरन्तर खबरदारी आवश्यक



रामप्रसाद प्रजापति



२०८२ भदौ २३ र २४ को घटनापछि भदौ २७ मा गठित सुशीला कार्कीले आफू प्रधानमन्त्री पदमा नियुक्त हुनेबित्तिकै गरेको प्रतिनिधिसभा विघटनको सिफारिस र सोका आधारमा राष्ट्रपतिबाट भएको संसद् विघटनको निर्णय, जारी सूचनासमेतका विरुद्ध अहिले सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्था छ ।

यद्यपि, चुनावी सरकारको रूपमा गठित कार्की सरकारले मूलत: दुई वटा जनादेश कार्यान्वयन गर्ने जिम्मेवारी लिएको थियो । पहिलो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन र दोस्रो भ्रष्टाचारीलाई कारबाही ।

भ्रष्टाचारीलाई कारबाही गर्ने जनादेशतर्फ कार्की सरकारले खासै काम गरेको देखिएन तर फागुन २१ मा निर्वाचन हुने नहुने भन्ने चर्को बहसबिच सुशीला कार्कीको सरकारले प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरेको छ । चैत ५ गते निर्वाचन आयोगले प्रत्यक्षतर्फका १६५ जना प्रतिनिधिसभा सदस्य र समानुपातिकतर्फका ११० जना प्रतिनिधिसभा सदस्यहरूलाई निर्वाचित भएको प्रमाणपत्र दिनुका साथै निर्वाचन परिणाम प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसामु पेश गरिसकेको छ ।

निर्वाचन आयोगले राष्ट्रपतिसामु प्रतिवेदन बुझाएपछि उक्त निर्वाचन परिणाम प्रतिवेदन राष्ट्रपतिले संसद् सचिवालयलाई पठाउनुपर्ने व्यवस्था रहेको छ ।

संसद् सचिवालयले औपचारिक रूपमा प्रतिवेदन प्राप्त गरेपछि मात्र नव निर्वाचित प्रतिनिधिसभा सदस्य ( सांसद) हरूको शपथसम्बन्धी प्रक्रिया अगाडि बढाउने व्यवस्था छ ।

प्रतिनिधिसभा निर्वाचन ऐन, २०७३ बमोजिम प्रतिनिधिसभाको अध्यक्षता गर्ने व्यक्तिसमक्ष निर्वाचित प्रतिनिधिसभा सदस्यहरूले पद तथा गोपनियताको शपथ लिनुपर्ने व्यवस्था गरेको पाइन्छ ।

सभामुख र उपसभामुख निर्वाचित नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था नेपालको संविधानको धारा ९१ को उपधारा ५ मा गरेको पाइन्छ ।

संसद् सचिवालयले निर्वाचन परिणामको प्रतिवेदन प्राप्त गरेपछि ज्येष्ठ सदस्य पहिचान गर्नेछ । ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ ग्रहण गरेपछि उनले निर्वाचित सांसदहरूलाई शपथ गराउनेछन् । निर्वाचन परिणाम सार्वजनिक भएअनुसार नेपाली काङ्ग्रेसका अर्जुननरसिंह केसी नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्य रहेको बताइन्छ ।

यसरी नवनिर्वाचित सांसदहरूको शपथ ग्रहणपछि नयाँ सरकार गठन हुनेछ ।

नेपालको संविधानको धारा ७६ बमोजिम नयाँ सरकार अर्थात् सङ्घीय कार्यपालिका गठन गरिने संवैधानिक व्यवस्था गरिएको छ । धारा ७६ को उपधारा ८ बमोजिम प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३५ (पैतीस) दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

यस अर्थमा चैत ५ गते निर्वाचन आयोगले निर्वाचन परिणाम प्रतिवेदनसँगै अन्तिम परिणाम घोषणा गरेको अवस्था विद्यमान छ ।

निर्वाचन आयोगको अन्तिम निर्वाचन परिणामअनुसार कूल २ सय ७५ प्रतिनिधिसभा सदस्यमध्ये रास्वपाले १८२, नेपाली काङ्ग्रेसले ३८, नेकपा एमालेले २५, नेकपाले १७, श्रम संस्कृति पाटीले ७, राप्रपाले ५ र स्वतन्त्र रूपमा महावीर पुनले १ सिट पाएको छ ।

नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ । निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने व्यवस्था रहेको छ ।

उल्लिखित मत परिणामबमोजिम रास्वपाले आफ्नो पार्टीको विधान वा प्रतिनिधिसभा सदस्यमा रास्वपाबाट निर्वाचित सदस्यहरूले संसदीय दलको नेता चयन गर्नेछ । संसदीय दलको नेतालाई नै राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्त गरिनेछ ।

रास्वपाले संसदीय दलको नेता पार्टी विधानमा पार्टीका सम्पूर्ण सदस्यहरूको मतदानबाट चुनिने व्यवस्था गरेको पाइन्छ । साथै सङ्घीय निर्वाचनका लागि समानुपातिक र प्रत्यक्षतर्फबाट छनौट भएका उम्मेदवारमध्ये इच्छुक उम्मेदवारबिच प्रतिनिधिसभा संसदीय दलको नेता छनोट हुने भनिएको छ ।

त्यसरी छनोट गरिएका उम्मेदवार निर्वाचनमा पराजित भएमा पार्टीको तर्फबाट विजयी इच्छुक उम्मेदवारबिच प्रतिनिधिसभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुने व्यवस्था गरिएको छ ।

विधानको उक्त व्यवस्था अभ्यासमै नआइसकेको र चुनावपूर्व नै आगामी प्रधानमन्त्री बालेन्द्र साह हुने र पार्टीको नेतृत्व रवि लामिछानेले गर्ने भन्दै भएको ७ बुँदे सहमतिलाई केन्द्रीय कार्यसमितिले अनुमोदन गरेकोले संसदीय दलको नेता साहलाई चयन गर्न रास्वपाको विधान संशोधन गर्ने निर्णय गरेको समाचार छ ।

यसरी संसद् सचिवालयले प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूलाई ज्येष्ठ सदस्यबाट शपथ ग्रहण गरिसकेपछि प्रतिनिधिसभामा बहुमत प्राप्त दलको संसदीय दलका नेतालाई प्रधानमन्त्री पदमा नियुक्ति गरिनेछ ।

प्रतिनिधिसभाको निर्वाचनमा बहुमत प्राप्त दल राष्ट्रिय स्वतन्त्र पार्टी भएको छ । रास्वपाले २७५ मध्ये १८२ सिट प्राप्त गरेको छ । रास्वपाको पछिल्लो निर्णयअनुसार झापा क्षेत्र नं. ५ बाट निर्वाचित काठमाडौँ महानगरपालिकाका पूर्व मेयर बालेन्द्र साह प्रधानमन्त्री पदमा नियुक्ति हुने निश्चित प्राय: देखिन्छ ।

काठमाडौँ महानगरपालिकाको मेयर निर्वाचित भएको केही महिनापछि नै अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा चर्चा चुलिएका बालेन्द्र र रास्वपाको घण्टी चिन्हलाई अन्तर्राष्ट्रिय सञ्चार माध्यमले ब्राण्डिङ गरेकोमा विज्ञहरूले शङ्कास्पद तरिकाले लिएका छन् ।

रास्वपाले बहुमत पाउनासाथ संरा अमेरिकी दूतावासबाट बधाई दिँदै सुरक्षाका विषयमा सँगै काम गर्न सकिने कुरा उठाइएकोमा गहिरो चिन्ता र चासो विज्ञहरूले लिएका छन् । यस विषयमा सम्पूर्ण नेपाली जनता चनाखो हुनु आवश्यक छ ।

**राजनीतिक दलले प्राप्त गरेको सिट सङ्ख्या :**

| क्र.सं. | राजनीतिक दल | प्रत्यक्षतर्फ प्राप्त सिट | समानुपातिकतर्फ प्राप्त सिट | जम्मा सिट |
|---|---|---|---|---|
| १. | राष्ट्रिय स्वतन्त्र पार्टी | १२५ | ५७ | १८२ |
| २. | नेपाली काङ्ग्रेस | १८ | २० | ३८ |
| ३. | नेकपा एमाले | ९ | १६ | २५ |
| ४. | नेपाली कम्युनिस्ट पार्टी | ८ | ९ | १७ |
| ५. | श्रम संस्कृति पार्टी | ३ | ४ | ७ |
| ६. | राप्रपा | १ | ४ | ५ |
| ७. | स्वतन्त्र | १ | | १ |
| | | | **कुल जम्मा** | २७५ |

कुनै पनि व्यक्ति, संस्था, सङ्गठन, राजनीतिक दल, सरकार वा देश आफ्नै खुट्टामा उभिनुको विकल्प छैन । आत्मनिर्भरताको प्रश्नमा हालसम्म पटक पटक सरकारमा पुगेका राजनीतिक दलहरूले जनतालाई केन्द्रबिन्दुमा राखेर देशमै रोजगार र उत्पादन वृद्धि गर्ने तर्फ ध्यान नदिँदा देश झनझन् कमजोर हुँदै जानुका साथै २८ खर्ब रुपैयाँ सार्वजनिक ऋण बोक्न बाध्य हुनु परेको हो ।

साथै नेपालमा वैदेशिक हस्तक्षेप नाङ्गो रूपमा पर्न थालेको हो । फागुन २१ को निर्वाचन र उक्त निर्वाचनको परिणाम निर्माण गर्न रास्वपाले आफ्नो बलबुट्टाले भन्दा अरू (विदेशी) खासगरी संरा अमेरिका र भारतको साथ र सहयोग लिएको आरोप छ ।

यसरी अरूको भरमा निर्वाचन जित्ने दल र नेताले आफ्नो मालिकको सेवामा देश र जनतालाई प्राथमिकतामा राख्न नसक्ने अवस्था सृजना हुने प्रबल खतरा हुनुका साथै विदेशीको भरमा युद्ध लडेको युक्रेनको हालत नहोला भन्न सकिन्न ।

आफ्नै बलबुट्टामा संसारमा संरा अमेरिकालाई हाँक दिन सक्ने एउटै मात्र देश भनेको उत्तर कोरिया हो । उत्तर कोरियामा आत्मनिर्भरता र जनतालाई केन्द्रबिन्दुमा राख्ने राजनीतिक सिद्धान्त जुच्छे विचारधाराबाट प्रेरित समाजवादी व्यवस्था रहेको सर्वविदित्तै छ ।

व्यापक कामगरी खाने जनता राजनीतिकरूपमा सचेत र सङ्गठित नभई हावाहुरी जस्तै हल्ला र आश्वासनको भरमा मतदान गर्दाको परिणाम अहिले नेपालमा देखिएको छ ।

यो पटकको निर्वाचन परिणामले नेपाल र व्यापक कामगरी खाने नेपाली जनताको जीवनस्तरमा आमूल परिवर्तन आउने सम्भावना पटक्कै छैन । बरु राष्ट्रघाती कदमहरू आगामी बहुमतको सरकारले गर्न सक्ने प्रवल सम्भावना रहने हुँदा निरन्तर खबरदारी गर्नु जरुरी छ ।

२०८२ चैत ८

# अमेरिका-चीन शिखर सम्मेलनमा शक्ति सन्तुलन पेइचिङतर्फ झुक्ने सङ्केत

पेइचिङ, ६ चैत (एएफपी) । मध्यपूर्व युद्धले अमेरिकी कूटनीतिक समीकरण हल्लाइरहेको बेला प्रस्तावित अमेरिका-चीन शिखर सम्मेलनमा शक्ति सन्तुलन पेइचिङतर्फ झुक्ने सङ्केत देखिएको छ । विश्लेषकहरूका अनुसार इरान-इजरायल द्वन्द्वमा फसेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कमजोर स्थितिमा पुगेका छन् । यसले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई वार्तामा थप लाभ लिन सक्ने अवस्था बनाएको छ ।

यसै महिनाको अन्त्यतिर पेइचिङ भ्रमण गर्ने तय भए पनि मध्यपूर्वको बिग्रँदो परिस्थितिका कारण ट्रम्पले आफ्नो यात्रा केही हप्ताका लागि स्थगित गरेका छन् । इजरायलसँग मिलेर इरानमाथि आक्रमण गर्ने निर्णयपछि क्षेत्रीय हिंसा चर्किएको, ऊर्जा मूल्य उच्च विन्दुमा पुगेको र इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्वव्यापी आपूर्ति अवरोधको जोखिम बढेको पृष्ठभूमिमा उनको कूटनीतिक विकल्प सीमित बन्दै गएको विश्लेषण गरिएको छ ।

युद्धको अन्त्य कसरी गर्ने भन्ने स्पष्ट रणनीति तय गर्न कठिनाइ भइरहेको बेला परम्परागत सहयोगीहरूबाट पनि अपेक्षित समर्थन नपाउँदा ट्रम्प चीनसँग कूटनीतिक उपलब्धि खोज्न बाध्य हुनसक्ने आकलन गरिएको छ । अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपका वरिष्ठ सल्लाहकार अली विनले अमेरिकी शक्ति प्रदर्शन



उल्टै असर पार्दै ‘अमेरिकी सर्वशक्तिको भ्रम कमजोर बनाएको’ टिप्पणी गरे । उनका अनुसार होर्मुज जलडमरू पुन: खोल्न एक्लै असमर्थ अमेरिकालाई अहिले आफ्नै प्रतिद्वन्द्वी चीनको सहयोग आवश्यक परेको छ ।

मङ्गलबार ट्रम्पले आफू ‘पाँच वा छ हप्ताभित्र’ चीन जाने अपेक्षा गरेको बताए । सम्भावित शिखर सम्मेलनको मुख्य उद्देश्य अघिल्लो अक्टोबरमा दक्षिण कोरियामा भएको भेटमा सहमति भएको भन्सार शुल्क युद्धविरामलाई औपचारिक रूप दिने मानिएको छ । तर, वर्तमान कमजोर अवस्थाले अमेरिकालाई गहिरो कर कटौती वा महत्त्वपूर्ण खनिज पहुँचजस्ता विषयमा कडा अडान लिन कठिन हुने देखिएको छ ।

गत सप्ताहन्त पेरिसमा भएका अमेरिकी-चिनियाँ व्यापार वार्तालाई ‘रचनात्मक’ भनिए पनि ठोस उपलब्धि नदेखिएको विश्लेषण गरिएको छ । युरेशिया समूहका डान वाङका अनुसार व्यापार, प्रविधि र अधिकारसम्बन्धी दीर्घकालीन विवादका कारण द्विपक्षीय विश्वास कमजोर बनेको छ, जसले ठुलो सहमतिको सम्भावना सीमित बनाएको छ । त्यसमाथि, चीनसहित ६० अर्थतन्त्रमा अतिरिक्त औद्योगिक क्षमतासम्बन्धी अमेरिकी अनुसन्धानले पेइचिङलाई असन्तुष्ट बनाएको छ ।

यसैबिच चीनले आफ्नो रणनीतिक लाभ जोगाइरहेको देखिन्छ । पेइचिङले होर्मुज जलडमरू पुन: सञ्चालनमा ल्याउन अमेरिकाको आग्रहलाई हालसम्म बेवास्ता गरेको छ भने दुर्लभ पृथ्वी खनिज निर्यातमा कडाइ पनि यथावत् राखेको छ । यी खनिजहरू अमेरिकी रक्षा उद्योगका लागि अत्यावश्यक मानिन्छन् । सिङ्गापुरको नेसनल युनिभर्सिटीका जेसन बेडफोर्डका अनुसार केही ‘भारी’ दुर्लभ पृथ्वी तत्त्वहरू ड्रोन, जेट, मिसाइल प्रणाली र राडारमा प्रयोग हुने भएकाले तिनको आपूर्ति नियन्त्रणले अमेरिकी सैन्य उत्पादनमै असर पार्न सक्छ ।

अमेरिकाको आन्तरिक राजनीतिमा पनि यस सङ्कटको प्रभाव देखिन सक्ने सङ्केत गरिएको छ । चीनले कृषि उत्पादन खरिदजस्ता विषयलाई वार्तामा दबाबको रूपमा प्रयोग गर्न सक्ने बताउँदै विश्लेषकहरूले रिपब्लिकन दलका लागि महत्त्वपूर्ण मध्यावधि निर्वाचनमा यसको असर पर्न सक्ने बताएका छन् । फुदान विश्वविद्यालयका वु सिन्बोले चीनसँग सम्बन्ध स्थिर राख्न नसक्दा अमेरिकाले थप चुनौती सामना गर्नुपर्ने चेतावनी दिए ।

यद्यपि, सम्भावित शिखर सम्मेलनले दुवै देशका दीर्घकालीन भू-रणनीतिक लक्ष्यमा ठुलो परिवर्तन ल्याउने सम्भावना कम देखिएको छ । ट्रम्प प्रशासनले बढ्दो ऊर्जा मूल्य नियन्त्रण गर्न इरानी तेलमाथिका केही प्रतिबन्ध खुकुलो पार्ने विचार गरिरहेको बताइएको छ, जसले चीनलाई लाभ पुग्न सक्ने विश्लेषण गरिएको छ । चीनलाई प्रतिबन्धित इरानी तेलको मुख्य खरिदकर्ता मानिने भएकाले यसले तेहरानको अर्थतन्त्रलाई सहारा दिने भूमिका खेलिरहेको छ ।

यता, ताइवानलाई अमेरिकी हतियार आपूर्ति जारी रहुन्जेल चीनले इरानसँगको रक्षा सहकार्य सीमित गर्ने कुनै प्रेरणा नपाउने विश्लेषकहरूले बताएका छन् । यसले व्यापक शक्ति प्रतिस्पर्धा अझ जटिल बनाएको छ ।

पेइचिङका सर्वसाधारणबिच पनि ट्रम्पको सम्भावित भ्रमणप्रति मिश्रित प्रतिक्रिया देखिएको छ । एक स्थानीय आइटी कर्मचारीले ट्रम्पलाई ‘अस्थिर निर्णय गर्ने नेता’ का रूपमा चित्रण गर्दै सम्झौतापछि पनि धारणा परिवर्तन हुनसक्ने बताएका छन् । अर्का एक वित्त क्षेत्रका कर्मचारीले भने अमेरिकी पक्षबाट अझै सकारात्मक सम्बन्धको सङ्केत आएको रूपमा यस भ्रमणलाई हेरेका छन् ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-३

✍ हरिबहादुर श्रेष्ठ

**इतिहास**

**प्यारा भाइबहिनीहरू,**

तिमीहरूले आफ्नो पत्रमा मानविकीमा इतिहासको अध्ययनको महत्त्व र सम्भावनाबारे पनि सोधेका छौ । तर, तिमीहरूलाई थाहा भएकै कुरा हो - हिजोको अनुभवले आजका मानिसले काम गर्छन् र आजको स्थिति हेरेर भोलिको अनुमान गर्छन् । हिजोको हाम्रो मानव समाज कस्तो थियो; आजको सम्पन्नता, सुसंस्कृत र विकसित संसार बनाउन मानिसले के-कस्ता हन्डर खाए, अनुभव गरे, आविष्कार गरे तथा त्यस्ता आविष्कारले मानव समाजमा के-कस्ता राम्रा र नराम्रा प्रभाव पारे भन्ने जानकारी हामीलाई इतिहासले दिन्छ ।

तिमीहरू भनौला - इतिहास त राजा-महाराजा वा ठुला- बडाहरूका बितेको बखान मात्रै त हो । भाइबहिनीलाई इतिहासबारे केही भ्रम रहेछ भन्ने यसबाट थाहा हुन्छ । हो, इतिहासको निश्चित कालखण्ड वा अवधिमा समाजका केही समूह, परिवार वा व्यक्ति अगाडि देखापरेका हुन्छन् । वास्तवमा त्यो त्यसबेलाको वर्ग, समूह वा दृष्टिकोणको प्रतीक मात्रै हुने गर्छ, व्यक्ति स्वयम् गौण कुरा हो । तर, सबैको इच्छालाई उसले अभिव्यक्त गर्ने हुँदा कसैको नाममात्रै अगाडि देखापरेको हुन्छ ।

यस विषयलाई 'इतिहासमा व्यक्तित्वको महत्त्व' को रूपमा हेरिन्छ । विकास, समय तथा इतिहासको धारको विरोधमा हिँड्ने जस्तोसुकै महान् भनिएका व्यक्ति केही समय सफल देखिए तापनि अन्ततः ती व्यक्ति र तिनीहरूका उपलब्धि माटोमा मिल्दै जान्छन् र विकासको नियमसम्मत चिन्तन वा उपलब्धि मात्रै पछिसम्म रहिरहन्छ । सिकन्दर, चङ्गेज खाँ, नेपोलियन, बिस्मार्क, हिटलर र मुसोलिनीजस्ता इतिहासका केही पात्रहरू छन्, जसले आफ्नो समयमा अनेकन लडाइँ गरे, अस्थायी विजय पाए र पछि आफू तथा आफ्ना उपलब्धिसँगै तिनीहरू माटोमा मिले वा समयसँगै पराजित भए । भौतिकवादी दृष्टिले ती ऐतिहासिक पात्रहरू साहसी, अति परिश्रमी र रणकौशलका धनी देखिए पनि मानव सभ्यता एवम् मानव कल्याणको हितसँग मेल नखाने हुँदा तिनीहरू इतिहासका नकारात्मक पात्र, तानाशाह, युद्धपिपासु, आक्रामक र हिंसाप्रेमी एवम् दमनकारी प्रमाणित भए ।

इतिहासमा मानव कल्याण र हितमा काम गर्ने केही पात्रलाई मानिसहरूले सकारात्मकरूपले सम्झिरहन्छन् । दासमोचन गर्ने योद्धाहरू, देशको स्वतन्त्रता र मुक्तिको निम्ति लड्ने नेताहरू, प्रजातन्त्र र समाजवादको निम्ति आफूलाई समर्पण गर्ने अनेक अग्रदूत एवम् सेनानीहरू सदा आ-आफ्ना देश र विदेशका सचेत जनताको मन-मस्तिष्कमा जीवित रहन्छन् । यसरी इतिहासमा मानिसका उपलब्धिहरू तथा सकारात्मक र नकारात्मक पात्रहरूको काम-कारबाहीको जानकारी भएमा आजका घटनाका जिम्मेवार व्यक्तिहरूले आ-आफ्नो सानो स्वार्थको निम्ति नभई व्यापक जनता र दीर्घकालीन हितलाई हेर्ने बाटो पहिल्याउने थिए । त्यही बाटोले मानव समाजको भविष्य र व्यापक जनताको हित गर्नेछ ।

इतिहासको अध्ययन अत्यन्त महत्त्वपूर्ण हुन्छ । आज हाम्रो देश ठूलो अन्योलमा छ । बेलायतको ४००, संरा अमेरिकाको अढाइ सय, फ्रान्सको २०० र जर्मनीको डेढ सय वर्ष पहिलेको स्थितिसँग नेपाललाई दाँज्न मिल्छ । त्यस्तै, रुसको १०० र चीनको ९० वर्ष पहिलेको स्थितिसँग देशलाई तुलना गर्नु आवश्यक छ । ती देशहरूले २-३ सय वर्षको सङ्घर्षको अनुभवले प्राप्त गरेको उपलब्धिलाई नेपालका केही व्यक्तिले कम मिहिनेत तथा केही वर्षमै विदेशीको सहायताबाट प्राप्त गर्ने जमर्को गर्छन् वा आशा गर्छन् ।

विदेशीको सहायताले मुक्त भएका देशहरू पछि फेरि विदेशीकै पन्जामा परेका र विदेशीकै अन्होट-पन्होटमा फसेको पनि विश्व इतिहासमा यत्रतत्र भेटिन्छ । अरूले बगाएको रगतबाट सिकेको अनुभव र आफ्नै देशको बलिदानबाट प्राप्त अनुभवलाई एक ठाउँमा राखेर अध्ययन गर्दा आफ्नै अनुभव बढी यथार्थपरक हुने गरेको छ ।

युग र इतिहासको बाटोबारे उचित अध्ययनको अभावले नेपालको स्थिति अन्धाको हात्ती छामछाम र छुमछुम साबित हुँदै छ । अँध्यारो रातमा दिशा पत्ता नलगाई जङ्गलमा जति हिँडे पनि जसरी एउटै घेरामा घुमिन्छ, देशको स्थिति पनि झन्डै त्यसरी नै अवरुद्ध छ; देश अगाडि बढ्न सकेन, किन ?

सत्तामा बस्ने र बसिसकेका व्यक्तिहरूले इतिहासबाट सिक्न चाहेनन्; त्यस्तै इतिहासका ज्ञाता प्राध्यापकहरूले समेत मूकदर्शक भएर आ-आफूले दिनसक्ने योगदान दिन कन्जुस्याइँ गरिरहे । यसको एउटा ज्वलन्त उदाहरण हो - संसद् विघटन वा प्रतिगमनको अढाइ वर्ष बितिसक्दा पनि कुन-कुन देशका इतिहासले के-कस्ता बाटा रोजे र हाम्रो देशले अब कुन बाटो रोज्नुपर्छ भन्नेबारे प्राज्ञिक छलफलमा इतिहासका विद्वानहरूले भाग लिएनन् । आफ्नो पद, बढुवा, भविष्य र परिवार तथा पुरानो सम्बन्धको चिन्ता नगरी तीतो सत्य बोल्न मानेनन् । देश जहाँको त्यहीँ रह्यो; सरकारमा जान पाए 'प्रतिगमन' सच्चियो र सत्ताबाट दूधको झिँगाजस्तै फालिएमा वा गलहत्याइएमा 'प्रतिगमन' बाँकी रह्यो भन्ने खालका कुतर्कमै बुद्धिजीवी भनीटोपल्नेहरू अडिइरहे । इतिहासका प्राध्यापकहरू पनि तटस्थ बसे; बोल्नुपर्ने समयमा नबोल्नु भनेको सत्यको पक्ष नलिनु र असत्यको विरोध नगर्नु हो । देशमा सयौं -हजारौं इतिहासका विद्यार्थी हुन्थे भने देश यस्तो मूकदर्शक स्थितिमा रहनुपर्ने थिएन ।

यसकारण, मैले भाइबहिनीहरूलाई इतिहासको अध्ययनको महत्त्वमा जोड दिन चाहेको हुँ । साँच्चै भनूँ भने विश्वविद्यालयका कक्षाहरूमा इतिहासका विद्यार्थीको कमी अनुभव गरिँदै छ । एउटा विश्वविद्यालयमा इतिहास सङ्कायको निम्ति वर्षको २ करोड जति खर्च हुन्छ । विद्यार्थी सङ्ख्याको न्यूनता हेर्दा ती सबै विद्यार्थीलाई विदेशमा छात्रवृत्ति दिएर अध्ययन गराउन पुग्दो छ ।

तिमीहरूले शङ्का गर्नेछौ - पेशाको दृष्टिले इतिहासका विद्यार्थीहरूले गर्ने कामको सम्भावित क्षेत्र सार्है सीमित होला कि ! त्यो पनि साँचो होइन । विद्यालय र महाविद्यालयहरूमा इतिहासका राम्रा शिक्षक र प्राध्यापकहरूको कमी मात्रै होइन, परराष्ट्र मन्त्रालय, प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन, पाठ्यपुस्तक प्रकाशन, पुरातत्त्व, विश्वविद्यालयका अनुसन्धानको क्षेत्र, स्थानीय तह, जिल्ला, प्रदेश, प्रतिनिधि तथा राष्ट्रियसभा र सरकारका अनेकौं सल्लाहकार समितिहरूमा इतिहासका ज्ञाताहरूको खाँचो छ । रेडियो, टीभी र अन्य प्रचार माध्यमहरूमा पनि इतिहासविद्हरूको खाँचो अनुभव हुँदै छ ।

अफ्रिका, ल्याटिन अमेरिका तथा एसियाकै कतिपय देशहरूको बारेमा नेपाली भाषामा इतिहास लेखिएका छैनन् । हरेक देशका बारेमा ५-१० जना इतिहासका ज्ञाताहरूको आवश्यकता कहिले पूरा होला ? हाम्रै देशको किराँतकालको इतिहासको अनुसन्धानमा आवश्यक जानकारहरूको अभाव महसुस गरिँदै छ । अनुसन्धानका यस्ता धेरै फाँटहरू खाली छन् । तर, लिखित इतिहासको अभावले आफ्नै देशको इतिहास अध्ययन र अनुसन्धान गर्न विदेशी लेखकहरूका पुस्तक पढ्नुपर्ने वा विदेशी विश्वविद्यालयहरूमा धाउनुपर्ने बाध्यता छ ।

इतिहास मानव जातिको अनुभवको सूची, ज्ञान र सार हो । त्यसले आज बाटो देखाउँछ र भोलिको निम्ति बाटो तयार गर्न सहयोग पुऱ्याउँछ । साथै, वीरहरूको कथाको रूपमा मात्रै हेरिने स्थिति बदल्न इतिहासको भौतिकवादी व्याख्या गर्न धेरै इतिहासका युवा-विद्यार्थीको खाँचो छ । म आशा गर्छु - भाइबहिनीहरूले यसमा अवश्य ध्यान पुऱ्याउनेछौ र आपसमा छलफल गर्नेछौ । मिश्रको पिरामिड, चीनको लामो पर्खाल एवम् विभिन्न देशका कला र संस्कृतिका स्मारकले हिजोको 'दास युगको पीडा' र 'स्वर्ण युग' सम्झाउँछ । ती स्मारकहरूलाई आज मानव सभ्यताको धरोहरको रूपमा लिइँदै छ र संसारका एक कुनाका मानिस अर्को कुनामा गएर ती आश्चर्यहरूलाई आत्मसात् गर्दै छन् ।



**भूगोल**

**भाइ राजु र बहिनी दीपा,**


पत्रमा तिमीहरूले भूगोल पढ्ने विद्यार्थीको कमी र विद्यार्थीहरूबिच 'भूगोल पढेर काम नपाइने' विषयमा हुने कुराकानीबारे पनि लेख्यौ । तिमीहरूको जिज्ञासा राम्रो हो तर भूगोल आफै एउटा ठूलो र व्यापक विषय हो भन्नेबारे मैले बताइरहनु नपर्ला !

हाम्रो देशका दुर्गम क्षेत्र र त्यहाँका जनता अझै पछाडि परेको र गरिब भएको विज्ञहरू बताउँछन् । साथै, सरकार, प्रतिनिधिसभा, राष्ट्रियसभा जस्ता नीति निर्माणको क्षेत्र वा योजना आयोगमा भूगोलविद् वा भूगोलवेत्ताको अभाव रहेको जानकारहरू औंल्याउँछन् । प्रदेश र जिल्लाहरूको हावापानी, माटोको गुण, चट्टान तथा जनसङ्ख्याको स्थिति एवम् स्वभाव, बाटा-घाटा, उब्जनी, प्राकृतिक स्रोत र सोअनुसारको विकास-निर्माणमा प्राथमिकता केलाइदिने व्यक्तिहरू नै भूगोलविद् वा भूगोलवेत्ताहरू हुन् । तिनीहरूको सङ्ख्या नेपालमा सार्है कम छ । यसको कारण सत्तामा बस्ने पार्टी र तिनका नेताहरूले तिनीहरूको महत्त्व नबुझ्नु हो भनी जानकारहरू बताउँछन् ।

त्यतिमात्र होइन, एउटा देशमाथि अर्को देशले आक्रमण गर्दा वा रक्षा गर्दा पनि भूगोलका ज्ञाताहरूको ठूलो भूमिका रहन्छ । बेलायतले भारत वा नेपालमा आक्रमण गर्नुभन्दा पहिले धर्म प्रचारक, व्यापारी, दूत, पर्यटक आदि इत्यादिको भेषमा धेरै अङ्ग्रेजहरू भारत र नेपाल पसे; वर्षौं लगाएर तिनीहरूले यहाँको प्राकृतिक र मानवीय स्थितिको अध्ययन गरे; शुभलाभको अध्ययन गरे; स्थानीय ठूला-बडा टाउकेहरूलाई किने; राजनीतिक, आर्थिक, सामाजिक र सैन्य महत्त्वका सूचनाहरू प्राप्त गरे; शासकहरूबिच गृह कलह चर्काए अनि भारत र नेपालमा आक्रमण गरे । त्यस्तै, आफ्नै देशको रक्षा गर्न भूगोलको ज्ञानको धेरै महत्त्व हुन्छ ।

चीनको मुक्ति आन्दोलनमा चिनियाँ जनतालाई हराउन संरा अमेरिका, फ्रान्स, जर्मनी, जापान, बेलायत आदि विभिन्न देशका साम्राज्यवादी रणविद्हरू लागेका थिए । तर, चिनियाँ जनताका महान् नेता माओ त्से-तुङ र अन्य चिनियाँ नेताहरूको भूगोलको ज्ञान र रणकौशलको कारण सबै देशका साम्राज्यवादी हमलाहरू पराजित भए । तिनीहरूको बुद्धि र ज्ञान सबै माटोमा मिले । सन् १९५४ मा भियतनाममा फ्रान्सेली आक्रमणकारीहरू डियन वियन फू भन्ने ठाउँमा पराजित भए । सन् १९७० को दशकमा अमेरिकी साम्राज्यवाद भियतनाम र हिन्द-चीनबाट भाग्न बाध्य भयो ।

नेपालमा १०-१२ वर्षसम्म 'माओवादी' को विद्रोह भड्किनु तथा लामो अवधिसम्म देशले 'गृहयुद्ध' को स्थिति व्यहोर्नुको कारण सत्तामा बस्ने पार्टी र तिनका नेताहरू तथा सिंहदरबार र सदरमुकामहरूमा बस्ने कर्मचारीहरूको भूगोलको अज्ञानता एवम् ती ठाउँका जनताको स्थिति, विकासको सम्भावना र इच्छा आकाङ्क्षालाई नबुझ्नु हो वा बुझ पचाएर काम गर्नु नै हो । यहाँ पनि राजनीतिक नेतृत्व तथा माथिल्ला एवम् स्थानीय कर्मचारीतन्त्र र प्रशासनमा



भूगोलविद्हरूकै अभाव खट्किन्छ ।

जुम्ला र हुम्लाजस्ता सडक नपुगेका जिल्लाहरूमा ३०-४० वर्षदेखि त्यहाँको हावापानी अनुसारको बाली र वनस्पति, पशुपालन र खाद्यान्नमा आत्मनिर्भर बनाउनेबारे नसोची पिँजडाको चरालाई दाना दिएसरह महँगो इन्धन खर्च गर्दै हवाइजहाजबाट अन्न ओसार्दै खुवाउने नीति लिइयो । के ती योजनाकार वा नीति-निर्माताहरू व्यापारी र जाली फटाहाहरूबाट ठगिएका थिए ? वा, तिनीहरू आफै त्यसका हिस्सेदार थिए । खोजबिनकै विषय हो । एउटा जिल्लाको निम्ति तोकिएको चामल र गहुँ त्यहाँ वा आवश्यक अन्य दुर्गम जिल्लामा पुग्दैन । बरु त्यसलाई खाद्यान्न ढुवानी गर्ने ठेकेदार र सम्बन्धित कार्यालयका हाकिमहरू मिलेर अन्यत्रै बेचेर खान्छन्; ढुवानी भाडा पनि खान्छन् । दुर्गम क्षेत्रको शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल खेती आदिमा सहयोग र राहतको निम्ति छुट्याइएका सामान र वार्षिक बजेटको करोडौं -करोड रुपियाँ आधाभन्दा बढी बाटैमा चुहिँदै छ । त्यस कार्यमा ठुल्ठुलो स्वरले दुर्गम जिल्लाहरूको वकालत गर्ने ठूलाबडा व्यक्तिहरू नै संलग्न भएको देखिन्छ ।


निरन्तर खाद्यान्न ढुवानीमा त्यतिको खर्च गर्नुभन्दा ती ठाउँकै हावापानीअनुसारको बालीनालीको विकासको निम्ति भूगोलविद्, वैज्ञानिक, वनस्पति वैज्ञानिक र कृषि-विशेषज्ञहरू पठाएर नयाँ बन्दोवस्त गर्न लगाइएको भए केही वर्षभित्रै देशमा चरालाई दाना दिएसरह हवाइजहाजको महँगो ढुवानी खर्च व्यहोर्नुपर्ने थिएन वा बिचैमा हुने चुहावट भोग्नुपर्ने थिएन ।

जिल्ला-जिल्लाको भू-बनोटअनुसार बन्दोवस्त गर्न जान्ने भूगोलविद्हरूको अभावले देशको क्षेत्रीय विकास र समान विकास हुन नसकेको प्रस्ट छ । यस्तो खाँचो पर्दा विशेषज्ञहरूको अभाव नीति-निर्माणका क्षेत्रमा मात्रै होइन, विश्वविद्यालय, महाविद्यालय, विद्यालय र प्राज्ञिक क्षेत्रमा पनि खट्केकै विषय हो । यसकारण, भाइबहिनीहरूले भूगोलको ज्ञान र भूगोलबेत्ताहरूको महत्त्वबारे छलफल गरी देशलाई खाँचो परेको श्रमशक्ति तयार गर्ने काममा सघाउने विश्वास गर्छु ।

नेपालको पूर्व, पश्चिम र दक्षिणको सीमा भारतसँग जोडिएको छ । तीनैतिर भारतसँग हाम्रो सीमा विवाद छ । हाम्रा सर्भेसम्बन्धी कतिपय कर्मचारीहरू भारतबाटै तालिमप्राप्त छन् र तिनीहरू भारतीय दृष्टिकोणबाट समेत प्रभावित छन् । यसकारण, नेपाल-भारत सीमामा ७१ भन्दा बढी ठाउँमा भारतबाट थिचोमिचो भएको नेपाली जनता अनुभव भारतले सीमा मिचेका नेपालका जिल्लाहरू गर्दै छन् । कतिपय मन्त्रालयका सचिव र विभागीय स्तरका निर्देशकहरू समेत भारतको प्रभावमा छन् ।

वन, सिँचाई, सीमा, जलस्रोतजस्ता क्षेत्रका हाम्रा सरकारी कर्मचारीहरू भूगोलको ज्ञानको अभाव तथा ठूलो देशको प्रभाव वा लोभमा परेर सीमा निर्धारणमा जान्छन् । नेपालबाट बगेका नदीहरूमा भारतीय पक्षले एकतर्फी बाँध बाँधेर देशको हजारौं-हजार एकड भूमि जलमग्न हुने, हजारौं -हजार जनता बिचल्लीमा पर्ने लगायतका दृश्य देख्दादेख्दै पनि ती कर्मचारीले समयमै कारबाही चलाउँदैनन् । जनता कराएपछि बल्ल बिउँझन्छन् । कर्मचारीहरूले यसको दोष भारतको अगाडि झुक्ने नेता र मन्त्रीहरूलाई दिन्छन् भने तिनीहरू कर्मचारीहरूलाई दोष दिएर पन्छिन्छन् ।

देशको सीमा जोगाउन समेत भूगोलविद् र भूगोलका ज्ञाताहरू चाहिने हुँदा हामीलाई हजारौं -हजार भूगोलका विद्यार्थीको खाँचो छ । भूगोलका ज्ञाता वा भूगोलविद्हरूले नै सीमा र सीमाका सिद्धान्तहरू एवम् इतिहासको जानकारी राखेर आफ्नै ज्ञान र बुद्धिले रगत बगाई कोरेको सीमारेखालाई जोगाउनेछन् ।



# इरान, युआन र डलर प्रतिबन्ध प्रणाली

**✍ गेरी विल्सन**

गत मार्च महिनादेखि नै इरानले हर्मुज नाकाबाट सीमित सङ्ख्यामा ट्याङ्कर पठाउने खबर आइरहेको थियो। यसको लागि इरानले सर्त राखेको थियो, भुक्तानी चिनियाँ युआनमा हुनुपर्छ। एक इरानी अधिकारीले यो कुरा बाहिर ल्याएका थिए। तर, इरान सरकारले यसलाई पुष्टि गरेको छैन। यो एउटा परीक्षण हुन सक्छ। यो सम्झौताका लागि एउटा सङ्केत पनि हुन सक्छ। तर, यो विषय निकै गम्भीर छ। यो तेलको ट्याङ्करबाट भन्सार लिने वा तेलको मूल्यसँग मात्र सम्बन्धित छैन। अमेरिकाले आर्थिक युद्धको हतियारको रूपमा डलर प्रतिबन्ध प्रणालीलाई प्रयोग गर्दै आएको छ।

**आर्थिक युद्ध पनि युद्ध नै हो**

इरानविरुद्ध अमेरिकाको युद्ध सन् २०२६ फेब्रुअरी २८ मा सुरु भएको होइन। त्यो दिन त बमबारी सुरु भएको मात्र हो। यो युद्ध खासमा कम्तीमा ४ दशकअघि सुरु भएको थियो। अमेरिकाले इरानविरुद्ध वित्तीय नाकाबन्दी र आर्थिक प्रतिबन्ध लगाउँदै आएको छ। उसले आफ्नो डलर शक्तिलाई हतियारको रूपमा प्रयोग गर्दै आएको छ।

प्रतिबन्ध मजदुरहरूविरुद्ध सोझ्याइने आर्थिक युद्ध हो। यो युद्धले सुरुमा सामान्य जनताको घाँटी थिच्छ। प्रतिबन्धले गर्दा एकाएक महँगी र अभाव बढ्छ; सार्वजनिक सेवाहरू ध्वस्त हुँदै जान्छ। खाना, औषधि उपचार र इन्धनको भाउ एकाएक बढ्छ। बैङ्कहरू धमाधम बन्द हुन्छन्। अर्थतन्त्र चलायमान बनाउन सरकारले सामाजिक कार्यक्रममा खर्च कटौती गर्छ। आर्थिक प्रतिबन्धको लक्ष्य एकदम स्पष्ट छ, सर्वसाधारण जनताको जीवनचर्या कष्टकर बनाएर तिनलाई सरकारविरुद्ध उचाल्ने र सरकारलाई घुँडा टेकाउने।

विश्वमा यो दबदबालाई सम्भव बनाउने औजार हो - डलर प्रणाली। विश्वभरि हुने अधिकांश अन्तर्राष्ट्रिय भुक्तानी अमेरिकी बैङ्क वा डलर खाताबाट गुज्रिनुपर्ने हुन्छ। यसले गर्दा अमेरिकी अर्थ मन्त्रालयले एउटा सहुलियत पाउँछ। उसले 'प्रतिबन्ध लागेका देशहरूसँग व्यापार गर्‍यौ भने विदेशी बैङ्कहरूलाई अमेरिकी वित्तीय प्रणालीबाट नाल काटिदिन्छु' भनेर धम्की दिन सक्छ।

इरान ४० वर्षदेखि युद्धमा बाँचिरहेको छ। क्युबाले युद्धमा बाँचेको ६० वर्षभन्दा बढी भइसक्यो। अहिले ट्रम्प सरकारले क्युबाको घाँटी थिच्दै छ। क्युबाको ऊर्जा आपूर्ति ठप्प पारेको छ। यसले गर्दा त्यहाँ इन्धनको अभाव र लोडसेडिङ चुलिँदै छ। भेनेजुयलाले सन् २०१५ देखि अमेरिकाको वित्तीय दबाब झेल्दै आएको छ। त्यो वर्ष अमेरिकाले भेनेजुयलालाई ऋण बजार र तेल राजस्वबाट निकाला गर्‍यो। जब कि तिनै स्रोतबाट भेनेजुयला सरकारले लोककल्याणका कार्यक्रममा खर्च गरिरहेको थियो। प्रजग कोरिया, सिरिया र जिम्बाब्वेलाई पनि अमेरिकाले यसरी नै अँठ्याउँदै आएको छ। आजका मितिमा अमेरिकाले विश्वका झन्डै एकतिहाइ जनतालाई आर्थिक प्रतिबन्धको हतियारले सताइरहेको छ।

सन् २०२६ मार्चमा तेलको भाउले १०० डलर नाघ्यो। यसपछि अमेरिकाले चुपचाप १२ करोड ८० लाख ब्यारेल रुसी तेलमाथिको प्रतिबन्ध फुकुवा गर्‍यो। आफूले थालेको इरान युद्धले आपूर्तिमा हुने कटौतीलाई मिलान गर्न उसले गुपचुप रूपमा यो फुकुवा गरेको थियो। ४ दशकदेखि इरानको अर्थतन्त्रको घाँटी थिच्न अमेरिकाले आर्थिक प्रतिबन्धको यही खेल खेल्दै आएको छ। यता आफूलाई अप्ठ्यारो पर्दा वासिङ्टनले रुसमाथि लगाएको प्रतिबन्ध फुकुवा गर्‍यो। कुनै सिद्धान्त छैन। कुनै सुसङ्गत तर्क छैन। अमेरिकाका लागि आफूलाई फाइदा हुँदा प्रयोग गर्ने नहुँदा एकातिर थन्काउने हतियार हो - आर्थिक प्रतिबन्ध।

**डलर प्रभुत्वले वास्तवमा के गर्छ ?**

सन् १९७१ मा ब्रिटन वुड्सको स्वर्ण प्रणालीको पतन भयो। त्यसयता डलर नै विश्व वित्तीय प्रणालीको केन्द्र रहँदै आएको छ। अमेरिकाले बाँधिराखेको वित्तीय बजार, बैङ्किङ पूर्वाधार र राजनीतिक सत्ताको जालोमार्फत डलरको यो प्रभुत्वले काम गर्छ।

डलर प्रभुत्वको अर्थ मूलतः तेलको मूल्य तोक्नु होइन। यस्तो भन्दा केही कुरा बाहिर छुट्छ। वास्तविक शक्ति वित्तीय बजारमा छ।

डलर विश्वको सञ्चित मुद्रा हो। विश्वका अधिकांश अन्तर्राष्ट्रिय ऋण यही मुद्रामा निकासा हुन्छ। यही मुद्रामा विश्वभरि केन्द्रीय बैङ्कहरूले आफ्ना सञ्चिती राख्छन्। यसकारण, यो सञ्चिती सधैं (अमेरिकी) कब्जामा पर्ने असुरक्षामा रहन्छ। यही मुद्राबाट विश्वका धेरै अन्तर्राष्ट्रिय वित्तीय लेनदेन गरिन्छ। विश्वको सबैभन्दा गहिरो र सबैभन्दा तरल वित्तीय बजारले डलरको यो दबदबालाई टेवा दिन्छ।

एकपल्ट यो मुद्रालाई केन्द्रमा राखेर विश्व वित्तीय प्रणाली बनाइसकेपछि प्रणालीले आफै डलरलाई अघि बढाउँछ। बैङ्कहरूले यसकै प्रयोग गर्छन्। कम्पनीहरूले डलर किन्छन्। सरकारहरूले आफ्ना सञ्चिती डलरमै राख्छन्। त्यसकारण, यो मुद्रालाई विस्थापित गर्न एकदम गाह्रो हुन्छ।

यो प्रणाली बदल्न गाह्रो छ। आजसम्म अर्को कुनै देश वा सङ्गठनले डलरलाई गहिराइमा गएर यसखाले वित्तीय बजार बनाएको छैन। युरोपमा चल्ने युरोले समेत २० वर्ष लगाएर यस दिशामा अलिकति मात्र प्रगति गरेको छ।

यसले अमेरिकी सरकारलाई एउटा हतियार दिन्छ। अमेरिकाकै स्तरमा विश्वको अर्को देशले यो हतियार चलाउन सक्दैन। विश्वका अधिकांश अन्तर्राष्ट्रिय भुक्तानीहरू अमेरिकी डलरमा आधारित बैङ्किङ प्रणालीसँग जोडिएका बैङ्कहरूबाट हुने भएकोले वासिङ्टनले जुनसुकै देश वा बैङ्कलाई विश्ववित्त प्रणालीबाट अलग्याउने धम्की दिन सक्छ। यो धम्की यथार्थ हो। युरोप, एसिया र ल्याटिन अमेरिकाका बैङ्कहरूले अमेरिकी प्रतिबन्धलाई साथ दिन्छन्। किनभने, ती बैङ्कको नियम कानुनको लागि पनि यो जरुरी छ। अमेरिकी प्रतिबन्धमा साथ दिन नमाने ती बैङ्कलाई अमेरिकी बैङ्किङ प्रणालीबाट अलग गर्ने हुन सक्छ। बैङ्कलाई पैसा चाहिन्छ र विश्वको धेरैजसो पैसा अमेरिकी बैङ्किङ प्रणालीले चलाउँछ।

फलतः अमेरिकी विदेशनीतिले वासिङ्टनमा बसेरै विश्वका धेरै अर्थतन्त्रको घाँटी थिच्न सक्छ। आर्थिक प्रतिबन्ध लागेका देशका श्रमजीवी जनताले महँगी (मुद्रास्फिती), अभाव र बेरोजगारीमार्फत प्रतिबन्धको मार भोग्नुपर्छ। प्रतिबन्ध नलागेका देशका श्रमजीवी जनताले पनि यस्तै मार भोगिरहेका छन्। डलरमा दिइने ऋण र अन्तर्राष्ट्रिय मुद्राकोषले राख्ने सर्तका कारण ती देशमा सरकारले सामाजिक कार्यक्रममा गर्ने खर्च कटौती गरिन्छ। (मिठो भाषामा यसलाई 'मितव्ययी नीति' भनिन्छ।) यसको मार सिधै ती देशका श्रमजीवी जनतामाथि पर्छ।

यो प्रणाली यसरी नै काम गर्छ। यो नै आजको साम्राज्यवादको वित्तीय पूर्वाधार हो।

**युआनको वास्तविक कथा के हो ?**

चीनको मुद्रा युआनमा भुक्तानी गर्दैमा डलरको दबदबालाई चुनौती हुँदैन। तेलको मूल्याङ्कन वा खरिदबिक्री युआनमा हुन सक्ला। तर, अझै पनि तेलको विश्वव्यापी मूल्य अझै पनि डलर बजारमा तय हुन्छ।

युआनमा भुक्तानी गर्ने कुराको अलि साँघुरो तल तत्कालीन महत्त्व छ। यसले डलर प्रणालीलाई छल्ने नयाँ भुक्तानी पूर्वाधारको निर्माण गर्न सक्छ।

इरानले हर्मुज नाका पार गर्न युआनमा भुक्तानी माग्छ र यो अहिलेलाई मात्र नभई पछि पनि एक नियमित अभ्यास बन्छ भने दृश्य फेरिनेछ। इरान र ऊसँग व्यापार गर्ने साझेदारले कारोबार गर्ने एउटा नयाँ बाटो तयार गर्नेछन्। कारोबारको लागि अमेरिकी बैङ्कहरूमा पैसा पठाइरहनुपर्ने छैन। यही बाटोलाई अझ फराकिलो तवरले प्रयोग गर्न सकिनेछ। अरू प्रकारका लेनदेन गर्न, ऋणको दायरा विस्तार गर्न र वित्तीय सम्बन्ध निर्माण गर्न सकिनेछ। यसखाले वित्तीय सम्बन्धले आर्थिक प्रतिबन्ध लगाउने अमेरिकी क्षमता खुम्च्याउँदै जानेछ।

खासमा नयाँ भुक्तानी प्रणाली अस्तित्वमा आइसकेको छ। चीनको 'सीमान्तर अन्तरबैङ्क भुक्तानी प्रणाली' (CIPS) यस्तै भुक्तानी मार्ग हो। यसमार्फत लेनदेन गर्दा बैङ्कहरूले पैसालाई अमेरिकी बैङ्किङ प्रणालीको बाटो लग्नुपर्दैन। यो प्रणालीबाट कारोबार गर्दा चिनियाँ र इरानी बैङ्कहरूले अमेरिकी बैङ्कमा पाइला पनि टेक्दैनन्। जति प्रतिबन्ध लगाउनुपर्ने हो त्यो अमेरिकी बैङ्कमा लगाइन्छ। तर, CIPS प्रणालीमा डलर छुनै पर्दैन। अमेरिकी संस्थानहरूको नाम लिनुपर्दैन। सबै लेनदेन चीनको वित्तीय प्रणालीमा हुन्छ। त्यही भएर चिनियाँ वस्तु, यन्त्र वा औषधी खरिद गर्नका लागि इरानी बैङ्कहरूले सिधै युआनमा भुक्तानी गर्दा हुन्छ। अमेरिकी अर्थ मन्त्रालयले कुनै नियन्त्रण जमाउन पाउँदैन।

यसकारण, वासिङ्टन सतर्क बनेको हो। डलरको प्रभुत्व अन्त्य हुन थालेकोले अमेरिका आत्तिएको होइन। बरु डलरमुक्त भुक्तानी पूर्वाधार मौलाउँदै गयो भने त्यसले अमेरिकाको आर्थिक युद्ध गर्ने क्षमता घटाउने भएकोले ऊ आत्तिएको हो। डलरमुक्त भुक्तानी पूर्वाधार फैलियो भने आर्थिक प्रतिबन्ध लागेका देशहरूले अमेरिकी नियन्त्रण प्रणालीभित्र नपसी व्यापार गर्न सक्नेछन्; औषधी आयात गर्न सक्नेछन्; तेल बेच्न सक्नेछन्; भुक्तानी पाउन सक्नेछन्।

४ दशकसम्म आर्थिक प्रतिबन्ध झेलेको इरानका लागि यो लेनदेन एकदम मूल्यवान छ। अमेरिकाको वित्तीय चङ्गुलमा परेका भेनेजुयला, क्युबाजस्ता देशहरूका लागि पनि यस्तो लेनदेनको ठूलो महत्त्व छ।

**युद्धले नयाँ मौका दियो इरानलाई**

विश्वभरि हुने तेल व्यापारको पाँच भागको एक भाग व्यापार हर्मुज नाकाबाट हुन्छ। त्यो नाकामा इरानको भौगोलिक पकड एक रणनीतिक तथ्य हो। इरानमाथि आक्रमण गर्ने अमेरिकी निर्णयले तेहरानलाई त्यो पडक प्रयोग गर्ने सुसङ्गत निहुँ दियो। हर्मुजमाथिको पकड प्रयोग गरेर अब इरान आफ्ना सर्त मनाउने गरी सम्झौतामा जान सक्छ।

चार दशकको आर्थिक प्रतिबन्धले फत्ते हुन नसकेको काम सैन्य बलले गर्न सक्छ भन्ने सोचेको थियो अमेरिकाको शासक वर्गले। सैन्य बल प्रयोग गरेर इरानी सरकार ढलाउने र त्यसको ठाउँमा आफ्नो कठपुतली सरकार थोपर्ने उसको मनसुबा थियो। तर, भयो उल्टो। उसले इरानलाई एउटा हतियार दियो।

पुनः वित्तीय प्रभुत्व लाद्न सैन्य शक्ति प्रयोग गर्न खोजियो भने अन्ततः दुवै देश कमजोर बन्नुपर्नेछ।

**श्रमजीवी जनताको सरोकार**

तैपनि, स्थिति कसरी अघि बढ्छ भन्ने कुराले अर्थ राख्छ। डलर प्रणालीलाई छलेर गरिने प्रत्येक भुक्तानीले आर्थिक युद्ध गर्ने अमेरिकी क्षमतामा कटौती हुन्छ। अमेरिकी डलरमा आधारित बैङ्किङ प्रणालीबाट मुक्त रहेर व्यापारिक भुक्तानी गर्ने देश मात्र अमेरिकी प्रतिबन्धबाट बच्न सक्छ। यस्तो क्षमता बनाउने देशको घाँटी अमेरिकाले थिच्न सक्नेछैन।

यसमा विश्वका कामदार जनताको प्रत्यक्ष सरोकार छ। डलर प्रणाली एक दबाबकारी हतियार हो। यो हतियार प्रयोग गरेर (अमेरिकाले) दक्षिणी गोलार्द्धका देशहरूमा दशकौँदेखि संरचनात्मक गरिबी फैलाएको छ; सामाजिक खर्चमा कटौती गराएको छ। यो हतियार भुत्ते भयो भने ठोस परिणाम आउनेछ। त्यो स्थितिमा आफूले भने जस्तो नगर्ने सरकारहरूलाई तह लगाउने अमेरिकी शासक वर्गको क्षमता ह्वात्तै घट्नेछ। अमेरिकी शासक वर्गले तेल खानी राष्ट्रियकरण गर्ने, स्वदेशी कामदारहरूलाई सहयोग गर्ने र आफ्नो अर्थतन्त्रलाई साम्राज्यवादी वित्तसामु घुँडा नटेकाउने देशहरूलाई सजाय दिन सक्नेछैन।

आज यसको परिणाम क्युबा जस्ता देशमा देखापरेको छ। अमेरिकाले तेल आपूर्ति गर्ने जहाजहरूमा दबाब बढाएपछि त्यहाँ इन्धनको अभाव र लोडसेडिङ देखिएको छ; यातायात, खाद्यान्न ढुवानी र स्वास्थ्य सेवामा अवरोध पुगेको छ।

इरानविरुद्ध युद्धको उद्देश्य यही प्रणाली जोगाउनु हो। दशकौँदेखि वासिङ्टनले आर्थिक प्रतिबन्ध, वित्तीय नाकाबन्दी र डलरको सत्तालाई प्रयोग गरेर साम्राज्यवादसामु घुँडा नटेक्ने देशहरूलाई ठेगान लगाउँदै आएको छ। सैन्यशक्ति पनि यस्तै हुन्छ।

इरानले युआन चलाउँदैमा डलर प्रणाली रातारात उल्टिनेछैन। तर, यो बाटोबाट गरिने प्रत्येक भुक्तानीले त्यो प्रणाली छल्नेछ। यसले अमेरिकाको आर्थिक युद्ध गर्ने क्षमता कमजोर पार्नेछ। कुनै देशलाई भोकभोकै राखेर घुँडा टेकाउने उसको नीति भुत्ते हुँदै जानेछ। इरान, क्युबा र भेनेजुयला जस्ता अमेरिकी प्रतिबन्धले पिरोलिएका देशहरूका लागि यो निकै महत्त्वपूर्ण छ।

युद्धको औजारका रूपमा विश्व वित्तलाई प्रयोग गर्ने अमेरिकी क्षमता यतिबेला दाउमा छ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*



# इजरायल-इरान युद्धमा हतियारका रूपमा एआई

✍ डेनियल एस्ट्रिन

इरानमाथि आक्रमणअघिको रात इजरायली जनरलहरूले आफूले चढ्ने गरेको कार तेल अभिभको सैन्य मुख्यालयको पार्किङस्थलहरूमा नभई घरमै राखेका थिए । रातको समय मुख्यालयमा थुप्रै गाडी देख्दा इरानका लागि निगरानी गर्नेहरूले कुनै तयारी हुँदै गरेको ठान्ने र युद्ध नजिकिँदै गरेको सङ्केत मान्न सक्थे । त्यस्तै, युद्धअघिका केही दिन अमेरिकी युद्धविमानहरू इरानलाई भुक्याउनका खातिर दक्षिणी इजरायलमा जानाजानी पार्क गरेर राखिएको थियो । इरानले चिनियाँ भूउपग्रहमार्फत इजरायलमाथि नजिकबाट नजर राखेको अनुमानमा भ्रम छर्न यस्तो गरिएको थियो । इजरायलले युद्धका लागि प्रयोग गरेका लडाकु विमानसमेत पूर्णतः अनपेक्षित क्षेत्र अर्थात् उत्तरी इजरायलको रमत डेभिड बेसबाट उडाएको थियो ।

इजरायली सेनाको अपरेसन निर्देशनालयका एक वरिष्ठ रक्षा अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा एनपिआरसँगको कुराकानीमा इजरायल र अमेरिकाले इरानविरुद्ध युद्ध सुरु गर्दा यीलगायत धेरै छलनीति अपनाएको पुष्टि गरे । 'यस्ता चालको उद्देश्य प्रतिद्वन्द्वी पक्षलाई छिट्टै कुनै कदम चालिँदै छ भन्ने भनकसमेत नपरोस् भन्ने हुन्छ,' केही अघिसम्म इजरायली सेनाका लागि मनोवैज्ञानिक प्रभाव युद्धको नेतृत्व गर्ने कर्नल डोरोन हदारले भने । अधिकारीहरू र विश्लेषकका अनुसार इरान युद्ध 'डिजिटल-भौतिक युद्धभूमि'मा लडिएको छ, जसमा परम्परागत छलनीति र अत्याधुनिक एआई प्रविधि पनि हतियारका रूपमा प्रयोग भइरहेको छ ।

**इरानविरुद्ध साइबर अपरेसन**

इरानी भूमिमा अमेरिकी बम बर्सिनुअघि नै अमेरिकाको सेनाले त्यहाँ साइबर आक्रमण गरेको थियो । 'एकदम सटिक रूपमा अन्तरिक्ष र साइबर अपरेसन एकसाथ चलाएर निसाना क्षेत्रको सञ्चार र सेन्सर सञ्जाल पूरै अवरुद्ध गरिएको थियो । परिणामस्वरूप प्रतिद्वन्द्वीको अवलोकन गर्ने, समन्वय गर्ने र जवाफ फर्काउने क्षमता प्रभावकारी रूपमा कमजोर बन्यो,' अमेरिकी सेनाको 'जोइन्ट चिफ अफ स्टाफ' प्रमुख जनरल डेन केनले आक्रमणबारे पत्रकारसँग बोल्ने क्रममा भने ।

उता इरानी सर्वोच्च नेता अयातुल्लाह अली खामेनीलाई निसाना बनाउन पठाइएका इजरायली युद्धक विमानले इरानको राजधानीका सडकमा ट्राफिक प्रयोजनका लागि राखिएको क्यामेरा ह्याक गरेर उनको अवस्थिति पत्ता लगाएको इजरायली रक्षा मन्त्रालयका एक वरिष्ठ अधिकारीले भने । 'फाइनान्सियल टाइम्स' ले लेखेको एक समाचार अनुसार इजरायलले निसाना यकिन गर्न ट्राफिक क्यामेराले खिचेका भिडियो फुटेजहरू र अर्बौं डेटा पोइन्स मिलाएर हेरेको थियो । 'यस युद्धमा इजरायलले निसाना सटिक बनाउन धेरै अत्याधुनिक प्रकारको डेटा प्रशोधन वा ठुलो डेटा फ्युजन प्रविधि प्रयोग गऱ्यो । सामान्य मानिसले बुझ्ने भाषामा यो युद्धमा एआईको प्रयोग भएको हो,' इजरायली अखबार 'हारेट्ज'का साइबर-सुरक्षा रिपोर्टर ओमर बेन्जाकोबले भने ।



सैन्य प्रयोगका लागि आफ्नै स्वतन्त्र एआई प्रणाली विकास गर्ने सन्दर्भमा इजरायल अमेरिकाभन्दा धेरै अगाडि रहेको बेन्जाकोभको ठम्याइ छ । अहिले नै एन्थ्रोपिक' कम्पनीले विकास गरेको एआई मोडेल 'क्लाउड' को सैन्य प्रयोग गर्न दिने सन्दर्भमा ट्रम्प प्रशासन र कम्पनीबिच विवाद चलिरहेको छ । 'यो प्रविधि विकासमा केही स्तरमा सेना आफैँ सक्षम हुनुपर्छ भन्ने धारणा यहाँ छ,' बेन्जाकोबले इजरायलको सेनातर्फ औँल्याउँदै भने, 'कुनै दिन इजरायली सेनाले पनि क्लाउड प्रयोग गरेको पत्ता लाग्यो भने सान फ्रान्सिस्कोमा विरोध हुनेछ । त्यसपछि तिनले क्लाउड प्रयोग रोक्नेछन् । त्यस्तो अवस्थाको पहिले अनुमान गरेर इजरायलले क्लाउडको आफ्नै संस्करण विकासमा जोड दिएको हुन सक्छ,' उनले भने ।

साइबर-युद्धमा पछि छैन इरान पनि उता साइबर युद्धमा इरान पनि सक्रिय नै छ । पछिल्ला केही वर्षयता 'टेलिग्राम' मेसेजिङ एपमार्फत इरानले दर्जनौँ इजरायली नागरिकहरूलाई गुप्तचर कार्यमा जोडेको तथ्याङ्क इजरायलसँग छ । उनीहरूलाई इजरायली समाजमा जातीय कलह भड्काउन, सार्वजनिक सम्पत्तिमा आगजनी गर्न वा सरकारविरोधी भित्तेचित्र लेख्न पैसा दिइएको पाइएको इजरायली अधिकारी बताउँछन् । बेन्जाकोब आफू र आफ्नी श्रीमतीलाई धम्की दिने इजरायलीहरू पनि सम्भवतः इरानले भर्ती गरेको मानिस रहेको विश्वास गर्छन् । विशेषतः धम्की दिन प्रयोग भएका सामाजिक सञ्जाल एकाउन्ट प्रायः फेक हुनुले पनि उनको आशङ्कालाई बल दिएको छ ।

'मेरी श्रीमतीले काम गर्ने ठाउँमा कसैले यहुदीहरूले मृत्युपछि बाल्ने मैनबत्तीको प्याकेज पठायो र त्यही समय मेरो ह्वाट्सएपमा बेनामे व्यक्तिले मैले जे गरिरहेको छु त्यो काम नछाडे मेरी श्रीमतीले ती मैनबत्ती प्रयोग गर्नुपर्ने अवस्था आउने धम्की आयो । यो एकप्रकारले डिजिटल मनोवैज्ञानिक आक्रमण हो,' बेन्जोकोबले भने ।

हाल 'हालकियोन ऱ्यान्समवेयर रिसर्च सेन्टर'मा कार्यरत एफबीआईकी पूर्वसाइबर विभाग उपनिर्देशक सिन्थिया कैसर इरानले अमेरिकासँग बदला लिन विगतमा जस्तै अमेरिकी अस्पतालको प्रणालीलाई लक्षित गरेर साइबर आक्रमण गर्न सक्ने चेतावनी दिन्छिन् । उनले विदेशमा रहेका इरानीहरूको सूचना सङ्कलन गर्न इरानी-प्रायोजित अभियान चलेको पनि बताइन् । 'हामीले यस्ता केही गतिविधि देखेका छौँ जुन यस भेगका मानिसको सूचना सङ्कलन हुने संस्थामाथि जासुसी भएजस्तो देखिन्छ । हाम्रो मूल्याङ्कनले यो सम्भवतः वर्तमान शासनप्रति असन्तुष्ट मानिसप्रति लक्षितजस्तो देखाउँछ,' कैसरले भनिन् ।

**इरानमा इजरायली ह्याकिङ र ट्रोलिङ**

उसो त इजरायलले प्रतिद्वन्द्वीविरुद्ध मनोवैज्ञानिक साइबरयुद्ध सञ्चालन गर्ने गरेको लामो इतिहास छ । उसले युद्धको सुरुमा इरानमा लोकप्रिय रहेको मुस्लिमको प्रार्थनासम्बन्धी एक 'एप' ह्याक गरेको थियो । ह्याक गरेर सो एपमा इरानी सैनिकहरूलाई वर्तमान शासनविरुद्ध लाग्न प्रेरित गर्ने सन्देश पठाइएको एक वरिष्ठ इजरायली अधिकारीले बताए । अमेरिकी पत्रिका 'वाल स्ट्रिट जर्नल' ले पहिलोपटक यो ह्याकिङसम्बन्धी समाचार लेखेको थियो । गत वर्ष, इजरायलले तेहरानमा रहेको इरानको कुख्यात 'इभिन जेल'मा बमबारी गरेपछि इजरायलले इरानी अधिकारीहरूलाई त्यो बम विस्फोटको भिडियो पठाएको एकजना इजरायली अधिकारीले भने । 'भिडियोसँगै तपाईंहरू आफूले सोचेजस्तो बलियो हुनुहुन्न भन्ने सन्देश पठाइएको थियो,' ती अधिकारीले भने ।

डिजिटल अधिकारवादी समूह 'सिटिजन ल्याब' ले प्रकाशित गरेको एक रिपोर्टमा भने अनुसन्धानकर्ताहरूले त्यतिबेला इजरायलले झुटा ट्विटर खातामार्फत इभिन जेल विस्फोटको एआईनिर्मित फोटो व्यापक फैलाएको पाएका छन् । ती तस्बिरमार्फत इरानीहरूलाई वर्तमान शासकविरुद्ध विद्रोह गर्न प्रेरित गर्ने इजरायलको उद्देश्य रहेको ल्याबको ठम्याइ छ । इजरायली अधिकारीहरूले भने यो आरोप अस्वीकार गरे । 'खासमा इजरायलले विगतमा ठ्याक्कै यस्तै प्रकारको काम गर्ने गरेको रेकर्ड छ,' सिटिजन ल्याबको रिपोर्टको सहलेखक क्लेम्सन विश्वविद्यालयका गलत सूचना अनुसन्धानकर्ता ड्यारेन लिनभिलले भने, 'तिनीहरूले सैन्य अपरेसनसँग मनोवैज्ञानिक अपरेसनलाई एकीकृत गरेर इरानी शासनलाई जसरी पनि ढाल्ने अभियान चलाइरहेका छन् ।'

*(विभिन्न अन्तर्राष्ट्रिय मिडियाका लागि एक दशकदेखि मध्यपूर्वबारे रिपोर्टिङ गरिरहेका एस्ट्रिन सन् २०१९ मा 'एड्वर्ड आर. मुर्रो' पुरस्कारबाट सम्मानित पत्रकार हुन् । एनपिआरमा प्रकाशित उनको लेखलाई श्रवण उप्रेतीले अनुवाद गरेका हुन् ।)*

# तेलको मूल्यवृद्धिले विश्व अर्थतन्त्रमा ल्याउनेछ ठुलो हलचल

✍ जोन पावर

फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिका र इजरायलले पहिलोपटक इरानमाथि आक्रमण गरेको केही समयपछि युद्धले तेलको मूल्य प्रतिब्यारेल १०० डलरभन्दा माथि पुऱ्याउन सक्ने विश्लेषकले चेतावनी दिए । अब, युद्ध सुरु भइसकेकाले तीन साताभन्दा कम समयमा बजार पर्यवेक्षकले तेलको मूल्य प्रतिब्यारेल १५० देखि २०० डलर नाघ्ने सम्भावनालाई गम्भीरतापूर्वक विचार गरिरहेका छन् । मार्च ९ मा विश्वव्यापी बेन्चमार्क- 'ब्रेन्ट क्रुड' को मूल्य लगभग प्रतिब्यारेल १२० डलर पुगेको थियो र मार्च १३ देखि १०० को सीमाभन्दा तल झरेको छैन । मार्च १८ मा इरानको साउथ पार्स ग्यास फिल्डमा इजरायली आक्रमण तथा कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा रहेका तेल र ग्यास सुविधामा इरानी हमलाले बुधबार कच्चा तेलको मूल्य प्रतिब्यारेल १०८ डलरभन्दा बढी पुऱ्यायो ।

शान्तिकालमा विश्वव्यापी तेल आपूर्तिको लगभग पाँच भागको एक भागका लागि हर्मुजको जलमार्ग आगामी सातासम्म प्रभावकारी रूपमा बन्द रहेमा मूल्य धेरै माथि जान सक्ने कुरामा विश्लेषक व्यापक रूपमा सहमत छन् ।

बहसको एक मात्र वास्तविक बिन्दु कति डलरले वृद्धि हुन्छ भन्ने हो । 'ओमान र दुबईजस्ता मध्यपूर्वी बेन्चमार्कले पहिले नै तेलको मूल्य १५० डलरको सीमा पार गर्न सक्ने जनाएका छन् । तसर्थ, प्रतिब्यारेल २०० डलर पहिले नै दृश्यमा छ,' तेल बजार विश्लेषण प्रदायक 'भान्डा इनसाइट्स' की संस्थापक वन्दना हरिले अलजजिरालाई भनिन् । 'यहाँबाट कच्चा तेल कति माथि जान्छ भन्ने कुरा लगभग पूर्ण रूपमा हर्मुज जलमार्ग कति समय बन्द रहन्छ भन्नेमा निर्भर गर्छ,' बन्दनाले भनिन् । इरानले द्वन्द्वको सुरुमा जलमार्ग बन्द भएको घोषणा गरेपछि र उक्त मार्ग भएर पारवहनको प्रयास गर्ने कुनै पनि जहाजलाई प्रहार गर्ने धम्की दिएपछि त्यहाँ यातायात लगभग बन्द भयो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलमार्ग पुनः खोल्न नौसेनाका पनडुब्बीका लागि अन्तर्राष्ट्रिय समर्थन खोजिरहेका छन् भने केही देश सुरक्षित मार्गका लागि इरानसँग सम्झौता गर्न हतार गरिरहेका छन् । हालका दिनमा मुठीभर जहाजहरू, प्रायः भारतीय, पाकिस्तानी, टर्की र चिनियाँ झन्डा भएका जहाजलाई मात्र पार गर्न अनुमति दिइएको छ ।

देशहरूले अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीसँगको समन्वयमा आपत्कालीन भण्डारबाट ४० करोड ब्यारेल तेल निकाल्ने प्रतिबद्धता जनाए पनि जलमार्गबाट ढुवानीमा अवरोध भएमा पूर्ण रूपमा क्षतिपूर्ति पाउँदैनन् ।




विश्वव्यापी बजारले दैनिक लगभग एक करोड ब्यारेलको अभावको सामना गरिरहेको ( भण्डारलाई ध्यानमा राख्दा पनि) सिंगापुरस्थित ओसिबिसी ग्रुप रिसर्चले अनुमान गरेको छ । कच्चा तेलको मूल्य चाँडै प्रतिब्यारेल १५० देखि २०० डलर पुग्न 'वुड म्याकेन्जी' विश्लेषकले गत साता भनेका थिए । इरानले पनि प्रतिब्यारेल २०० डलर पुग्ने सम्भावना दर्साएको छ । गत साता मात्र एक सैन्य प्रवक्ताले विश्वले यस्तो वृद्धिका लागि तयार हुनुपर्ने चेतावनी दिएका थिए ।

'यदि बजारले आपूर्तिले माग पूरा गर्नेछ भन्ने विश्वास गर्छ भने रणनीतिक भण्डार र प्रतिस्थापन ब्यारेलले मूल्य स्थिर गर्न सक्छ । तर, यदि हर्मुज हुँदै प्रवाहलाई निरन्तर अवधिका लागि भौतिक रूपमा अवरुद्ध गरियो भने मूल्य १०० डलरभन्दा माथि र २०० नजिक पुग्ने सम्भव छ,' उद्योग प्रकाशन 'रिग्जोन' का अध्यक्ष चाड नोर्भिलले अलजजिरालाई भने । विश्वव्यापी आपूर्तिको ठुलो हिस्सा सम्भावित रूपमा जोखिममा रहेको र आपूर्ति र मागबिचको व्यापक असन्तुलनलाई ध्यानमा राख्दा तेलको मूल्य उक्त बिन्दुमा पुग्ने उनको आकलन छ ।

प्रतिब्यारेल १५० डलर वा सोभन्दा माथिको तेलको मूल्यले विश्व अर्थतन्त्रमा ठुलो भार पर्नेछ । अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ कि एक वर्षसम्म निरन्तर तेलको मूल्यमा हुने प्रत्येक १० प्रतिशत वृद्धिले विश्वव्यापी मुद्रास्फीतिमा ०.४ प्रतिशत वृद्धि हुन्छ । २००८ मा विश्वव्यापी वित्तीय सङ्कटको उचाइमा पुग्दा ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल १४७.५० डलर पुगेको थियो ।

प्रतिब्यारेल २०० डलरमा तेलको मूल्य पुगेमा त्यो 'विश्व अर्थतन्त्रका लागि ठुलो ह्यान्डब्रेक हुने' अक्सफोर्ड विश्वविद्यालयका ऊर्जाविज्ञ अडी इम्सिरोभिकले अलजजिरालाई बताए । उनले मूल्यहरू यस्तो स्तरमा पुग्ने सम्भावना 'पूर्ण रूपमा सम्भव' भएको बताए । 'यसले मुद्रास्फीति र रोजगारीमा असर पार्नेछ । केही अवस्थामा इन्धन मात्र नभई मल, प्लास्टिक र यस्तै सामग्रीको पनि अभाव निम्त्याउनेछ,' उनले अगाडि थपे । लन्डनको मारेक्सकी ऊर्जा बजार विश्लेषक सासा फोसले थप आशावादी दृष्टिकोण प्रस्तुत गरिन्, यद्यपि, २०० डलरको सम्भावना रहेको पनि सङ्केत गरिन् ।

अन्ततः तेलको मूल्य हर्मुजको जलमार्ग हुँदै यातायात पुनः सुरु हुने कुरामा धेरै निर्भर हुनेछ, तर आपूर्ति र मागको नियमले पनि धेरै कुरा निर्धारण गर्नेछ । सामान र सेवाका खरिददारहरूले सामान्यतया मूल्यहरू निश्चित स्तरभन्दा माथि बढेपछि उपभोगमा कटौती गर्न थाल्छन्, जुन घटनालाई माग विनाश भनिन्छ ।

*(जोन पावर अलजजिराका स्तम्भकार हुन् ।)*

***- अलजजिराबाट***

# खानेपानी वितरणलाई प्राथमिकता : केयुकेएललाई नपाको सहयोग




भक्तपुर। भक्तपुर नगरपालिका वडा नं. ९ स्थित तुमचो दुगुरे चोखा आवास क्षेत्रका स्थानीय जनताबिच त्यस क्षेत्रमा उपभोक्ता समितिमार्फत खानेपानी वितरण भइरहेको सम्बन्धमा चैत ७ गते छलफल कार्यक्रम भयो।

तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समितिको आयोजनामा सम्पन्न उक्त भेलामा नगर प्रमुख सुनिल प्रजापतिले नगरवासीहरूलाई समान ढङ्गबाट खानेपानी वितरण कार्यलाई नगरपालिकाले प्राथमिकतामा राखी काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र अन्य सरोकारवालाहरूसँग छलफल गरिरहेको बताउनुभयो।

खानेपानीको स्रोत व्यवस्थापन, ट्याङ्की तथा प्रशोधन केन्द्र निर्माण र वितरण प्रणालीमा नगरपालिकाको बजेट उपयोग गरेर केयूकेएललाई सहयोग गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले स्थानीय जनताको साथ र सहयोगले खानेपानीको पाइप विस्तार तथा सुधार गरिरहेको बताउनुभयो।

भेलामा वडाध्यक्ष एवम् खानेपानी उपभोक्ता समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले आवास क्षेत्रमा हालसम्म ४८८ वटा धारा वितरण गरेको र बस्ती विकाससँगै खानेपानीको बढ्दो मागअनुसार आपूर्तिको बन्दोबस्त गर्न केयूकेएल भक्तपुर वितरण शाखासँग छलफल भइरहेको बताउनुभयो।

उपभोक्ता समितिका उपाध्यक्ष कृष्णभक्त लवजुले समितिमार्फत आफ्नै पूर्वाधार निर्माण गरी खानेपानी वितरण गर्दा स्थानीय जनतालाई राहत पुगेको उल्लेख गर्दै हाल डिप बोरिङबाट पानी उत्पादनमा कमी आउँदा केही समस्या उत्पन्न भएको बताउनुभयो।

कार्यपालिका सदस्य तथा खानेपानी उपभोक्ता समितिका कोषाध्यक्ष छोरीमैयाँ सुजखूले पानीको उपलब्धतामा कमी आउँदा जनगुनासो बढ्नु स्वाभाविक भएको चर्चा गर्दै उपभोक्ता समिति र नगरपालिकामार्फत खानेपानी समस्या समाधानका लागि भइरहेको पहलबारे जानकारी दिनुभयो।

स्थानीय जगन्नाथ प्रजापतिले खानेपानीको थप स्रोत व्यवस्थापन गर्ने तथा वितरण प्रणालीमा सुधार गर्ने विषयमा स्थानीय उपभोक्ताहरूसँग व्यापक छलफल गरेर आएको सुझावअनुसार उपभोक्ता समितिले निर्णय गर्दा सबैले स्वामित्व ग्रहण गर्ने विश्वास व्यक्त गर्नुभयो।

भेलामा स्थानीय उपभोक्ताहरूको प्रतिनिधित्व गर्दै पुष्पनारायण श्रेष्ठ, उद्धव दाहाल, विष्णुकुमार प्रजापति, सतिश प्रजापति, धर्मलक्ष्मी लघुलगायतले तुमचो दुगुरे चोखा आवास क्षेत्रमा मेलम्चीको पानी वितरण गर्नका लागि केयूकेएलसँग समन्वय गर्नुपर्ने, पानीको स्रोत व्यवस्थापनमा जोड दिनुपर्ने, खानेपानी शुद्धीकरण प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने जस्ता रचनात्मक सुझावहरू पेस गर्नुभयो। खानेपानी अभावको समयमा उपभोक्ता समितिमार्फत डिप बोरिङ गरी स्थानीय जनतालाई वितरण गरिएकोमा उपभोक्ताहरूले धन्यवाद ज्ञापन गर्नुभयो।

# शिक्षा नै विकासको मूल आधार

भक्तपुर। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा चैत ४ गते विद्या आर्जन इङ्ग्लिस बोर्डिङ स्कूलको ३३ औँ वार्षिकोत्सव पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले भक्तपुरबारे विद्यार्थीहरूलाई परिचित गराउन स्थानीय पाठ्यक्रम लागू गरेको उल्लेख गर्नुभयो। उहाँले विद्यार्थीलाई किताबी ज्ञानमात्र नभई भक्तपुरका कला र संस्कृति पनि ज्ञानका स्रोतका रूपमा अध्ययन अध्यापन गराउँदै आएको बताउनुभयो।

विद्यालयले कमजोर विद्यार्थीहरूलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा सुसूचित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले विद्यालय, शिक्षक र अभिभावकको संयुक्त प्रयासले हाम्रा सन्ततिको भविष्य राम्रो हुने विश्वास व्यक्त गर्दै शिक्षा नै विकासको मुल आधार भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राख्नुको उद्देश्यबारे प्रस्ट पार्दै नगर प्रमुख प्रजापतिले भौतिक सम्पत्ति नाशवान हुन्छ तर शिक्षा कहिल्यै पनि नाश नहुने बताउनुभयो।

विद्यालयका प्रिन्सिपल पुरुषोत्तम ग्वाछाले विद्यालयले विद्यार्थीहरूलाई पढाइ गर्ने ठाउँको रूपमा मात्र सीमित नराखी जीवन जिउने कला र राष्ट्रप्रति सम्मान गर्न पनि सिकाइरहेको बताउनुभयो।

विद्यार्थीको आजको मेहनतले भोलिको भविष्य निर्माण हुने बताउँदै उहाँले विद्यार्थीको समग्र व्यक्तित्व विकासमा विद्यालयले जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा अभिभावक प्रतिनिधि विश्वराम थापा, विद्यार्थी प्रतिनिधि, शिक्षक प्रतिनिधिलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो भने कार्यक्रमका विशेष अतिथिहरूले विद्यालयद्वारा आयोजित विभिन्न प्रतियोगिताका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो।

# गुणस्तरीय शैक्षिक जग विद्यार्थीको सुनिश्चित भविष्यको आधार

भक्तपुर। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मेहनत, अभ्यास र अवसरले मात्र विद्यार्थीहरूलाई सफलता हासिल हुने बताउँदै अवसर पाएको खण्डमा हरेक विद्यार्थीले उत्कृष्टता हासिल गर्नसक्ने धारणा व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. ४ ग:पलीस्थित सेकरिड हार्ट एकेडेमीको चैत ३ गते आयोजित २३ औँ वार्षिकोत्सव, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रममा उहाँले विद्यार्थीको क्षमताअनुसारको शिक्षा प्रदान गर्नसक्नु नै शिक्षकको कर्तव्य हो भन्नुभयो।

एसईई परीक्षा २०८१ मा ४ जीपीए ल्याउन सफल विद्यार्थी प्रिन्स लामालगायतका सम्पूर्ण विद्यार्थीलाई बधाई एवम् शुभकामना दिँदै नगर प्रमुख प्रजापतिले गुणस्तरीय शैक्षिक जग नै विद्यार्थीको सुनिश्चित भविष्यको आधार भएको बताउनुभयो।

भक्तपुरका सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तरमा समानता ल्याउने प्रयत्न नगरपालिकाले गर्दै आएको उल्लेख गर्दै उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले विद्यार्थीहरूलाई शैक्षिक ऋण, छात्रवृत्तिलगायतको व्यवस्था गर्दै उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गरिरहेको बताउनुभयो। उहाँले विद्यार्थीलाई आत्मनिर्भर र स्वाभिमानी बन्न प्रेरित गर्नुपर्ने बताउनुभयो।

विद्यालयका प्रिन्सिपल श्रीराम सुवालले एसईई २०८१ मा ४ जीपीए ल्याउन सफल विद्यार्थी प्रिन्स लामाको मनोबल बढाउन र थप हौसला प्रदान गर्न विद्यालयले रु. ५० हजारको प्रोत्साहन रकम व्यवस्था गरेको बताउनुभयो। हाल सेकरिड हार्टमा ६०० को हाराहारीमा विद्यार्थीहरू अध्ययनरत रहेको उल्लेख गर्दै उहाँले विद्यार्थीलाई किताबी ज्ञानसँगै असल संस्कारको आवश्यकता औँल्याउनुभयो।

उक्त कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, शिक्षिका शान्ति घिसिङ, विद्यार्थी प्रतिनिधि आइसा पौडेललगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।

नगर प्रमुख प्रजापतिले एसईई २०८१ का उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्नुभएको थियो। विशेष अतिथिहरूले अतिरिक्त क्रियाकलापका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो।

# नेक्राविसङ्घ सुर्खेतद्वारा बलात्कारी र हत्यारालाई कारबाहीको माग



सुर्खेत। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिल्ला समिति सुर्खेतको आयोजनामा चैत ३ गते 'बलात्कार र हत्याजस्ता जघन्य अपराध गर्ने अपराधीलाई फाँसी दिनुपर्ने र पीडितले समयमै न्याय पाउनुपर्ने' मागसहित ¥याली, चोक सभा र ज्ञापनपत्र बुझाउने कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति सुर्खेतका उपाध्यक्ष जानकी सुनारले अब बन्ने शक्तिशाली सरकारले बलात्कार र हत्याजस्तो जघन्य अपराधमा संलग्नलाई फाँसी दिने कानुन बनाउनुपर्ने माग गर्नुभयो।

नेक्रामसङ्घ जिल्ला समिति सुर्खेतका सचिव कल्पना शाहले "निर्दोष नफसोस्, दोषी नउम्कियोस्" भन्ने कुरालाई ध्यानमा राखी राजनीतिक दबाब र बाहिरी प्रभावमा नपरी अनुसन्धान हुनुपर्ने माग राख्दै दोषीलाई छोड्न नहुने बताउनुभयो।

नेक्रायुसङ्घ सुर्खेतका सदस्य छत्रीका वि.क.ले उक्त आपराधिक घटनाप्रति दु:ख व्यक्त गर्दै बलात्कार र हत्याजस्तो जघन्य अपराधको विरोध एवम् भर्त्सना गर्दै सचेत नागरिकले पीडितको पक्षमा आवाज उठाउनुपर्ने कुरा राख्नुभयो।

नेक्राविसङ्घ सुर्खेतका सदस्य रमा गिरीले महिलाहरू यस्ता घटनाबाट बच्न चनाखो बन्नुपर्ने र सचेत नागरिक र सभ्य समाज हामी आफैले बनाउनुपर्ने कुरा राख्नुभयो।

जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सुर्खेतमा नेक्राविसङ्घ जिल्ला समिति सुर्खेतका अध्यक्ष महेन्द्र सिजापति र सचिव शर्मिला वि.क.ले इमानदारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्न र कसैको दबाबमा नबस्न आग्रह गर्दै सम्बन्धित निकाय प्रमुखलाई ज्ञापनपत्र बुझाउनुभएको थियो।

वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ४ स्थित सहिद पार्क नजिकै जनजागरण सामुदायिक वनमा फागुन २३ गते शनिबार इनिशा वि.क.को बलात्कारपछि हत्या भएको घटना सार्वजनिक भएको थियो।

# संसारका बहुसङ्ख्यक जनता अमेरिकाको विरोधमा

देशमा अमेरिकी सेनाको चलखेल भइरहेको कुरामा शङ्का छैन। अमेरिकी राष्ट्रपति ट्रम्पको नेपाली सेनासँग सहकार्य गर्न तत्पर भएको विचारमै हस्तक्षेपको गन्ध छ। नेपाली सेनासँग सहकार्य गर्न तयार रहेको उनको व्यक्त विचार गठन हुने सरकारसित कुनै सन्दर्भ मिलेको छैन। नयाँ सरकार गठनसित अमेरिकी सेनाको सहकार्यको कुरा कहाँबाट आयो ? नेपालमा अमेरिकी सेनाको चलखेल भइरहेको छैन भने सेनासँग सहकार्यको प्रश्न त्यसै आउँदैन।

अमेरिकी सेना बिनाकारण नेपालमा किन पटक पटक भित्रिन्छन् ? कहिले तालिमको नाउँमा, कहिले आर्थिक सहयोगको नाउँमा अमेरिकी सेना पसेर अमेरिकाले नेपाली भूमिलाई परेड खेल्ने मैदान बनाइरहेको छ। कहिले अरु देशमा सीधा आक्रमण गरेर त कहिले अरु देशका असन्तुष्ट पक्षलाई उचालेर अन्तरकलह बढाउने, विरोधको स्वर सल्काउने र अरुलाई उपयोग गरेर झगडा गराउने काममा अमेरिका संलग्न हुँदै आएको छ। एमसीसी सम्झौता भएपछि अमेरिकी सेनाको चलखेल झन् बढेको छ। भोलि सरकारले एसपीपी पास गर्यो भने नेपाल अमेरिकी सेनाको परेड खेल्ने भूमि हुनेमा शङ्का छैन।

यहाँ विकासको नाउँमा जसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू खोलेसँग विदेशी चलखेल बढेको हो त्यसरी नै धर्म प्रचारको नाउँमा धार्मिक संस्थानहरू खोलेर विदेशी गतिविधि बढिरहेको छ। पाँचखालमा अमेरिकी सेना बरोबर पसेको खबर प्रकाशमा आएको छ। बौद्ध धार्मिक स्थलहरूमा दलाई लामा पक्षका तिब्बतीहरू पसेर चीनको विरोधमा गतिविधि भइरहेको पनि सुन्नमा आएकै हो। ती स्थानहरूमा बेलाबखत चीनको विरोधमा प्रदर्शन भएकै हो। डाँडा डाँडा या उचाइमा रहेका पहाडमा धार्मिक केन्द्र खोलेर एकातिर गुप्तचरको कार्य भइरहेको छ भने अर्कोतिर साम्प्रदायिक भावना फैलाएर द्वन्द्व चर्काउने काम भइरहेको छ।

पहिले पञ्चायतकालमा राजनीतिक हिसाबले नै डाँडा र पहाडको चुच्चोमा सैनिक क्याम्प बनाएको हुन्थ्यो। पञ्चायतको विरोधमा कसैले आन्दोलन गरे, आन्दोलन गरेर पञ्चायत फाल्ने प्रयास गरे आन्दोलनकारीलाई घेरा हाल्न या गतिविधिको एक एक सूचना थाहा पाउन नै पहाडको उच्च समस्थलीमा सेनाको क्याम्प राखेको हुन्थ्यो। विदेशी चलखेल बढाएर आन्तरिक द्वन्द्व बढाउन, चीनको विरोधमा तिब्बतका तिब्बतीहरूलाई उचाल्न, हङकङमा चीनको विरोध गराउन अमेरिका लागिरहेको छ। अमेरिकाले नेपाललाई प्रयोग गरेर तिब्बतमा उत्पात् मच्चाउन खोज्यो, विद्रोह गराउन साथ दियो भने के चीन चुप लागेर बस्छ ? त्यसबेला नेपालको स्थिति के होला ?


साम्राज्यवादीहरू अनेक लोभलालच देखाएर अरू देशमा छिर्छन्; छिरिरहेका छन्। विकास र आर्थिक सहयोगको प्रलोभनमा नेपालका शासकहरू फस्दै गएमा नेपाल र नेपालीलाई प्रयोग गरेर अमेरिका चीनविरुद्ध लाग्दैन भन्न सकिँदैन। राजनीतिक विश्लेषक र कूटनीतिज्ञहरू यो कुरा बुझ्छन्। अदूरदर्शी, अवसरवादी, कूटनीतिबारे जानकार नभएका नेताहरू यस्ता कुरा बुझ्दैनन् र विदेशी जालमा फस्छन्। यस्तै जालझेल र चक्करमा फसेरै नेपालमा अनेक असमान सन्धि सम्झौता भएको हो। यसबारे शासकहरू गम्भीर हुनुपर्ने हो; चनाखो हुनुपर्ने हो।

देश र जनताबारे चिन्ता नलिने, विदेशी चँगुलमा फस्ने, देश बनाउन कुनै पूर्वाधार तयार नगर्ने, विदेशीको भरमा बस्ने शासकहरूको गैरजिम्मेवारी र अदूरदर्शिताले नै देश विकासमा पछि परेको हो; देश विदेशी चलखेलमा फसेको हो। संयुक्त राज्य अमेरिकाले संसारका विभिन्न मुलुकमा आतङ्क मच्चाइरहेको यथार्थ हो; देश देश जुधाएर हतियार बेचिरहेको अर्को यथार्थ हो। अरू देशलाई ध्वस्त पारेर कमजोर बनाउने र आफू जहिल्यै 'अमेरिकी प्रथम' या शक्तिशाली देश भइरहने अमेरिकी प्रशासनको नियतमा कालो धब्बा भएको प्रस्ट छ। अमेरिकाको दादागिरीकै कारण विश्वका जनता आतङ्कित र असुरक्षित छन्। यही कारण संसारमा सबभन्दा बढी विरोध अमेरिकाको हुन्छ; संसारका करोडौँ होइन अरबौँ जनताको विरोध अमेरिकाको हुन्छ। यस अर्थमा अमेरिकी राष्ट्रपति ट्रम्प विश्वबाट एक्लिँदै छन्। जर्मनी, युरोपेली देश, बेलायत, इटाली आदि देश र देशका राष्ट्रप्रमुखहरू इरानको विरोधमा नलाग्ने बताउँछन्। यसबाट थाहा हुन्छ, अमेरिका र अमेरिकी राष्ट्रपति ट्रम्प विश्वबाट नाङ्गिँदै छन्; एक्लिँदै छन्; बदनाम हुँदै छन्। यो साम्राज्यवादी देशको पतनको सङ्केत हो।

# समाजवादी लेखक म्याक्सिम गोर्कीको सङ्क्षिप्त चर्चा

अलेक्सेइ माक्सिमोभिच पेश्कोभको लेखकीय नाम माक्सिम गोर्की हो । समाजवादी यथार्थवादी साहित्यका जन्मदाता विश्व प्रसिद्ध रसियाली साहित्यकार गोर्की २८ मार्च १८६८ का दिन भोल्गा नदीको किनारामा पर्ने निइनी नोभ्गोरोद भन्ने ठाउँमा जन्मेका थिए । उनका पिता माक्सिम पेश्कोभ सिकर्मी थिए । गोर्की चारै वर्षको हुँदा उनका पिताको मृत्यु भयो र उनी सात वर्षको पुग्दा नपुग्दै आमाले पनि उनलाई छाडेर गइन् । टुहुरा गोर्की आफ्ना निर्दयी हजुरबाका संरक्षणमा हुर्के । उनकी हजुरआमा भने उनलाई ज्यादै माया गर्थिन् । सन् १८८० मा उनी घरबाट भागेर कामको खोजीमा रसियाली साम्राज्यका विभिन्न ठाउँको पैदल यात्रा गरे । गोर्कीले बालखैदेखि भाँडा माझ्ने, जुत्ता सिउने, खाना बनाउनेजस्ता काम गरेर आफ्नो खर्च आफै जुटाउनुपर्थ्यो ।

गोर्कीले भोल्गा नदीमा चल्ने जहाजको भुईं



सफा गर्ने र भाँडा माझ्ने काम गरेका बेला उनको जीवनमा एउटा सुखद अवसर प्राप्त भयो । यो उनको जीवनको अति महत्त्वपूर्ण क्षण थियो । जहाजमा खाना बनाउने भान्सेले गोर्कीलाई पढ्न सिकाइदियो र ऊ आफैं राम्रा-राम्रा पुस्तक पढेर गोर्कीलाई सुनाउने गर्थ्यो । भान्सेसँग रसियाली साहित्यका उत्कृष्ट पुस्तक थिए । ती पुस्तक गोर्कीले अध्ययन गर्ने सुअवसर पाए । उनका बाल्यकालका यी अनुभव नै भविष्यमा उनका लेखनका विषयवस्तु बने ।

सानै उमेरमा काम खोज्दै, अनेक किसिमका हण्डर खाँदै गोर्कीले रसियाका विभिन्न ठाउँ चहारे । जीवन धान्न बाल्यकालदेखि अनेकौं काम गर्न सक्ने परिश्रमी गोर्कीलाई शारीरिक श्रमको महत्त्व राम्रोसँग थाहा थियो । सन् १८८४ मा घुम्दै उनी कजान पुगे । कजानमा उनको प्रगतिशील बुद्धिजीवी र क्रान्तिकारी युवकसँग भेट भयो । त्यसैबेला उनले कार्ल मार्क्सको प्रसिद्ध कृति पुँजी (Capital) पढे । सन् १८८९ सम्ममा उनले विभिन्न उत्कृष्ट विदेशी कृति पढिसकेका थिए । १८९१ मा गोर्कीले सर्वप्रथम रुसको लामो पैदल यात्रा पूरा गरे । यसै यात्राको अनुभवबाट उनले मकार चुद्रा (१८९२), बुढी इत्सेर्गिल (१८९४), चेल्काश (१८९४) जस्ता कथा लेखे । सन् १९०१ मा जीवन भन्ने पत्रिकामा गोर्कीको 'आँधीमय पेत्रेल चरो' (The Stormy Petrel) छापियो । यस कथाले रसियामा क्रान्तिको सङ्केत गरेको भन्ने आरोपमा उनी थुनामा परे र पत्रिका पनि प्रतिबन्धित गरियो ।

सन् १९०२ मा गोर्की रसियाली विज्ञान प्रज्ञा प्रतिष्ठानका सदस्य निर्वाचित भए । जार सरकारले गोर्कीको निर्वाचनलाई अस्वीकार गरेको हुँदा प्रतिष्ठानका विशिष्ट सदस्य देखे र कोरोलेङ्कोले पनि प्रतिष्ठानबाट राजीनामा दिए । १९०५ को रसियाली क्रान्तिमा पूर्णरूपले भाग लिएको र सरकारविरोधी रचना छपाएको हुँदा गोर्कीलाई गिरफ्तार गरियो । उनी थुनामा परेपछि देश र विदेशमा समेत गोर्कीलाई मुक्ति दिने चर्को आवाज फैलिन थाल्यो । प्रसिद्ध फ्रान्सेली साहित्यकार अनातोले फ्रान्सले लेखे - गोर्कीको समस्या हामी सबैको समस्या हो । गोर्कीजस्ता प्रतिभा कुनै एउटा देशका मात्र नभएर सम्पूर्ण विश्वकै हुन् । सारा सन्सार उनको मुक्ति चाहन्छ आखिर रसियाली जार सरकारले गोर्कीलाई कारागारबाट मुक्ति दिनुपर्‍यो ।

सन् १९०५ को क्रान्ति असफल भएपछि रुसी सामाजिक जनवादी पार्टीको आदेश लिएर गोर्की विदेश भ्रमण गर्न भनी रुसबाट निस्के । क्रान्तिको निम्ति चन्दा उठाउन उनी फिनल्यान्ड, स्विडेन, जर्मनी र फ्रान्स घुम्दै संयुक्त राज्य अमेरिकातिर लागे । त्यसैताका उनले विश्वविख्यात उपन्यास आमा पनि लेख्न थालेका थिए । संयुक्त राज्य अमेरिकाको भ्रमणको अवसरमा १९०७ को ग्रिष्ममा उनले आमा लेखेर सिध्याए । यो उपन्यास सर्वप्रथम एपल्टन म्यागजिनमा अङ्ग्रेजी भाषामा क्रमश: प्रकाशित भयो । १९०७ मा गोर्की एसियाली सामाजिक प्रजातन्त्र दलको अधिवेशनमा लन्डन गए, त्यही लेनिनसँग उनको भेट भयो । लेनिनले 'आमा' उपन्यासको प्रशंसा गरे र यसलाई अत्यन्त आवश्यक र सामयिक पुस्तक भने । लेभ तल्सतोइ र अन्तोन चेखोवसँग पनि उनी निकटतम सम्पर्कमा रहन्थे ।

आमाले बिसौं शताब्दीको प्रारम्भमा रसियाली मजदुर र कारखानाका मालिकका बिचको वास्तविक वर्गसङ्घर्षको चित्र प्रस्तुत गरिएको छ । यसको मुख्य पात्र पाभेल भ्लासोभको जीवन सोर्मोभोको कारखानामा काम गर्ने मजदुर प्योत्र जालोमोभको जीवनमा आधारित छ । पाभेलकी आमा निलोभ्ना आफ्नो छोरा र उसका अरू मजदुर साथीले गरेको क्रान्तिलाई सघाउ पुऱ्याउँछे र सारा सोभियत जनतालाई आफ्नै सन्तान ठान्दछे । वास्तवमा पाभेल र उसकी आमा निलोभ्ना नै निम्नवर्गीय एसियाली जनताका साँचा प्रतिनिधि र समाजवादी क्रान्तिका प्रेरणाका स्रोत हुन् । पाभेलका क्रान्तिकारी भाषण छापेका पर्चा बाँड्न भनी उसकी आमा रेलमा चढ्छे । उसलाई चारैतिरबाट गुप्तचर प्रहरीले घेरिसकेका हुन्छन् । उसका टाउकामा प्रहरीका फलामे डण्डीहरू जतिसुकै बर्से पनि ऊ सचेत र निर्भिक भएर धैर्यपूर्वक पर्चाहरू बाँडिरहन्थे । यसरी उपन्यासको अन्त्य हुन्छ ।

गोर्की विश्वका निम्न वर्गीय जनताका अत्यधिक प्रिय व्यक्ति, रसियाली सर्वहारा क्रान्तिका अगुवा महान् साहित्यकार हुन् । उनको युग रसियाली समाजवादी क्रान्तिको युग र जनताको पुनर्जागरणको युग थियो । जीवनभर व्यथै व्यथा बोकेका गोर्कीले आर्थिक र राजनीतिक रूपले पिल्सिएका बहुसङ्ख्यक रसियाली जनताको उत्पीडनलाई आफ्ना रचनामा औधी मार्मिक ढङ्गले चित्रण गरेका छन् । लण्डनको अधिवेशनपछि उनले स्वीकारोक्ति, बाल्यकाल, मातभेइ कोभेम्याकिनको जीवन र इटालीका कथा लेखे । त्यसपछि उनी स्वदेश फिरे । उनले बोल्सेभिक दलका क्रान्तिकारी कार्यमा पूर्णरूपले भाग लिए । १९१७ को अक्टोबर क्रान्ति सफल भएपछि तुरुन्तै सम्पूर्ण कार्यको व्यवस्था मिल्न नसकी हुन गएका बेथितिप्रति गोर्की विक्षुब्ध भए र उनले रसियाली निर्दयता (Russian Cruelty, १९२२) जस्ता रचना लेखे । त्यसपछि उनी फेरि विदेश हिँडे । साम्यवादी रुसको प्रथम पाँच वर्षे योजना सफल भएपछि १९२८ मा उनी रुस फिरे र फेरि साम्यवादी दलमा सम्मिलित भए ।

सन् १९३४ मा उनी सोभियत लेखक सङ्घका सभापति चुनिए । लेनिनको मृत्युपछि स्तालिनको नीतिलाई पूर्ण समर्थन गर्दै गोर्कीले रचना लेखिरहे । पाँच पटकसम्म विश्व प्रसिद्ध नोबेल पुरस्कारको मनोनयनमा परेका गोर्कीको मस्को अस्पतालमा उपचार हुँदाहुँदै १८ जून १९३६ का दिन अकस्मात् रहस्यात्मक निधन भयो । निम्नलिखित उनका विश्वविख्यात कृति हुन्

उपन्यास: १) फोमा गर्देएभ (oma Gordeyev, १८९९), २) तीन मान्छेहरू (The Three, १९०१), ३) आमा (Mother, १९०६), ( ४) क्लिम साम्गिनको जीवन (The Life of Klim Samgin, १९३८) (५) मेरो विश्वविद्यालय (My Universities) र (६) मान्छेहरूका माझमा (My Apprenticeship) । Mother को नेपाली अनुवाद आमा शीर्षकमा राजेन्द्र मास्केले गर्नुभएको छ भने My Apprenticeship को नेपाली अनुवाद मान्छेहरूका माझमा शीर्षकमा सुदर्शन देवकोटाले गर्नुभएको छ । दुवै पुस्तक सोभै रसियाली भाषाबाट नेपालीमा अनुवाद गरिएका हुन् ।

नाटक: १) निकृष्ट खाल्टो (The Lower Depths, १९०२), येगोर बुलीचेभ (Negor Bulychev, १९३२) र भास्सा फ्रेलेजोभ्ना (Vassa Zheleznova) । 'भास्सा फ्रेलेजोनोभा' को नेपाली अनुवाद त्यही शीर्षकमा खगेन्द्र सङ्ग्रौलाले गरेका छन् ।

नुनिलो सिम्सारमा (१८९३), चेल्काश (१८९४), बाजको गीत (१८९५), कलुशा (१८९५), कवि (१८९६), भाग्का मानिज (१८९७), छब्बिस लोग्नेमान्छे र एउटी केटी (१८९९), आँधीमय पेत्रेल चराको गीत (१९०१) आदि गोर्कीका विश्वविख्यात कथाहरू हुन् । उनको संस्मरणात्मक उपन्यास (My Universities) को नेपाली अनुवाद 'मेरो विश्वविद्यालय' शीर्षकमा कृष्णप्रकाश श्रेष्ठले गर्नुभएको छ । म्याक्सिम गोर्कीको बाल्यकाल (The Childhood of Maxim Gorky) नाउँको फिल्मसमेत बनेको छ ।

रुसमा १९१७ मा तत्कालीन समाजवादी क्रान्ति सम्पन्न गर्न, सोभियत सङ्घ स्थापना गर्न र त्यसलाई सही बाटोमा डोऱ्याउन समाजवादी साहित्यको विकास गर्दै जनताको सोभियतलाई बलियो बनाउन, टिकाउन र अझ अघि बढाउन प्रसिद्ध रुसी साहित्यकार म्याक्सिम गोर्कीले जुन अभूतपूर्व भूमिका खेले त्यो विश्वमै सदा सर्वदा स्मरणीय र प्रेरणादायी रहेको छ र रहिरहनेछ ।

वास्तवमा म्याक्सिम गोर्की सारा संसारभरिका मेहनत मजदुरी गर्ने जनसमुदायका महान् लेखक तथा साहित्यकार थिए । उनले रुसमा मजदुर वर्गको पूरै क्रान्तिकारी कार्यकालभरि अक्टोबर समाजवादी क्रान्ति र त्यसपछि समाजवादको निर्माणसम्मको लामो कालखण्डमा आफ्ना कथा, उपन्यास, नाटक र लेखहरूको माध्यमद्वारा कदम कदममा श्रमजीवी जनतामाथि विद्यमान शोषणकारी सङ्कटपूर्ण परिस्थितिविरुद्ध जुध्न र सङ्घर्ष गर्न प्रेरणा दिइरहे । उनी आफ्नो समयका दबिएका, दबाइएका, थिचिएका मिचिएका जनताका आवाज बनेर खडा भए । उनले आफ्नो कलमबाट रुसी साहित्य र जनतामा आमूल परिवर्तनका लागि नयाँ ऊर्जा र ठूलो उत्साहको सञ्चार गरिरहे ।

सात वर्षको उमेर पुग्दानपुग्दै अनाथ हुन पुगेका गोर्कीले निकै चाँडै यो यथार्थ सत्यको सामना गर्नुपरेको थियो । गोर्कीको जीवन एउटा सङ्घर्षकै नाम हो । उनी आफ्नो बाल्यकालदेखि नै एक मजदुरका रूपमा पालिए र हुर्किए अनि घरेलु कामदेखि लिएर, रोटी कारखाना, पानी जहाज र खेतहरूमा समेत कयौं प्रकारका कामहरू गरे र यसरी उनी सानैदेखि एउटा मजदुरको जीन्दगीको रूपमा निरन्तर सङ्घर्षशील रहे ।

माता-पिताको देहान्तपछि उनको बाल्यकाल आफ्ना हजुर आमा र हजुर बाकोमा बित्न थाल्यो । समाजको सबैभन्दा गरीब मानिसहरू बस्ने फोहोर र दुर्गन्धले भरिएका मानिसहरूको बस्तीमा हुर्केर उनी तन्नेरी भए । हजुर आमाको पनि देहान्त भएपछि गोर्कीले १३ वर्षकै उमेरमा घर छोडे । अनि अनेक ठाउँमा काम गर्दै र रुसका कयौं ठाउँमा घुम्दै रहे । त्यस क्रममा उनले समाजलाई अझ नजिकबाट हेर्ने र बुझ्ने मौका पाए ।

म्याक्सिम गोर्की (२८ मार्च १८६८ - १८ जून १९३६) ले बाल्यकालदेखि पेट भर्नका लागि नै पाउरोटी बनाउने, नून बनाउने कारखाना मजदुर, भान्से, चौकीदार, कुल्ली, माली, सडकमा गिट्टी कुट्ने कामदारसम्मको काम गर्नु परेको थियो । समाजमा मेहनत गर्ने मानिसहरू, गरीब आवारा मानिसहरू, गन्दा र फोहोरी वस्तीका निबासीहरूका बिचको सङ्गतले गर्दा उनले यो जीवन यात्राको किताबबाटै ठूलो ज्ञान हासिल गरे । यसरी उनले औपचारिक शिक्षाका लागि विद्यालयको मुखसम्म पनि देख्न पाएका थिएनन् । तर पनि दिनको १४-१५ घण्टा कम्मर भाँचेर काम गरेको अनुभवले उनलाई वास्तवमा मजदुर वर्गको साँचो लेखक बनाउन सर्वाधिक मद्दत गरेको थियो ।

अनेक अनुभवका कारणले उनका लागि त्यतिबेलाको रुसको जारशाही निरङ्कुश शासनमुनिको शोषण, उत्पीडन र दमन उनका साहित्यिक रचनाहरूको आधार बने । त्यसैले उनी जनताको मुक्ति सङ्घर्षको हिस्सा बनेर सशक्तरूपमा खडा भए । उनलाई कुनै विद्यालय, विश्वविद्यालयमा पढ्ने अवसर त मिलेन । तर, रुसी क्रान्तिकारीहरूसँगको सम्पर्कले उनलाई विभिन्न किताबहरूसँग सम्पर्क र परिचित गरायो । उनका आफ्नै अनुभव - श्रमजीवी जनतासँग जोडिन जाँदा मिलेका अनुभवहरूले उनको कलमको टुप्पोलाई अझ तिखारिदियो र निकै चाँडै नै उनलाई एउटा ठूलो लेखक बन्न मद्दत मिल्यो ।

आफ्नो साहित्यिक जीवनको आरम्भमा नै गोर्कीको परिचय लेव टोल्स्टोय र चेखबजस्ता महान रुसी लेखकहरूसँग भयो । उनी आरम्भिक दिनदेखि नै रुसी क्रान्तिकारी आन्दोलनहरूसँग जोडिँदै गए । अनि पछिबाट कम्युनिस्ट पार्टीमा सम्मिलित भएर जनताको मुक्तिको सङ्घर्षसँग अझ नजिकैबाट जोडिन पाए । त्यसै क्रममा उनले मजदुरहरू र क्रान्तिकारीहरूको जीवन र सङ्घर्षमा आधारित भएर आफ्नो विश्व प्रसिद्ध उपन्यास 'आमा' १९०६ मा लेखे ।

गोर्कीले आफ्ना कथा, नाटक, उपन्यास र लेखहरूको माध्यमबाट समाजलाई चित्रण मात्र गरेनन् अझ अगाडि बढेर ती सबैलाई परिवर्तनको हतियारको रूपमा उपयोग गरे । उनका आत्मकथात्मक उपन्यासहरू - 'मेरो बचपन', 'मेरो विश्वविद्यालय' तथा 'जीवनको बाटो' मा दुर्दान्त जीवन बिताइरहेका मजदुर तथा तत्कालीन समाजको यथार्थलाई जीवन्तरूपमा चित्रण गरेको र त्यस्तो जीन्दगीको विरुद्ध विद्रोह गर्न उत्प्रेरित गरेको पाइन्छ । जसले निजी सम्पत्तिमा आधारित समाजका तौरतरिकालाई स्वीकार्न इन्कार गर्दछन् ।

आज गोर्कीको सम्पूर्ण जीवन र उनका साहित्यिक कार्यहरू पूरै संसारका मजदुरहरूका लागि प्रेरणाका स्रोत बनेका छन् र अन्यायका विरुद्ध गोर्कीको के मान्यता रहेको पाइन्छ भने -पुँजीवादी समाजमा समग्रमा मानिसले आफ्ना अदभूत क्षमतालाई निरर्थक लक्ष्य प्राप्तिका लागि बर्बाद गर्दछ । जीवनप्रति उनको दृष्टिकोण आशावाद र जनतामा दृढ विश्वासले भरिएको थियो । यहाँ अन्त्यमा उनको विश्व प्रसिद्ध उपन्यास 'आमा' बाट मजदुर नायक पावेलले अदालतमा दिएको महत्त्वपूर्ण बयान प्रस्तुत छ जसले सामाजिक परिवर्तनका लागि उनको साहित्यिक प्रयोजनियतालाई एकदमै खुलस्त र प्रस्ट पार्दछ ।

ती मजदुर नेताको बयानमा भनिएको छ - 'हामी समाजवादी हौं । यसको मतलब हो कि हामी निजी सम्पत्तिको विरुद्ध छौं' । निजी सम्पत्तिको पद्धतिले समाजलाई छिन्नभिन्न तुल्याइदिन्छ, मानिसलाई एक अर्काको दुश्मन बनाइदिन्छ । मानिसका परस्पर हितहरूमा एउटा यस्तो द्वेष पैदा गरिदिन्छ, जसलाई मेटाउन सकिँदैन । यस द्वेषलाई लुकाउन या न्यायसङ्गत ठहराउनका लागि यसले असत्यको सहारा लिन्छ । अनि असत्य, धोका र घृणाले हरेक मानिसको आत्मलाई दुषित तुल्याइदिन्छ ।

त्यस बयानमा क्रान्तिकारी मजदुर नेताको मुखबाट गोर्कीले आमा उपन्यासमा बोलेका छन् - 'हाम्रो विश्वास छ कि त्यो समाज जसले मानिसलाई केवल केही अन्य मानिसलाई धनवान् बनाउनका लागि साधन सम्झन्छ, अमानुषिक हो र हाम्रो हितको विरुद्ध छ । हामी यस्तो समाजको असत्य र धोकाले भरिएको मानसिक पद्धतिलाई स्वीकार गर्न सक्तैनौं । व्यक्तिप्रति त्यस रवैयामा जुन अन्याय र क्रूरता छ त्यसको हामी निन्दा गर्दछौं । यो पुँजीवादी समाजले व्यक्तिमाथि जुन शारीरिक तथा नैतिक दासता थोपरेको छ हामी त्यसको हरेक रूपविरुद्ध लड्न चाहन्छौं र लड्नेछौं । केही मानिसको स्वार्थ र लोभको हितमा अधिकांश मानिसलाई कुल्चिने जति पनि साधनहरू छन् हामी ती सबैका विरुद्ध लड्नेछौं ।

त्यसको अन्त्यमा भनिएको छ, ''हामी मजदुर हौं, हामी ती मानिसहरू हौं जसको मेहनतले बाल बच्चाका खेलौनादेखि लिएर ठूलठूला मेसिन या यन्त्रहरूसम्म विश्वका हरेक चिजबिजहरू तयार हुन्छन् तर पनि हामीलाई नै आफ्ना मानबोचित प्रतिष्ठाको रक्षा गर्ने अधिकारबाट बञ्चित राखिने गरिन्छ, कसैले पनि आफ्नो निजी स्वार्थका लागि हाम्रो शोषण गर्न सक्छ । यतिबेला हामी कम्तीमा यति स्वतन्त्रता त हासिल गर्न चाहन्छौं कि अगाडि गएर हामीले सारा सत्ता हातमा लिन सकौं । हाम्रा नाराहरू एकदमै सिधा र प्रस्ट छन् : निजी सम्पत्तिको नास होस्, उत्पादनका सारा साधन जनताका सम्पत्ति हुन्, सत्ता जनताको हातमा होस्, हरेक मानिसले काम गर्नुपर्दछ । अब त तपाईंले बुझ्नु नै भयो होला कि हामी विद्रोही होइनौं ।'' यसरी गोर्कीले समाजवादका बारेमा आमा उपन्यासमा नै प्रस्ट र यथेष्ट औंल्याएका छन् ।

-एजेन्सीबाट

# ख्वप कलेज क्युएए प्राप्तिको चरणमा !




भक्तपुर । देशभित्र सञ्चालित उच्च शिक्षण संस्थाहरू गुणस्तरका न्यूनतम मापदण्ड पूरा गरी सञ्चालित छन् भन्ने सुनिश्चितता प्रयोजनार्थ विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरले संस्थागत प्रत्यायन प्रणाली (क्यूएए) लागू गरेको छ । कलेजले संस्थागत प्रत्यायन प्राप्त गर्नका लागि विश्वविद्यालय अनुदान आयोगले पूरा गर्नुपर्ने प्रक्रियाहरू निर्धारण गरेको छ । शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्रको लागि ख्वप कलेजले २०७९ पुस महिनामा दिएको निवेदनअनुसार कार्य अगाडि बढिरहेको र यसै सिलसिलामा विश्वविद्यालय अनुदान आयोगबाट गठन गरिएको समकक्षी परीक्षण टोलीले आइतबार ख्वप कलेजको कार्य शुभारम्भ गरेको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भएको उक्त शुभारम्भ कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू देशकै परिचित संस्थाको रूपमा अगाडि बढिरहेकोमा खुसी व्यक्त गर्नुभयो ।

समाज परिवर्तनको मुख्य आधार शिक्षा भएकोले शिक्षाको महत्त्वलाई ध्यानमा राखी भनपाले ७ वटा कलेजहरू सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “स्थानीय तहले नै व्यवस्थितरूपमा कलेजहरू सञ्चालन गर्न सक्छन् भन्ने उदाहरण ख्वप कलेजहरू हुन्; समाजलाई सुसंस्कृत बनाई सम्पूर्ण जनतालाई नै बुद्धिजीवी बनाउने उद्देश्यका साथ ख्वप कलेजहरू सञ्चालन भइरहेका छन् ।”

“कलेज सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार भक्तपुर नगरपालिकाले तयार गरिदिने र सञ्चालन खर्च कलेज आफैले व्यवस्था गर्ने गरी ख्वप कलेजहरू सञ्चालन भइरहेको हुँदा कम शुल्कमै गुणस्तरीय शिक्षा दिन सकेकोले ख्वप कलेजहरूमा विद्यार्थी आकर्षण बढ्दो छ,” उहाँले स्पष्ट पार्नुभयो ।

विश्वविद्यालय शिक्षा अनुसन्धानमा आधारित हुनुपर्ने मान्यतालाई मनन गरी ख्वप कलेजहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीहरू सञ्चालन गरिरहेको र यस्ता सम्मेलनहरूलाई बढावा दिन कलेज सञ्चालक समितिले प्राथमिकता दिँदै आएको प्रमुख प्रजापतिले उल्लेख गर्नुभयो ।

स्थानीय तहद्वारा सञ्चालित कलेजहरू स्वत: सरकारी कलेज भएकोले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजहरूलाई आङ्गिक कलेजसरह व्यवहार गर्नुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

कलेजमा रहेका कमी कमजोरीलाई आत्मसात गर्दै कलेजको प्रगतिको निम्ति कलेज सञ्चालक समिति निरन्तर अगाडि बढ्ने प्रतिबद्धता प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

विश्वविद्यालय अनुदान आयोगले ख्वप कलेजको लागि गठन गरिएको समकक्षी परीक्षण टोलीका प्रमुख प्राध्यापक सुवास केसीले सरोकारवाला पक्षको अपेक्षा पूरा गर्नु अथवा सरोकारवाला पक्षलाई सन्तुष्ट बनाउनु नै एक प्रकारको गुणस्तर भएकोले सम्बद्ध पक्षले सरोकारवालाको आकाङ्क्षा पूरा गर्नेतर्फ लाग्न जरुरी भएको बताउनुभयो ।

उहाँले गुणस्तरीयताको प्रमाणपत्र भनसुनका आधारमा नभई कामको नतिजाको आधारमा प्राप्त गर्न सुझाव दिनुभयो ।

भक्तपुर नगरपालिकाले कलेजहरू सञ्चालन गरिरहेको नौलो र प्रशंसनीय कदम भएको उल्लेख गर्दै ख्वप कलेजहरू दक्षिण एसियाकै उदाहरणीय कलेज बन्न सक्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले स्वागत गर्नुभएको उक्त कार्यक्रममा कलेजले तयार गरेको स्वअध्ययन प्रतिवेदन उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।

ख्वप कलेजले दिएको जानकारीअनुसार समकक्षी परीक्षण टोलीले चैत १० गतेसम्म परीक्षण गर्नेछ ।

# वर्तमान अवस्थामा शिक्षा, स्वास्थ्य सरकारको मात्र भर पर्न नहुने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा सेराफ वर्ल्ड प्रि-स्कूलको चौधौँ साधारणसभा र बाह्रौँ ग्राजुएसन कार्यक्रम विद्यालय प्राङ्गणमा चैत ८ गते दूधपाटीमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि सचिव सुवालले अहिलेको स्थितिमा सरकारको मात्र भरमा परेर नहुने हुँदा समाजको अगुवाइमा शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्र फराकिलो पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले देश र जनताको नि:स्वार्थ सेवा गर्ने नयाँ पुस्ता तयार गर्न सेराफ वर्ल्ड प्रि-स्कूलको पनि योगदान महत्त्वपूर्ण हुने चर्चा गर्दै बालबालिकालाई खेलाउँदै पढाउने व्यवस्था गर्नु जरुरी भएको उल्लेख गर्नुभयो ।

उहाँले मित्र देश चीनको सरकारले नयाँ पुस्तालाई डलरको लोभमा विदेशी सुन्दर र सुन्दरीको जालमा नफस्न सचेत गराउँदै आएको चर्चा गर्दै नेपालमा विदेशी डलर खर्च गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थादेखि सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

“अमेरिकी र इजरायली सरकारले इरानमा आक्रमण गरेपछि नेपालमा पनि तेल, ग्यास र खाद्यान्नको मूल्य बढ्यो र अभाव भयो । यसकारण, हामीले युद्धको विरोध गर्नु आवश्यक छ, सचिव सुवालले थप्नुभयो ।

नेपालले खुला सिमानामा मेचीदेखि महाकालीसम्म भूमि अतिक्रमणमा परेको उल्लेख गर्दै सचिव सुवालले विद्यालयले नयाँ पुस्तालाई देशभक्तिका गीत गाउन र नाच्न सिकाएको सकारात्मक पक्ष हो भन्नुभयो ।

विद्यालयका प्रिन्सिपल अन्जनी ताम्राकारले अभिभावकहरूको समेत सुझाव लिएर नयाँ पुस्तालाई पठनपाठनको व्यवस्था गरेको बताउनुभयो ।

विद्यालयका प्ले ग्रुपदेखि कक्षा तीनसम्मका विद्यार्थीले नाचगानसहित आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

## काठमाडौँमा निर्वाचन समीक्षा

# अराजकताको कारण शासक दलहरू



काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा प्रतिनिधिसभा निर्वाचन २०८२ बारे जिल्लाका कार्यकर्ताहरूमाझ चैत ८ गते समीक्षा गरियो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले विगतमा सदन र सडकबाट देश र जनताको नि:स्वार्थ सेवा गरेको उल्लेख गर्दै आगामी दिनमा पनि सरकारको जनविरोधी क्रियाकलापको विरोध गर्ने बताउनुभयो ।

नेमकिपाले निर्वाचनलाई बहुसङ्ख्यक जनतालाई राजनैतिक शिक्षा दिन उपयोग गरेको विचार व्यक्त गर्दै उहाँले नेमकिपामाथि कसैले पनि औँला उठाउन नसकेको बताउँदै हामीले जनताको अहित हुने कुनै काम नगरेको प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “३५ वर्ष राज गरेका शासक दलहरूको कमी कमजोरीले देशमा अराजकता निम्तिएको हो । देशमा वैदेशिक भएको हस्तक्षेप कहिल्यै स्वीकार्नु हुँदैन । हामी शत्रुसामु कहिल्यै झुक्ने छैनौँ ।”

नेमकिपाका केन्द्रीय सदस्य सनकमान महर्जनले देशलाई युक्रेन बनाउने जालविरुद्ध नेमकिपा सङ्घर्षरत छ भन्नुभयो ।

अर्का केन्द्रीय सदस्य राजवीर डंगोलले जनताको नि:स्वार्थ सेवा गरेसम्म नेमकिपा पराजित नहुने उल्लेख गर्दै देशमा पुरानो घोडाको ठाउँमा नयाँ बलियो घोडाको प्रयोग भएकोमा जनता चनाखो हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला अध्यक्ष नारायण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा काठमाडौँका दसवटै क्षेत्रका उम्मेदवारहरूले निर्वाचनको समीक्षा गर्दै आ-आफ्नो अनुभव सुनाउनुभएको थियो । कार्यक्रममा जिल्ला सचिव शैलेश डंगोलले पनि बोल्नुभएको थियो ।

# शासक दलका नेताहरू नि:स्वार्थी नभएसम्म देश विकास नहुने

सरकारको नेतृत्व गर्ने दलका नेता, प्रधानमन्त्री, मन्त्री, सांसद, जनप्रतिनिधि, कर्मचारी इमानदार र नि:स्वार्थी नभएसम्म देश विकास सम्भव छैन । शासकहरू देश र जनताप्रति समर्पित नभएसम्म देश र जनताको सेवामा ऐन कानुन बन्ने छैन । अहिले सरकारको नेतृत्व गर्ने दलले कुन वर्गका जनताको सेवा गर्ने हो ? त्यो महत्त्वपूर्ण विषय हो । देशको जिम्मेवारी बोक्न बहुमत पाएका दलका नेताहरूमा सामूहिक भावना छैन; जनताको सेवा गर्ने भावना छैन भने उनीहरूको जिम्मेवारी कसरी पूरा हुन्छ ? कमाउनको निम्ति राजनीति गर्ने दलका नेता, मन्त्री र सांसदहरू जनताका प्रिय पात्र बन्दैनन् । विगतमा कति सांसदहरू भ्रष्ट आचरणका भए; जाली मुद्दा, हत्या-हिंसामा फसे । मन्त्री र सांसदहरू आफै लुकीलुकी भागे । अनेक प्रकारका मुद्दामा परे । देश र जनताको निम्ति काम गर्नुपर्ने जिम्मेवार नेताहरू घटिया बन्न पुगे ।

संसद् देशभक्त, नि:स्वार्थी, इमानदार र दूरदर्शीहरूको थलो बन्नुपर्छ । जुनसुकै दलको नेतृत्वमा सरकार गठन भए पनि निर्वाचित सांसदहरू भ्रष्ट आचरणका हुनुहुँदैन । नयाँ शक्तिको खोल ओढेर सत्ताको स्वाद चाख्न आएका सांसदहरू दाग लागेका छन्; अवसरवादी छन् भने विगतको सरकार र यो सरकारको भिन्नताबारे जनताले कसरी बुझ्ने ? निर्वाचित सांसदहरू भ्रष्ट चरित्रका छन्, आपराधिक क्रियाकलापमा संलग्न छन् भने संसद् कुनै दिन ठेकेदार, भ्रष्टाचारी, हिंसा तथा आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरूको थलो बन्न बेर लाग्दैन । सांसद हिमाल, पहाड, तराई जुनसुकै निर्वाचन क्षेत्रका भए पनि देश र जनताप्रति समर्पित हुन्छ भने ऐन कानुन राम्रो बन्छ ।

रास्वपाबाट निर्वाचित सांसदहरू सबै साँच्चै रास्वपाका होइनन् भन्ने कुरा उनीहरू आफै बताउँछन् । उनीहरूमध्ये कति पहिलेको दलमा रहँदा गुटबन्दी र भागबन्डाबाट वाक्कदिक्क भएका, आफूले टिकट नपाएका, पदमा नपुगेका व्यक्तिहरू रास्वपामा झरेका थिए । सिद्धान्त र विचारको कुनै ख्याल नगर्ने, नेका, एमाले, माओवादी, राप्रपाबाट असन्तुष्ट नेता तथा कार्यकर्ताहरू अहिले रास्वपामा सक्रिय बनेका छन् । राजा आउ देश बचाउ भन्नेहरू, प्रजातान्त्रिक आन्दोलनमा लागेका युवाहरू रास्वपामा प्रवेश गरेका छन् । आर्थिक अनुशासनमा नरहेका, निर्वाचनमा उम्मेदवार बन्न मात्र रास्वपा छिरेका व्यक्तिहरू देश र जनताप्रति कति समर्पित हुने हुन् ? समर्पित भएर काम गर्ने हुन् ? त्यो जनताको चासोको विषय बनेको छ ।

सस्तो लोकप्रियताको राजनीति गरेर या जाल बुनेर निर्वाचित भएका सांसदहरूले के देशको अर्थतन्त्र मजबुत पार्लान् ? हिमाल, पहाड र तराईका जनताको समस्या बुझेर अघि बढ्लान् या ऐन कानुन बनाउलान् ? अरु दलभित्र पस्न नसकेर, काम गर्न नसकेर या अवसर नपाएर कति रास्वपा छिरेका छन् । पहिले आफू गलत काममा फसेर नयाँ दलतर्फ लागेका हुन् भने पसेको दलमा पनि फस्ने सम्भावना हुन्छ ।

हल्लाको भरमा राजनीति गर्नु बुद्धिमानी होइन । दर्शन, सिद्धान्त र विचारबिनाको दलले मार्गनिर्देश गर्न सक्दैन । निर्वाचन सकेपछि र नयाँ सरकार गठनको अभ्यास भइरहेको बेला ग्यास सिलिन्डरको अभाव भयो । पेट्रोल र मट्टीतेलको भाडा बढ्यो । सिमेन्ट र डण्डीको पनि भाउ बढ्यो । यो मूल्यवृद्धि अमेरिका, इजरायल र इरानबिच युद्धको कारण भएको हो कि संयोगमात्र हो ? कि अहिले भाउ बढाएर नयाँ सरकार गठन भएपछि मूल्यवृद्धि घटाएको देखाउन चालेको चाल हो ? अब बन्ने सरकारले के नयाँ निर्णय गरेर जनताको भावनाबमोजिम काम गर्छ ? भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहका विषयमा सरकार कसरी अघि बढ्ने हो; सरकारले के कस्ता अल्पकालीन र दीर्घकालीन निर्णय गरेर जनताको विश्वास जित्ने प्रयास गर्ने हो ? देशमा सुशासनको प्रत्याभूति दिलाउन के कस्ता भ्रष्टाचारी, अपराधी, हत्या-हिंसामा संलग्न व्यक्तिहरूलाई उचित कारबाही गर्ने हो ? त्यो पनि अहिले जनतामाझ चर्चाको विषय बनेको छ ।

सरकार गठनको पूर्वाभ्यास भइरहेको खबर सञ्चारमाध्यममा आएको छ । प्रम बनाउने सन्दर्भमा रास्वपाको विधान संशोधन गर्ने खबर पनि छ । बालेनलाई संसदीय दलको नेता बनाएर प्रम बनाउने चर्चाले नेतृत्व र कार्यकाल बाँडफाँडको सवालमा रस्साकस्सी भएको खबर पनि छापामा आएको छ । समानुपातिक चयनदेखि पार्टी सभापति रवि लामिछाने र बालेनबिच केही असमझदारी देखिएको खबर पनि छ । निर्वाचनअघि पार्टी सभापति र बालेनबिच प्रम बनाउने सहमतिको कुरा सार्वजनिक भए पनि पूरा कार्यकालको लागि हो कि होइन भन्ने निर्णय प्रकाशमा आएको छैन । पार्टी बैठकले गर्नुपर्ने निर्णय दुई व्यक्तिबिच सहमति गर्दा सो सहमतिबारे पार्टीका जिम्मेवार नेताहरू नै अनभिज्ञ भए । अब बन्ने सरकारको पहिलो प्राथमिकता के हो ? वाचा पत्र पूरा गर्छ कि गर्दैन भन्ने जनताको जिज्ञासा छ । सरकार देश र जनताप्रति जवाफदेही हुनुपर्छ; श्रमजीवीवर्गको पक्षमा सरकारले काम गर्नुपर्छ ।

**साम्राज्यवादीहरूको...**

एक्लाएक्लै भेट गरे । यसलाई नियमित सैन्य कूटनीति भनेर व्याख्या गरिए पनि इजरायल-अमेरिका र इरान युद्धको कारण विश्व राजनीति अस्थिर भइरहेको यो समयको भ्रमण र छलफल शङ्कास्पद छ ।

**नेपाल सरकारको गलत कूटनीति**

अमेरिकी सैन्य अधिकारीहरूको तारन्तारको भ्रमणपछि नेपाल सरकारको गृह मन्त्रालयले २०८२ फागुन २९ गते कूटनीतिक र अफिसियल राहदानी बाहेकका इरानी नागरिकहरू नेपाल आउनको लागि विदेशस्थित नेपाली नियोगबाटै भिसा लिएर आउनुपर्ने र ‘अन अराइभल भिसा’ नपाउने मुलुकको सूचीमा इरानलाई समावेश गर्ने मन्त्रीस्तरीय निर्णय गर्‍यो । नेपाल सरकारको यो निर्णय नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत हो । यो निर्णयले नेपाल सरकार अमेरिकी साम्राज्यवादको पकडमा रहेको स्पष्ट हुन्छ । यही बेला मोरङ्को बुढीगङ्गास्थित मनमोहन कलेजमा चिनिया राष्ट्रपति सि जिनपिङ्का सयौँ पुस्तक जलाइएको समाचार पनि प्रकाशित भयो । नेपालमा चीनविरोधी गतिविधि बढ्दै छ । यस्ता गतिविधिले नेपालको हित हुन्न । नेपाली जनता समयमै सचेत हुनु जरुरी छ ।

*२०८२ चैत ८ गते*

# क्युवामा फेरि बत्ती बालौँ !

## क्युवामाथि अमेरिकाले लगाएको तेल नाकाबन्दीका क्रूर प्रभावहरूको साक्षी

✍ नाथन जे. रोबिन्सन

सिङ्गो सहर अन्धकारमा डुबेको छ । सडकबत्ती छैनन् । झ्यालहरूमा बत्ती छैन । टिभी अनि एसी चल्दैन । यदाकदा सौर्य ऊर्जाबाट चल्ने आपतकालीन बत्ती या जेनेरेटर देखिन्छ । तर, यतिबेला हवाना सहरका अधिकांश सडकमा हिँड्दा लगभग पूर्णत: अँध्यारोमा ठोकिनुपर्छ, मानौँ तपाईं हामी 'अन्धो' छौँ । बत्ती हराएपछि मात्र मानिसले प्रकाश या उज्यालो कति आवश्यक चीज रहेछ भन्ने महसुस गर्दो रहेछ, म त्यो अनुभव गर्दै छु ।

अमेरिकाले तेल आपूर्तिमाथि लगाएको नाकाबन्दीका कारण एक हप्ताभन्दा कम समयमा क्युवाको विद्युत् प्रणाली दोस्रो पटक पूर्ण रूपमा ध्वस्त भएको छ । यसरी पूर्ण रूपमा विद्युत् प्रणाली ढल्नुअघि देशभर घुम्ती या क्षेत्रगत विद्युत् कटौती अर्थात् लोडसेडिङ भइरहेकै थियो । क्युवालाई तेल आपूर्ति गर्ने मुख्य देश भेनेजुएला थियो । तर, अमेरिकाले त्यहाँ सैन्य हस्तक्षेप गऱ्यो, ८० जनाको हत्या गऱ्यो, राष्ट्रप्रमुखलाई अपहरण गऱ्यो र तेल आपूर्तिमा पूर्णत: रोक लगायो । क्युवामा बत्ती बल्न नदिन अमेरिकाले असाधारण या अमानवीय कदम चाल्यो र मानवीय सङ्कट कम गर्न खोज्ने देशहरूलाई समेत कर लगाउने धम्की दियो ।

मेरा सहकर्मी एलेक्स स्कोपिक र म अहिले हवाना सहरमा "नुएस्ट्रा अमेरिका" सहयोग अभियानसँग रिपोर्टिङ गरिरहेका छौँ । यस टोलीले क्युवाको चरम अभावबिच केही राहत दिन मानवीय सहयोग जुटाउने प्रयास गर्दै छ । यद्यपि यस्तो केही सहयोगले मात्र अवस्था परिवर्तन गर्न सकिँदैन । क्युवाको सङ्कटप्रति विश्वको ध्यानाकर्षण गराउनु जरुरी छ । अमेरिकी जनतालाई आफ्नै सरकारको नीति परिवर्तनका लागि दबाब दिन प्रेरित गर्नुका साथै अन्य देशहरूलाई अमेरिकी ज्यादतीको निन्दा गर्दै क्युवालाई सहयोग गर्न प्रोत्साहित गर्नु अहिलेको आवश्यकता हो ।


बत्ती गएको बेला म पाबेलोन क्युवामा आयोजित एउटा साङ्गीतिक कार्यक्रममा थिएँ – ब्रुटालिस्ट शैलीको खुला कार्यक्रम स्थल । सयौँ क्युवालीहरू वसन्तकालीन कन्सर्टमा रमाइरहेका थिए । अचानक बत्ती गयो, सङ्गीत रोकियो, कार्यक्रम समाप्त भयो । आनन्द एकाएक मरेजस्तो महसुस भयो । विद्युत् कटौतीको बानी त परेकै थियो क्यूवालीलाई तर रमाइलोको बिचमा अचानक सबै बन्द हुँदा खिन्नता स्वाभाविक हो ।

मानिस सङ्गीतबिना पनि बाँच्न सक्छन् होला । (तर, क्युवालीहरूले हार मानेका छैनन्, आज राति अन्धकारमै पनि धैरै धैरै क्युवालीहरू नाचिरहेको मैले देखेँ ।) तर स्वास्थ्य सेवाबिना भने मानिसलाई बाँच्न मुस्किल हुन्छ । विद्युत् कटौतीले अस्पतालहरू गम्भीर रूपमा प्रभावित छन् । आवश्यक शल्यक्रिया पनि हुन सकेका छैनन् । बिरामी अस्पताल पुग्न समेत कठिन छ । यसर्थ ट्रम्प प्रशासनको पछिल्लो रबैया या नीतिले सबैभन्दा बढी बिरामीहरूको ज्यान लिइरहेको छ । हिजो राति 'हर्मानोस अमेइजेइरास अस्पताल' को भेन्टिलेटरमा रहेका बिरामीहरूको मृत्युको खबर आयो ।

नाकाबन्दीका प्रभावहरू हेरिनसक्नु दु:खद र निराशाजनक छ । क्युवा विगत ६६ वर्षदेखि अमेरिकी नाकाबन्दीमा सामना गरिरहेको छ । त्यसकारण, आर्थिक रूपमा कमजोर देखिन्छ । मानिसहरू अभावबिच पनि बाँच्छन् क्युवामा । तर, अहिले दिनचर्याका अत्यावश्क वस्तु पनि उपलब्ध छैन । बस चल्दैनन्, कार चलाउन इन्धन महँगो छ (एक ग्यालन पेट्रोल १० देखि ४० डलरसम्म पर्छ, त्यो पनि पाइँदैन । यहाँ राम्रो एक छाक खानाको लागि करिब २० डलर मूल्य तिर्नपर्छ ।) रेस्टुराँहरूमा खाना सकिँदै छ । खाद्य सङ्कट बढ्दै छ । सडकमा फोहोर थुप्रिँदै छ । एउटा सडक पार गर्दा यति धेरै झिँगा थियो कि सास फेर्न पनि गाह्रो भयो । आपूर्ति प्रणाली नै भत्कँदै गएको देखिन्छ । पर्यटन व्यवसाय धरासायी बन्दै छ । अभाव र सरसफाइ सङ्कटको अनुभव गर्न कोही पर्यटक आउला जस्तो लागेको छैन । पर्यटक बोक्ने ट्याक्सी चालक बेरोजगार बनेका छन् । पर्यटक घटेसँगै विदेशी मुद्रा पनि रोकियो जसमा धेरैको जीविका निर्भर थियो ।

क्युवालीहरू अत्यन्त न्यानो र मित्रवत् छन् तर यो बेला उनीहरू अलिक बेचैन देखिन्छन् । सान होसे कला बजारका पसलहरू स्मरणिका या उपहारले भरिएका थिए तर किन्ने मानिस थिएनन् । व्यापारीहरू ग्राहक तान्न प्रतिस्पर्धा गरिरहेका थिए तर धेरैले दिनभर एउटा पनि सामान बिक्री नभएको स्पष्ट थियो । मलाई "मेरो देश' ले गरिरहेको यो नाकाबन्दी यति क्रूर छ भन्ने विश्वास गर्न गाह्रो भइरहेको छ । गरिबको मुखबाट रोटी खोस्ने, जीविका नष्ट गर्ने, वृद्धलाई भिखारी बनाउने, बिरामीलाई मार्ने काम संरा अमेरिका गर्दै छ ।

दोस्रो विश्वयुद्धपछि अमेरिकी विदेश नीतिको इतिहास क्रूरता र हिंसाले भरिएको छ । अन्धकारमा डुबेको यो सहरको दु:ख हेर्दा संरा अमेरिकी व्यवस्थाप्रति गहिरो क्रोध उत्पन्न हुन्छ । संसारकै धनी देशले आफ्नो सानो अनि विपन्न छिमेकीमाथि अनावश्यक पीडा थोपरेको हेर्न पनि गाह्रो भइरहेको छ । एक अर्बपति राष्ट्रपति ट्रम्प क्युवाली मानिसहरूको अन्तिम




जीविकासमेत खोस्न किन उद्दत छ ? प्रश्न उठ्छ ।

अचानक ट्रम्पलाई क्युवाली स्वतन्त्रताको चिन्ता लागेको होइन । मानव अधिकारको मामिलासँग यो नाकाबन्दीको गोरु बेचेको सम्बन्ध पनि छैन । ट्रम्प प्रशासनलाई क्युवाको लोकतान्त्रिक सुधार या नागरिक स्वतन्त्रतासँग केही लिनुदिनु छैन । भेनेजुयलामा तेल भण्डार या खानीलाई विदेशी कब्जाबाट सरकारको स्वामित्वमा लगिएको कारण ट्रम्पले आक्रमण गरेको हो । क्युवाली विचारको प्रभाव भेनेजुयलामा छ । भेनेजुयला र क्यूवा एक अर्कासँग मिल्ने सहयोगी देश हुन् । त्यसकारण, क्युवालाई पनि आफ्नो आर्थिक लाभको हिस्सा मान्छ । विदेशी लगानीकर्तालाई क्युवामार्फत नाफा कमाउने अधिकार दिलाउनु ट्रम्पको स्वार्थ हो ।

वास्तवमा संरा अमेरिकी नीति भनेको क्युवाको सार्वजनिकीकरणको ( समाजवादी) विचारविरुद्धको नीति हो । ट्रम्प निजीकरण चाहन्छ, क्यूवाली अर्थ–राजनीतिमा विदेशी कब्जा चाहन्छ । क्युवामा जाने अमेरिकी नागरिकहरूलाई निजी होटलमै मात्र बस्ने अनुमति छ, ती होटल प्राय: विदेशी कम्पनीको स्वामित्वमा छन् । ती होटल तेल प्रतिबन्धबाट मुक्त छन् । त्यसैले म बसिरहेको होटलमा बत्ती बलिरहेको छ, जबकि सहरको अधिकांश भाग कालो अँध्यारो छ । क्युवाले प्रेस स्वतन्त्रताको सम्मान गरेन भन्ने ट्रम्पको आक्षेप गलत छ, ऊ विदेशी कम्पनीहरूको लागि क्युवा खुला गर्न चाहन्छ । त्यतिमात्र होइन उत्पादनका साधनमाथि सार्वजनिक स्वामित्वको क्युवाली अभ्यास समाप्त गर्न चाहन्छ ।

क्युवाली क्रान्तिपछि सुरु भएको क्युवाविरोधी संरा अमेरिकी इतिहासकै निरन्तरता हो यो समय पनि । फिडेल क्यास्ट्रो सरकारले अमेरिकी कम्पनीहरूको सम्पत्ति राष्ट्रियकरण गरेयता क्युवाली जनता संरा अमेरिकी आर्थिक युद्ध सामना गर्दै छन् । क्रान्तिअघि क्यूवामा अमेरिकी समर्थनको बतिस्ता तानाशाह थियो, अमेरिकी व्यवसायलाई फाइदै फाइदा पुग्थ्यो, अमेरिका सन्तुष्ट थियो ।

अमेरिकी नेताहरू भन्थे, 'तानाशाही व्यवस्था नै क्युवाको लागि राम्रो हो ।' उपराष्ट्रपति रिचर्ड निक्सनले ल्याटिन अमेरिकीहरू लोकतन्त्रभन्दा तानाशाही व्यवस्था रोज्ने बताएका थिए । राष्ट्रपति आइजनहावरले क्युवालीहरूलाई लोकतन्त्रभन्दा पनि रमाइलो जीवन चाहिने ठाने । विदेशमन्त्री जोन फोस्टर डलसले त उनीहरूलाई आत्मनिर्भर बन्न नसक्ने या शासन गर्न नसक्ने 'बालबालिका' जस्तै हो भनी अपमान गरे । तर, १९५० को दशकमा क्युवालीहरूले आफ्ना देशको स्रोतसाधन आफ्नै जनताको हितमा प्रयोग हुनुपर्छ भन्ने अडान र विश्वास राखे । क्यूवाली जनताको यो सङ्घर्ष रोक्न अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्ले स्पष्ट नीति बनायो– "अति राष्ट्रवाद र अमेरिकी शक्तिबाट स्वतन्त्र हुने प्रयास रोक्ने ।"

क्यास्ट्रो सत्तामा आएपछि अमेरिकी सम्पत्ति राष्ट्रियकरण हुँदा अमेरिका आत्तियो । क्यास्ट्रो सत्तामा रहिरहे भने क्युवामा भएको सम्पूर्ण अमेरिकी लगानी ध्वस्त हुन्छ भनी डरायो । त्यतिमात्र होइन ल्यटिन अमेरिकामा संरा अमेरिकी आर्थिक कब्जामा अबरोध हुने देखेर आत्तियो । त्यसैले क्युवालाई अमेरिकी लगानी जोखिममा परे राम्रो नहुने चेतावनी दियो । तेल आपूर्ति बन्द गर्ने धम्की समेत दियो (जसले केही हप्तामै विनाशकारी प्रभाव पार्ने अनुमान थियो) । थुप्रै आतङ्ककारी हमला गऱ्यो, सिआइएमार्फत पटक पटक क्यास्ट्रोको हत्या प्रयास गऱ्यो, 'बे अफ पिग्स' आक्रमणमार्फत क्यास्ट्रो सरकार ढाल्न खोज्यो तर अमेरिका सफल हुन सकेन । प्रत्यक्ष आक्रमण महँगो भएपछि अमेरिका दीर्घकालीन आर्थिक घेराबन्दीतर्फ लाग्यो, गोप्य कारबाहीतर्फ लाग्यो ।

ट्रम्पको हालको इन्धन प्रतिबन्धभन्दा धैरै अघि नै क्युवाविरुद्ध अमेरिकी नीति अनैतिक, अमानवीय र अवैध थियो । व्यापार पूर्ण रूपमा बन्द गरिँदा क्युवाले वार्षिक अर्बौं डलर घाटा बेहोरेको छ । "१८० दिन नियम" जस्ता व्यवस्थाले क्युवामा पुगेको जहाजलाई १८० दिनसम्म अमेरिका जान नदिने व्यवस्था गरेको छ–जसको उद्देश्य केवल आपूर्ति घटाउनु या रोक्नु हो ।

यतिको सङ्कटबिच पनि क्यूवाली समाज पूर्ण रूपमा ढलेको छैन । क्युवालीहरू अद्भुत रूपमा सहनशील छन् । ब्रिटेनले दोस्रो विश्वयुद्धमा देखाएको 'ब्लिट्ज स्पिरिट' जस्तै उनीहरू शान्त रहँदै जीवन अघि बढाइरहेका छन् । सडक सुरक्षित छन्, मानिसहरू मित्रवत् छन्, कौशलयुक्त छन् र अन्धकारमै पनि सम्मानजनक अर्थात् गौरवपूर्ण जीवन जिउने उपाय खोजिरहेका छन् । तर इन्धन र बिजुलीको अभावले उनीहरूलाई गम्भीर पीडा दिइरहेको भने सत्य हो ।

CODEPINK, Progressive International / Global Health Partners जस्ता संस्थाहरूले आयोजना गरेको सहयोग अभियानले केही राहत दिएको छ । क्युवालाई अहिले पर्यटक चाहिएको छ । पर्यटन राजनीतिक विषय हो म भन्दिन तर विदेशी आगन्तुकहरू अहिले क्यूवाली अर्थतन्त्रका लागि जीवनज्योति जस्तै हो । पर्यटक होटलमा बस्ने, कला सामग्री किन्ने, रेस्टुराँ जानेजस्ता गतिविधिले घरेलु अर्थतन्त्र जोगाउला । लामो दूरीका उडान घटे पनि मियामीबाट दैनिक उडान अझै छन् । क्युवा आउन कानुनी रूपमा अनुमति छ, यहाँ खर्च गर्न र सहयोग ल्याउन पनि पाइन्छ । बस् यहाँका केही कृत्रिम अपठ्याराहरूका लागि पहिल्यै तयार भई आउनुपर्छ ।

विश्वका अन्य देशहरूले पनि ट्रम्प प्रशासनको घोर विरोध गर्नु अहिलेको आवश्यकता नै हो । क्युवाको सङ्कटमा संयुक्त राष्ट्रसङ्घ कहाँ छ, के गर्दैछ ? किन खाद्य, इन्धन र औषधिको निरन्तर आपूर्ति भइरहेको छैन ? यदि मैले विश्वका नेताहरूलाई एउटा कुरा भन्नुपऱ्यो भने यो भन्छु, "यदि तपाईंहरूले ट्रम्प प्रशासनको विरोध गर्नुभएन भने यो युद्ध भेनेजुयला, इरान, क्युवा मात्रमा सीमित रहने छैन , तपाईंहरू पनि अर्को तारो बन्न सक्नुहुन्छ ।"

अमेरिकी नागरिकहरूका लागि पनि यो सानो मुद्दा होइन । सरकारलाई नीति परिवर्तन गर्न दबाब दिनुपर्छ । अहिलेको नीति मानव नैतिकतामाथिको अपमान हो । क्युवा सरकारबारे तपाईंको धारणा जे भए पनि, यसले सरकारलाई होइन, साधारण जनतालाई असर गरिरहेको छ । फोहोर र रोगबिच क्युवाली जनता जीवन बिताइरहेका छन् किनकि हामीले उनीहरूको इन्धन काटिदिएका छौँ । हामी आफ्नै सरकारको नीतिका लागि जिम्मेवार छौँ । त्यसैले परिवर्तनका लागि आवाज उठाऔँ । क्युवालाई बाँच्न दिऔँ । संसारमा अरू थुप्रै सङ्कट छन् मलाई थाहा छ तर क्युवाको सङ्कट अमेरिका निर्मित हो, हाम्रै दैलोमा क्युवाली जनता दु:ख भोग्दै छन् । यी मानिसहरूलाई अन्धकारमा नछोडौँ । अमेरिकालाई फेरि बत्ती बाल्न बाध्य बनाऔँ ।

*२२ मार्च २०२६*

*स्रोत : 'करेन्ट अफेयर्स', राजनीति र कलाबारे लेख्ने अन्तर्राष्ट्रिय पत्रिका*

*नेपाली अनुवाद : सर्गश्री*

# बिस्का जात्रा रुटका तारहरू व्यवस्थापनबारे छलफल



भक्तपुर, ९ चैत । भक्तपुरको ऐतिहासिक एवम् प्रसिद्ध बिस्का जात्रा व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायकबिच सोमबार छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्त्वको मौलिक नगर भएको बताउँदै भक्तपुरलाई सफा र सुन्दर नगरको रूपमा विकास गर्न नगरको मुख्य बजार क्षेत्रका पसलहरूमा छतहरूमा एकरूपता आउने गरी छत राख्ने कार्य भइरहेको बताउनुभयो ।

नगरका ठाउँ ठाउँमा छरपस्ट रहेका केबल नेटवर्कका तारहरू व्यवस्थित गर्नुपर्ने बताउँदै उहाँले तार व्यवस्थापनको लागि सम्बन्धित सबै सरोकारवालाहरूको संयुक्त प्रयास आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नगर क्षेत्रभित्र तारहरू अस्तव्यस्त भएको जनगुनासो रहेको बताउँदै अनावश्यक रूपमा राखिएका केबल नेटवर्कहरूलाई यथाशक्य हटाउन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सहर सुन्दर बनाउन र अव्यवस्थित तारबाट हुनसक्ने सम्भावित दुर्घटना न्युनीकरणको लागि तारहरू व्यवस्थित गरिनुपर्ने बताउनुभयो ।

बैठकले नजिकिँदै गरेको बिस्का जात्रालगायतका जात्राहरूमा विद्युत् प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायकहरूका तारहरूमा क्षति पुग्ने विषयलाई न्यूनीकरण गर्न अनावश्यक तारहरू हटाउने र व्यवस्थित गर्ने कार्यको लागि भक्तपुर नपा श्यानिटेसन शाखा प्रमुख दिलिप सुवालको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरी कार्य अघि बढाउने निर्णय गऱ्यो ।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायकका प्रतिनिधिलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# मतदातालाई धन्यवादसहित दैलेखमा निर्वाचन समीक्षा

दैलेख । नेपाल मजदुर किसान पार्टी दैलेखले चैत ८ गते नारायण नगरपालिकाका मतदाताहरूसँग भेटघाट गरी धन्यवादज्ञापन कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा नेमकिपा दैलेखका अध्यक्ष जगत वलीले नेमकिपाले निर्वाचनलाई जनताको राजनीतिक चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गरेको चर्चा गर्दै मतदाताहरूलाई धन्यवादज्ञापन गर्नुभयो ।

देश र जनताको पक्षमा नेमकिपा सङ्घर्षरत रहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका रत्नबहादुर श्रेष्ठ, कलबहादुर सिजापतिलगायतले पनि बोल्नुभएको थियो । भेलाले ५ सदस्यीय नगर समिति गठन गरेको छ ।

यसैबिच नेमकिपा जिल्ला समिति दैलेखको आयोजनामा चैत ६ गते प्रतिनिधिसभाको निर्वाचनबारे महान् गाउँपालिकामा पनि समीक्षा तथा मतदाताहरूलाई धन्यवाद कार्यक्रम भएको थियो । उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य केशेन्द्रप्रकाश कार्कीले पार्टीले निर्वाचनलाई राजनीतिक चेतना जगाउने विश्वविद्यालयको रूपमा लिएको बताउनुभयो ।

प्रजातन्त्र पुन:स्थापना यता पालैपालो सरकारमा गएका पार्टीहरूकै कारण देश सङ्कटमा परेको उल्लेख गर्दै उहाँले नेमकिपाको उद्देश्य भनेको कामदार जनताको राज्यसत्ता समाजवादी व्यवस्था स्थापना गर्नु हो भन्नुभयो ।

पार्टीका जिल्ला अध्यक्ष जगत वलीले कामदार जनतालाई शासन सत्तामा पुऱ्याउन व्यापक रूपमा सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकता औँल्याउँदै निर्वाचनलाई उपयोग गरेको चर्चा गर्नुभयो ।

पुँजीवादी निर्वाचनबाट समाजवाद नआउने उल्लेख गर्दै उहाँले नेमकिपाको चुनाव चिह्न मादलमा मतदान गर्ने मतदाताहरूलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा पार्टीका जिल्ला सल्लाहकार बमबहादुर सिंह, महाबु गाउँपालिका समिति संयोजक दुर्ग थापा, भगीराम थापा र गीता थापाले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

हार्दिक समवेदना

जन्म
२०३७/०३/०८



निधन
२०८२/१२/०१

यस समूहका सदस्य **पुण्यराम कवां**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**सृजनशील कृषक समूह**
सूर्यविनायक-८, विविचा

श्रमिक
१० चैत, २०८२ (24 March, 2026)
भ.जि.का.द.नं. १-०५०/५१
भ.पु.जि.हु.का.द.नं.१-७४/७५


**शासक...**

उहाँले विद्यार्थीको शैक्षिक स्तर माथि उठाउन विद्यालयले सङ्गीत, चित्रकला, खेलकुद, स्काउट, नृत्य, प्रशिक्षण तथा नेपाल र विदेशका भाषा सिकाइमा थप जोड दिनुपर्ने उल्लेख गर्दै अमेरिकी र इजरायली सरकार मिलेर इरानमा आक्रमण गरेको कारण नेपालमा पनि तेल र ग्यास महँगो र खाद्यान्न अभाव भएको औँल्याउनुभयो ।

उहाँले नेपालका नदीनालाबाट नेपालीकै लगानीमा पर्याप्त विद्युत् उत्पादन गरिएमा देश आत्मनिर्भर बनाउन मद्दत पुग्ने बताउनुभयो ।

सरकारहरूले देशका मुख्य-मुख्य नदीनालाहरू टनकपुर, महाकाली, कर्णाली आदि भारतलाई दिएको हुँदा नेपालले भारतसँग महँगोमा बिजुली किन्नु परेको उल्लेख गर्दै उहाँले सरकारहरू देशलाई ऋणमा डुबाउने र सरकारी कर्मचारीलाई तलब खुवाउन पनि ऋणभै भर परिरहेको देशको हितमा नभएको बताउनुभयो ।

इरान, भेनेजुयलाजस्ता देशले अमेरिकी कम्पनीलाई तेल र ग्यास नदिएको कारण अमेरिकाले आक्रमण गरेको उल्लेख गर्दै उहाँले अमेरिकी आक्रमणको विरोध अमेरिकालगायत विश्वका जनताले गरिरहेको बताउनुभयो ।

युद्धको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, "अब आउने नेपालका सरकारले राम्रो काम नगरेमा जनताले विरोध गर्नेछन् ।"

विद्यालय व्यवस्थापन समितिका सदस्य एवं प्रदेशसभा सदस्य सिर्जना सैंजुले विद्यालयबाटै विद्यार्थीले संस्कार, संस्कृति, सद्भाव र सहयोगको भावना सिक्ने उल्लेख गर्दै शिक्षा अध्ययन व्यक्तिवादी प्रवृत्ति विकास गर्न होइन भन्नुभयो ।

पुरानो पुस्ताको अनुभव, सीप र मार्गनिर्देशबाट नयाँ पुस्ताले देश सम्हालेर नमुना काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले अग्रजहरूको योगदानले नै नयाँ पुस्ता सभ्य र सुसंस्कृत समाजमा जीवन जोहो गर्न पाउने अवसर मिलेको बताउनुभयो ।



शिक्षा वैज्ञानिक र व्यावहारिक भएन भने असल र अनुशासित नागरिक तयार नहुने उल्लेख गर्दै उहाँले विद्यालय शिक्षा खोजमूलक र अनुसन्धानमूलक नहुनु चिन्ताको विषय हो भन्नुभयो ।

रसायनशास्त्री डाक्टर कान्ति श्रेष्ठले सन्तुलित खानाको महत्त्वबारे प्रकाश पार्दै नेवारी समुदायमा खाने भोज र सम्हेबजी विज्ञानको हिसाबले सन्तुलित भएको बताउनुभयो ।

बालबालिकाले मोबाइल, एयरफोन चिन्ने तर संस्कार र संस्कृति नचिनेकोमा चिन्ता व्यक्त गर्दै उहाँले हामीले खाने अनेक खानाका परिकारमा शरीरलाई ऊर्जा दिने, स्वस्थ बनाउने मात्र होइन विषाक्तबाट बचाउने तत्त्व पनि रहेको सविस्तार गर्नुभयो ।

विद्यालयका प्राचार्य बदनकेसरी प्रजापतिले विद्यालयले गरिरहेको गतिविधि र कार्यक्रमबारे प्रकाश पार्दै विद्यार्थी र शिक्षकहरूको व्यक्तित्व विकास गर्न विभिन्न प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले विद्यालयबाट प्रकाशित स्मारिका पनि विमोचन गर्नुभयो । सो अवसरमा चिनियाँ भाषाका प्रशिक्षक पिङ छ्याङ छ्याङले चिनियाँ भाषा र विद्यालयले गरेको उल्लेखनीय कार्यको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष बिजुक्छेँ, अतिथि तथा समाजका शिक्षासेवी, अगुवा, समाजसेवीहरूले भनपा वडा नं. २ र ६ का ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्नुभएको थियो । त्यस्तै विद्यालयमा १० वर्ष, २० वर्ष र २५ वर्ष सेवा अवधि पूरा गरेका शिक्षक एवं कर्मचारीलाई प्रशंसापत्र वितरण तथा कक्षा ४ देखि ९ सम्मका विद्यार्थीहरूको गीत, नृत्य प्रस्तुत गरिएको थियो ।

अभिभावक र शिक्षिकाहरूको नृत्यसमेत रहेको सो कार्यक्रममा भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले धन्यवाद व्यक्त गर्नुभएको थियो । सो कार्यक्रममा अनिता न्हुछे र मनिता थापाले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

समारोहमा तेक्वान्डो पनि प्रदर्शन गरिएको थियो । त्यस्तै गीत, नृत्य आदि देखाइएको छ ।

**नेमकिपा...**

बैठकमा गौरीकान्त आचार्य, धनबहादुर सिजापति, हीराबहादुर शाही, जयबहादुर बुढा, प्रकाश शाह, कोकिला शाही, ध्रुवराज आचार्य, सुर्जा थापा, जमरकन्या रोकाया, शेरबहादुर शाही, रूपेश श्रेष्ठ, वीरबहादुर चौधरी, खड्गराज थापा र विश्वराज देवकोटाले निर्वाचन कार्यक्रमबारे आ-आफ्नो अनुभव सुनाउनुभयो ।

त्यस्तै, आइतबार वैदीमा नेपाल मजदुर किसान पार्टी बर्दिया जिल्ला समितिको निर्वाचन समीक्षा बैठक सम्पन्न भयो ।

बैठकमा नेमकिपा लुम्बिनी प्रदेश समिति संयोजक हरिसुन्दर बासीले अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिले राष्ट्रिय राजनीतिलाई प्रभाव पार्ने चर्चा गर्दै देशको सार्वभौमसत्ता र जनताको हितको लागि सङ्घर्षलाई थप उचाइमा लानुपर्छ भन्नुभयो ।

साम्राज्यवादी संरा अमेरिकाले इरानका केही नेताहरूलाई मारेर इरानको पेट्रोललगायत सारा खनिज पदार्थ कब्जा गर्न खोजेको तर साम्राज्यवादविरोधी इरानी जनताको प्रतिरोधको कारण संरा अमेरिका भियतनाममा जस्तै उम्कन नसक्ने गरी फस्दै गएको उल्लेख गर्दै उहाँले आजका साम्राज्यवादीहरू हतियार (बुलेट) बाट मात्र होइन, जनमतको आधारमा (ब्यालेटबाट) पनि आइरहेको हुँदा नेपाली जनता अझै बढी सचेत हुनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य मन्जु थारुले निर्वाचनमा शासक दलहरूले जनतालाई राजनीतिक रूपमा सूचित पार्नुभदा जसरी पनि जित्ने नियतले जनतालाई दिग्भ्रमित पार्ने गरेको स्पष्ट पार्नुभयो ।

नेमकिपा बर्दिया जिल्ला समितिका अध्यक्ष हरिलाल न्यौपानेले हाहा र हुहु गरी हावाको भरमा आएको राजनीतिक शक्ति स्थिर नहुने दाबी गर्दै आफ्नो सिद्धान्तमा अडिग हुने जनताले मात्र देश जोगाउन सक्छ भन्नुभयो ।

बैठकमा धर्मराज जैसी आचार्य, सावित्री थापा, थिरबहादुर ओली, पार्वती विष्ट, दिल्ली खड्का, मनबहादुर केसीलगायतले नेमकिपाको नीति र नेतृत्वबारे जनताको अत्यन्त सकारात्मक प्रतिक्रिया पाएको बताउनुभयो ।

**भूअखण्डता...**

देश रहला नरहलाको कुनै चिन्ता हुँदैन ।

विदेशी हस्तक्षेपले द्वन्द्व निम्त्याउँछ । द्वन्द्वले समाज भड्काउँछ र जनता असुरक्षित हुन्छन् । नेपाली भूमिलाई उपयोग गरेर अरु देशमा आतङ्क मच्चाउने, उपद्रो गर्न दिएर आन्तरिक द्वन्द्व बढाउने कुनै पनि विदेशी शक्ति राष्ट्रको चलखेलमा नेपाल सरकार फस्नु हुँदैन । साँच्चै अमेरिकाले नेपाली भूमि उपयोग गरेर तिब्बतमा उपद्रव मच्चायो भने के चीन चुप लागेर बस्छ ? त्यसबेला सुरक्षाको निम्ति चीनले प्रतिकार गऱ्यो भने नेपालको स्थिति के होला ? त्यसबारे सोच्ने कि नसोच्ने ? चिनियाँ राष्ट्रपति सि चिनफिङको पुस्तक जलाइनु के काकताली मात्र हो ? पुस्तकमा रहेको धुलो सफा गरेर के पुस्तक जल्छ ? पुस्तक जलाइरहेको दृश्य सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण भएकै हो । प्राविधिक कारणबस पुस्तक जलेको हो भने पुस्तक जलिरहँदा सरोकारवाला पक्ष किन टुलुटुलु हेरेर बस्यो ? पुस्तक जलाउनु संयोग होइन; प्राविधिक कमजोरी होइन; यो जानाजान भएको कुरा घटनाले पुस्टि गर्छ ।

सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन जल्नु र जलाउनु संयोग होइन; जलाउने नियतले नै आगजनी गरिएको हो । देशकै धरोहर सम्पत्ति जल्दा पनि कहीँ कतैबाट आगो नियन्त्रण गर्ने र आन्दोलनकारीलाई नियन्त्रण गर्न खासै प्रयास भएन । सो घटनाको छानबिन गर्न गठित आयोगले सरकारसमक्ष प्रतिवेदन बुझाइसकेको छ । प्रतिवेदन सार्वजनिक भएको छैन । वर्तमान सरकारले प्रतिवेदन छानबिन गरेर दोषीमाथि कारबाही गर्नुपर्ने हो । तर, वर्तमान सरकारले सोको जिम्मा नयाँ बन्ने सरकारलाई दिने जानकारी प्रकाशमा आएको छ । आयोगले पेस गरेको प्रतिवेदनको आधारमा कारबाही हुन्छ कि हुँदैन ? कारबाही गर्न सरकार लागिपर्छ कि पर्दैन ? प्रतिवेदनमा हाल निर्वाचित सांसदहरू पनि कारबाहीमा परे सरकारले के सजाय गर्ला ? कतै आयोगको प्रतिवेदन सामसुम हुने त होइन ?

यस्तै मुद्दा प्रतिनिधिसभाको पनि छ । प्रतिनिधिसभा पुनर्गठन गर्नुपर्ने रितको कुनै सुनुवाइ भएको छैन । चुनाव घोषणालगत्तै हालेको उजुरीको फैसला होला कि नहोला ? त्यो पनि निश्चित छैन । चुनाव भएर पनि नतिजा आइसक्यो । के अब प्रतिनिधिसभा पुनर्स्थापना होला ? पुनर्स्थापना भयो भने के हुने हो ? राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ । प्रतिनिधिसभा पुनर्स्थापना हुने या नहुने फैसला निर्वाचन हुनुभन्दा अघि या निर्वाचन घोषणा भएलगत्तै भएको भए सबैलाई ढुक्क हुने हो । प्रतिनिधिसभाको मुद्दाको कारबाही कहाँ पुग्यो ? कुनै गाइँगुइँ छैन । तर, मुद्दा परेपछि ढिलो या चाँडो सोको फैसला हुनुपर्छ । निर्वाचनअघि सोको फैसला गर्न कसैले दबाब दिएर रोकेको हो कि !

**शिक्षा...**

उल्लेख गर्दै सचिव सुवालले विद्यालयले नयाँ पुस्तालाई देशभक्तिका गीत गाउने र नाच्ने सिकाएको सकारात्मक पक्ष भएको बताउँदै विद्यालयको प्रगतिको कामना गर्नुभयो । विद्यालयका प्रिन्सिपल अन्जनी ताम्राकारले अभिभावकहरूको समेत सुझाव लिएर नयाँ पुस्तालाई पठनपाठन र अतिरिक्त क्रियाकलापमा जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्ले ग्रुपदेखि कक्षा तीनसम्मका विद्यार्थीले नाचगानसहित आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

**वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।**

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एकक्षण | एक पाठक

# दैनिक समाचारपत्रहरू साहित्यिक रचनाहरूबाट रङ्गियून्

केही दिनदेखि राजनीतिक हानथाप, हुलहुज्जत तथा देश विदेशका खेलकुदका समाचारहरूले युवाहरूलाई उद्वेलित पारिरहेका छन् । यस्ता एकोहोरो प्रचारबाजीले साधारण पाठकलाई नुन नपुगेको दाल तरकारी खाएजस्तो अनुभव भएको छ । पाठकहरू आपसमा छलफल गर्न थालेका छन् कि कुन दैनिक राम्रो, कुनमा नयाँ-नयाँ विषय पढ्न पाइन्छ ? भनेर । सबैले शनिबारको अङ्कको सम्झना गरे तथा सबैले टाउको हल्लाउँदै स्वीकारे ।

तर, एकजना ग्राहकले शनिबार अङ्क कहींकहीं टुट्ने वा नआउनेबारे गुनासो गरे । पानी पर्दा, बाटोमा जाम हुँदा वितरकले ग्राहकहरूतिर पुग्दा १० बजिसक्ने हुँदा पत्रिका नलगे पनि हुने अड्कल गरे होलान् । अरू बारको अङ्क हेरी शनिबार अङ्क मात्रै किन नहेर्ने ? वितरक भाइहरूले साहित्य, जीवनी र अन्य विषय हेरी मनोरञ्जन र जानकारी पाऊन् भनेर नल्याएका पो हुन् कि ? तर, एकजना महाशयले हिजो अस्ति छ-सात कक्षा पढ्ने भाइहरू आज स्नातक र एम.ए. गरेका विद्यार्थी र लेक्चरर भइसकेका हुँदा एकदिन सुस्ताउन र आफ्नो पत्रिकाको आफै पाठक बनेका होलान् भन्ने पनि अड्कल काटे ।

जेहोस् समाचारपत्र समयमै पढ्न पाउनु र देशविदेशको समाचार पढ्दै चियापान गर्दा मनचङ्गा मान्ने र जानकारी राख्न चाहने जिज्ञासु मनलाई शान्त र आनन्द पनि अनुभव हुने भयो । चुरोट र जाँड-रक्सी खाएर अन्य लागू पदार्थ खाएर आनन्द लिनेहरूले भन्दा समाचारपत्र एवम् अन्य पत्रपत्रिका र पुस्तक हेरेर मनोरञ्जन लिने तथा देशविदेशको नयाँ जानकारी लिएर आनन्द लिनेहरू तुलनात्मकरूपले राम्रो पाठक सम्झनु उचित होला भन्ठान्छु - एक ज्येष्ठ नागरिकले प्रकट गरे ।

७ चैतको 'अन्नपूर्ण पोस्ट' को शनिबार अङ्कबारे एक पाठकले 'फुर्सद' पृष्ठको 'विश्व क्यानाभास' मा सांस्कृतिक 'इन्द्रेणी' शीर्षकको गोपीकृष्ण ढुङ्गानाको 'चाडपर्व' कोलममा युरोपको स्पेनको 'बच्चा' माथि उफ्रने वा नाघ्ने, थाइल्यान्डको वर्षको एकपटक 'बाँदरको भोज', जापानको वर्षको एकपटक 'नाकी सुमो' अर्थात् 'बच्चालाई रुवाउने' पर्व र तिब्बतको 'आकाश संस्कार' नेपाल, तिब्बत, भुटान र मङ्गोलियामा पनि मनाउने यो चाड 'तिब्बेती बौद्ध' परम्परामा आधारित रहेछ ।

यसरी विभिन्न देशमा मनाइने पुराना पर्वहरूमा वैज्ञानिक दृष्टिले भन्दा अन्धविश्वास, परम्परा र नेपालको गाईजात्रा वा अन्य पर्वजस्तै फरक-फरक समयदेखि चलिआएको पर्व मानिन्छ ।


अमेरिकामा 'अनौठो सङ्गीत', बेलायतको एक पहाडमा प्रत्येक वर्ष मे महिना ठुलो चीज (धिके नौनी) अर्थात् दुरु खौँ - गुडाएर प्रतिस्पर्धीहरूलाई हानथाप गर्न दिने गर्छन् एक खेलजस्तो । मङ्गोलियामा चिलको प्रतिस्पर्धा र एल साल्भाडोर (मध्य अमेरिकाको एक देश) मा प्रत्येक वर्ष ३१ अगस्टको दिन आगोले पोलेको कपडा वा माटोसँग खेल पर्व मनाउँछन् । त्यस्तै दक्षिण अफ्रिका, अफगानिस्तान, दक्षिण अमेरिका, बोलिभिया आदि देशमा फरक फरक पर्व मनाउने गर्छन् भन्ने बयान पढ्दा अचम्मै लाग्छ । 'कान्तिपुर' को ७ चैतको अङ्क भने झण्डै ४ पृष्ठ त 'कविता अङ्क' जस्तै लाग्यो । अभय श्रेष्ठको 'विश्वका महान कवि'शीर्षकमा मरेपछि नाउँ चलेका र सबैले सम्मान गरेका वाल्ट ह्वीटमान, चिलीको पाब्लो नेरुदा र अमेरिकी एक स्वच्छन्द कवि एलेन गिन्सवर्ग आदिको परिचय र चर्चा गरिएको छ - तर साह्रै छोटकरीमा । बेलायती कवि र नाटककार शेक्स्पीयर, सैलीको 'पश्चिमी हावा' तथा भारतका प्राचीन कवि र महाकाव्यहरूको पनि उल्लेख छ । साँच्चै भनौँ भने एक पुस्तकमा नअटाउने कविहरूका बयान र जीवनी एकतिहाइ पृष्ठबाट पाठकहरूको के धीत मर्ला र !

वासु शशीका 'ईश्वर अब देखा परेनन्', श्रवण मुकारुङको 'ईश्वर मरेको छैन' र अरू पनि कविका कविताहरूले पाठकहरूको मन र मस्तिष्कलाई तान्यो । 'आन्दोलन डोऱ्याउने कविता शीर्षकमा चित्तधर हृदय, हरिभक्त कटुवाल, महानन्द सापकोटा, गोपालप्रसाद रिमाल आदिका साथै चन्द्र गुरुङका 'कवि जसले कविता लेखेर ज्यान दिए' शीर्षकले पनि नयाँ पाठकहरूलाई देशविदेशका पुराना कविहरूको पनि परिचय दिए ।

तर यस 'कथा कविता' को कोलममा सोभियत सङ्घको साहित्य र साहित्यकारहरूको हत्याबारे पूर्णरूपले गलत जानकारी लेखकले दिए । दुईजना महाकविहरूले आत्महत्या गरे सोभियत सङ्घमा, जसको कारण पश्चिमी देशहरू नै जिम्मेवार थिए । यसबारे यहाँ लेखेर टुँगिन्न ।

संयोगले २४ माघको 'राजधानी' को शनिबार अङ्क हात लाग्यो । 'मिठू' को 'कारुणिक कथा' को शीर्षकमा सुनिल उलकको २४ भदौ २०८२ मा दार्जिलिङमा जन्मनुभएका अरुणा लामाको जीवनी साँच्चै कारुणिक छ । कवि र लेखिका इन्दिरा प्रसाईंको 'थप' ले अझ जानकारी दियो । शनिबार अङ्कहरू थप साहित्यिक रचनाहरूबाट सिंचित होस् -यही पाठकहरूको कामना हो ।

**हार्दिक समवेदना**



जन्म
१९९६/०१/०१

निधन
२०८२/११/२९

यस जिल्ला समितिका कोषाध्यक्ष सुमित्रा महतोकी ममतामयी माता रत्ननगर-९ गडौली निवासी **जलिया थरुनी**को असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
**जिल्ला समिति, चितवन**

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३